पछौटेपन उन्मूलन समाज(बेस) - नेपाल
दीर्घकालीन रणनीतिक योजना
(२०११-२०१५)

BES -Nepal
STRATEGIC PLAN
(2011-2015)

ठेगाना :

केन्द्रिय कार्यालय :

बाकामलाङ ९, पाल्पा

सम्पर्क मो : ९७५७००१९९१(अध्यक्ष)

मुख्य परियोजना कार्यालय

विसालबजार, तानसेन, पाल्पा,

सम्पर्क फोन : ०७५५२२७३८ (द्रूत संचारको लागि)

परियोजना फिल्ड कार्यालय :

रामपुर-४, पाल्पा,

सम्पर्क फोन :०७५६९१११५

तथा

रामग्राम न.पा.-१, नवलपरासी,

सम्पर्क फोन : ०७१६८०१७०

इमेल ठेगाना :

bespalpa@yahoo.com

सचेतना संगठन र सवलता : समाजको सकारात्मक परिवर्तनमा सफलता

जि.प्र.का.द.नं.४३/०४९/५० स.क.प.आ.नं. ११५७

पछौटेपन उन्मूलन समाज (बेस)

BACKWARDNESS ERADICATION SOCIETY(BES)

पाल्पा ,उबउिब

चं न.

प.स

मिति : २०६७।११।३०

श्रीमान् .... ज्यू

श्री.....

....

विषय : शुभकामना ।

पछौटेपन उन्मूलन समाज बेस नेपालको ५ वर्षे रणनीतिक योजना निर्माण भएको यस शुरुवद घडीमा निर्माण कार्य मा सहभागी भै योगदान गर्नु हुने सम्पूर्ण संस्थाका पदाधिकारी, सदस्य, कर्मचारी तथा सरोकारवाला, अधिकारवाला, शुभचिन्तक, राजनैतिक दलका प्रतिनिधी ज्यू हरु मा हार्दिक धन्यवाद प्रकट गर्दछु साथ साथै निर्माणका लागी आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुर्‍याउने GCI, प्रशिक्षक तथा ५ वर्षे रणनीतिक योजना निर्माणका लागी विशेष योगदान गर्नु हुने संस्थापक तथा कार्यक्रम निर्देशक श्री शालिकराम पाण्डे ज्यू मा हार्दिक आभार सहित संस्थाको तर्फ बाट धन्यवाद प्रकट गर्दछु । साथ सबल कार्यान्वयन सहित अपेक्षित उपलब्धि हासिल गर्न पक्षमा सबै बाट योगदानको अपेक्षा गर्दै सफलताको शुभकामना व्यक्त गर्दछु

केन्द्रिय कार्यालय : बाकामलाङ–९, परियोजना कार्यालय : रामपुर–४,सम्पर्क– धौवादी १,नेपाल
फोन–०७५–५२००९१ /०७८–५४०२६१ मोवाइल–९८५७०६०१७२ / ९८५७०६०३७४

अध्यक्ष
(बेस नेपाल)

"सचेतना संगठन र सबलता: समाजको सकारात्मक परिवर्तनमा सफलता"

जि.प्र.का द.नं. ४३/०४९/५०
DAO.Reg No. :43/049/50

पछौटेपन उन्मूलन समाज (बेस)

बाकामलाङ-९, पाल्पा

BACKWARDNESS ERADICATION SOCIETY (BES)

Bakamalang-9, Palpa

स.क.प.आ.नं. ११५७
SWC Aff. No. : 1157

मिति : २०६७ चैत्र १ गते

शुभकामना

पछौटेपन उन्मूलन समाज (बेस)–नेपालको सामाजिक सेवामूलक यात्राको करिव दोस्रो दशकतिर अगाडि बढ्दै गर्दा दीर्घकालीन लक्ष्य र योजनासहित आउनु संस्थागत विकासको दृष्टिले पनि कोशेढुंगा सावित हुनु हो ।

विगत सम्झेर पाठ सिक्दै बर्तमानको लेखाजोखा गरेर भविष्यको सही मार्गचित्र कोर्न सकिन्छ । त्यसको लागि क्रियाशील सम्पूर्ण सदस्यहरु स्वयंसेवक तथा कर्मचारीहरुको कर्तव्यनिष्ठताको प्रशंसा गर्दै यस पांच वर्षे दीर्घकालीन रणनीतिक योजनाको अन्तमा निर्धारित सम्पूर्ण लक्ष्यहरु उत्कृष्टताका साथ हांसिल होस् भन्ने कामना गर्दछु ।

.....
भेषबहादुर अधिकारी
का.वा.संयोजक
संस्थागत विकास सल्लाहकार एकाई
(IDA)
बेस–नेपाल

विषय-सूचि

भाग-१ (पृष्ठभूमि)
१.रणनीतिक योजना निर्माण प्रक्रिया
२.संस्थागत परिचय
३.बेसको बर्तमान अवस्था
४.कार्यक्षेत्रको परिचयात्मक विवरण

भाग-२ (संस्थागत विश्लेषण)
१. बेसका हालसम्मका सफल कार्यक्रमहरु र सफलताका कारणहरु
२. संस्थाले गर्न खोजेको तर गर्न नसकेका कामहरु र गर्न नसक्नुका कारणहरु
३. हालसम्मका मुख्य सिकाईहरु
४. संस्थाप्रतिका गुनासाहरु
५. संस्थागत अवस्था विश्लेषण

भाग-३ (परिवेश विश्लेषण)
१. बर्तमान परिवेशको विश्लेषण
२. लक्षित समूहको पहिचान
३. कार्यक्षेत्र
४. लक्षित समुदायको सवाल विश्लेषण
५. सरोकारवाला विश्लेषण
६.सरोकारवालाका मुख्य अपेक्षाहरु

भाग-४ (आवधिक योजनाका रणनीतिहरु)
१. सरोकारवालाहरुको अपेक्षा पुरा गर्ने संस्थागत रणनीतिहरु
२. संस्थागत मूल्य मान्यताहरु
३. संस्थागत परिकल्पना, ध्येय, लक्ष्य तथा उद्देश्यहरु
४. सवालहरुको प्राथमिकीकरण
५. संस्थागत आम्दानीका स्रोतहरु
६. योजना तर्जुमा विधि
७. कार्यक्रम थालनी गर्ने तथा अन्त्य गर्ने रणनीति
८. कार्यक्रमको अनुगमन तथा मूल्यांकन प्रणाली
९. कार्यक्रमको दीगोपनको लागि मुख्य रणनीतिहरु
१०. स्थानीय समुदाय तथा सामुदायिक संस्थाहरुलाई सहयोग गर्ने प्रक्रिया
११. कार्यक्रमका साझेदारहरु
१२. साझेदारीका किसिमहरु
१३. संस्थागत सुदृढीकरण

१४. मानवीय स्रोत विकास
१५. समन्वय प्रक्रियाहरु
१६. संस्थागत व्यवस्थापन सीपहरु
१७. आन्तरिक द्वन्द्व व्यवस्थापन
१८. जोखिम व्यवस्थापन
१९. अभिलेखन तथा प्रतिवेदन, सूचना व्यवस्थापन
२०. रणनीतिक कार्यदिशा

भाग-५ (आवधिक तथा वार्षिक योजना)

१. आगामी पांच वर्षे आवधिक योजना
२. सन् २०११ को लागि प्रस्तावित कार्यक्रमहरु

अनुसूचिहरु :
१. रणनीतिक योजना निर्माण कार्यशालामा सहभागीहरुको नामावली
२. बेसको संस्थागत संरचना :
३. बेसका संस्थापकहरुको विवरण
४.

भाग-१
(पृष्ठभूमि)

१. रणनीतिक योजना निर्माण प्रक्रिया :

पछौटेपन उन्मूलन समाज(बेस) नेपालले २०६७ कार्तिक १२ देखी १४ सम्म संस्थाको फिल्ड कार्यालय रामपुर, पाल्पामा संस्थाको रणनितीक योजना तर्जुमा गोष्ठी आयोजना गरिएको थियो । उक्त गोष्ठीमा प्रकृति तथा समाज विकास नेपाल **(NSD-Nepal)** काठमाडौँका सचिव उद्धवराज सुवेदीले सहजीकरण गर्नु भएको थियो । गोष्ठीमा बेसका कार्यसमितीका पदाधिकारीहरु, संस्थागत विकास सल्लाहकार एकाई, साधारण सदस्य, कर्मचारीहरु, संस्थाका सरोकारवाला तथा अधिकारवालाहरुसहित ३७ जनाको सहभागिता रहेको थियो । तीन दिनसम्म बेसको फिल्ड कार्यालय रामपुर, पाल्पामा आयोजना गरिएको उक्त गोष्ठीमा रणनितीक योजनाको बारेमा सहभागीहरुलाई जानकारी गराउनुका साथै सहभागीहरुको सक्रिय सहभागितामा संस्थाको दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्यहरुको बारेमा छलफल गरी रणनीतिक योजना बनाइएको थियो । यसैगरी संस्थाको सवल पक्ष, कमी कमजोरीहरु र आगामी दिनमा संस्थाले आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिका लागि अप्नाउनु पर्ने रणनीतिहरु र कार्यक्रमहरुको बारेमा पनि छलफल गरी संस्थाको आगामी पाच वर्षको रणनीतिक योजना तयार गरिएको थियो । यसका साथै सरोकारहरुको बिश्लेषण र संस्थाका दिगोपनाका लागि आगामी दिनमा कोष अभिबृद्धीका विभिन्न कार्यक्रमहरु गर्ने बारेमा पनि छलफल गरिएको थियो ।

<u>गोष्ठीका मुख्य उद्देश्यहरु</u>

- रणनितिक योजना तर्जुमा सम्बन्धी अबधारणामा स्पष्टता ल्याउने
- संस्थाको क्षमता बिश्लेषण गर्ने
- संस्थाको रणनीतिक योजना तयार गर्ने ।

कार्यक्रमको पहिलो दिन स्वागत तथा परिचयबाट कार्यक्रमको थालनी गरिएको थियो । सहजकर्ता श्री उद्धवराज सुवेदीले कार्यशालाको उद्देश्य प्रष्ट गर्दै यस कार्यशालाले रणनीतिक योजना के हो भन्ने कुरा सहभागीहरुलाई जानकारी हुनुका साथै संस्थाको पांच वर्षे रणनीतिक योजना तयार हुने कुरा बताउनुभएको थियो । कार्यशालाको सुरुमा स्वागत मन्तब्य व्यक्त गर्दै संस्थाका तत्कालीन कार्यक्रम प्रवन्धक श्री शालिकराम पाण्डेले वि.सं.२०६० सालमा संस्थाको पहिलोपटक रणनीतिक योजना बनेको भए पनि त्यसको महत्व नबुझेको कारण त्यसको कार्यान्वयन हुन नसकेको र यस पटक बन्ने योजना संस्थाको लागि महत्वपूर्ण हुने कुरा बताउनुभयो । बेसका अध्यक्ष श्री गोबिन्दप्रसाद पाण्डेले कार्यशालामा उपस्थित संस्थाका सदस्य तथा कर्मचारी एवं सरोकारवाला र अधिकारवालाहरुबाट मन खोलेर यस कार्यशालामा आ-आफ्नो सुझावहरु राखिदिन अनुरोध गर्नुभयो । कार्यशाला गोष्ठीको अध्यक्षता संस्थाका अध्यक्ष श्री गोविन्दप्रसाद पाण्डेले गर्नुभएको थियो ।

२. संस्थागत परिचय :

२.१.संस्था स्थापना :

वि.सं.२०३८ सालमा बाकामलाङ गाबिस वार्ड नं.३ निवासी शालिकराम पाण्डे पाल्पाकै रामपुरस्थित श्री रामतुल्सी मा.वि.मा कक्षा ८ मा पढ्थे । त्यसबेला मा.वि.मा समेत स्वतन्त्र विद्यार्थी युनियन थियो । युनियनमा काम गर्ने क्रान्तिचेत बोकेका युवाहरुको सारसंगतमा शालिकराम पाण्डे पनि थिए । उनले गाउं फर्केको

बेलामा विद्यार्थी कल्याण संघ नामको संस्था बनाएर केही विद्यार्थी साथीहरुलाई आवद्ध गरे । तर त्यो त्यसै बिलाएर गयो । पछि वि.सं.२०४० सालमा उनकै अगुवाईमा ग्रामीण विकास युवाक्लबको गठन गरियो । बाकामलाङ गाविसकै वार्ड नं.३ मा स्थापित यो क्लबमा गाउंका १५ जना जति युवाहरु सक्रिय थिए । युवाक्लबले वातावरण संरक्षणका लागि खोरिया फांड्ने कामको विरोध गर्दा पञ्चायत व्यवस्थाका केही व्यक्तिहरुको उक्साहटमा एकदिन वार्षिकोत्सव मनाउंदै गरेको बेला क्लबका युवाहरु माथि हमला भयो । त्यो आक्रमणमा केही युवाहरुले पिटाइ समेत खाए । पछि कुटपिटको मुद्दा समेत चल्यो । पञ्चायतका पृष्ठपोषकहरुबाट युवाहरुलाई दर्ता नगरी संस्था चलाएको भन्दै झ्यालखानामा हाल्ने समेत चेतावनी दिएपछि संस्थामा युवाहरु निस्क्रिय भए ।

शालिकराम पाण्डे अध्ययनको शिलशिलामा काठमाण्डौमा थिए । २०४६ सालको आन्दोलनपछि आएको खुल्ला वातावरणमा सामाजिक विकास संस्थाहरु धमाधम खुलेको देखे । संस्थामा काम गर्ने पहिलेको धोको पनि बांकी थियो । एकदिन शालिकराम पाण्डे काठमाण्डौमै बसेर पढ्दै गरेका बाकामलाङका अर्का व्यक्ति चेमनप्रकाश पोखरेलसंग संस्था गठन गर्ने प्रस्ताव लिएर गए । त्यसबेला शालिकराम पाण्डेकी श्रीमती सिता देवकोटा(पाण्डे) समेत काठमाण्डौमा थिइन् । यसैबिच एकदिन तत्कालीन सांसद श्री कालुराम राना (जो बाकामलाङकै निवासी थिए) संग यस विषयमा छलफल भएपछि दशैंको फूलपातेका दिन संस्थाको विधिवत उद्घाटन गर्ने कार्यक्रम तय भयो ।

काठमाण्डौ बस्ने तिनै व्यक्तित्वहरु गाउं फर्केर वि.सं.२०४९ साल असौज १६ गते फूलपाती अर्थात सप्तमीका दिन कार्यक्रम राखियो । यस कार्यक्रमको आयोजक शालिकराम पाण्डे र चेमनप्रकाश पोखरेल थिए भने सिता देवकोटा (पाण्डे) सहयोगी र सांसद कालुराम राना प्रमुख अतिथी हुनुहुन्थ्यो । हालको राधाकृष्ण मा.वि.को कोठामा चेमनप्रकाश पोखरेलले सहभागीहरुलाई स्वागत गर्नुभयो भने शालिकराम पाण्डेले संस्था गठनको औचित्य सम्बन्धी कार्यपत्र पेश गर्नुभयो । त्यसबेला प्रस्तुत कार्यपत्रमा संस्था गठनको औचित्य बाकामलाङबाट बाहिर रहेका व्यक्तिहरुलाई गाविसको शैक्षिक विकासमा संलग्न गर्ने थियो । यसका साथै गाविसभित्र क्रियाशील एस्.एल.सि.पास गरेका शिक्षित युवाहरुलाई संगठित गरी रकम संकलन गर्ने र छात्रबृत्ति वितरणका साथै शैक्षिक क्रियाकलापहरु संचालन गर्ने पनि थियो । त्यसैकारण संस्थाको नाम अनुसार त्यसबेला एस्.एल्.सी.उत्तीर्ण व्यक्तिहरु मात्र संस्थाका सदस्य थिए । संस्था गठन गर्ने सहमति भएपछि माननीय सांसद श्री कालुराम रानाले बाकामलाङ शिक्षित समाज (बेस) नामको संस्थाको उद्घाटन मैनबत्ति बालेर गर्नुभयो । त्यसबेला बनेको कार्यसमितिका अध्यक्ष डांसुराज पोखरेल थिए । यस्तैगरी संस्थापक सल्लाहकारहरुमा शालिकराम पाण्डे, चेमनप्रकाश पोखरेल तथा सिता देवकोटा(पाण्डे) हुनुहुन्थ्यो । उपाध्यक्षमा स्व.ध्रुबराज पाण्डे, सचिव स्व.नेत्रनारायण श्रेष्ठ, कोषाध्यक्ष विष्णुदेवी पाण्डे, उपसचिव रितुराम थापा तथा सदस्यहरु भिमबहादुर अधिकारी, नारायण प्रसाद पोखरेल, रिखुलाल राना, भिमबहादुर लामिछाने, खिपिराम राना तथा देवकुमारी राना हुनुहन्थ्यो ।
गठित कार्यसमिति सक्रिय नरहेपछि ध्रुबराज पाण्डेको अध्यक्षतामा पुन : कार्यसमितिको पुनर्गठन गरियो । यस समितिले संस्थाको विधान निर्माण गर्ने र दर्ता गर्ने कार्य तदारुकताका साथ सम्पन्न गर्‍यो । यसरी बेस वि.सं.२०५०/०१/२८ गते जिल्ला प्रशासन कार्यालय पाल्पामा दर्ता (द.नं.–४३) भयो । यसै सालमा बेसलाई समाज कल्याण परिषदमा मिति २०५०/०३/०६ मा आवद्ध (आ.नं–११५७) गरियो । वि.सं.२०५१ सालमा बेस गैसस महासंघको पाल्पा जिल्लाको सम्पर्क संस्थाकोरुपमा रही दुई वर्षसम्म काम गर्‍यो । वि.सं.२०५४ सालमा यस संस्थाको नाम परिवर्तन गरी पछौटेपन उन्मूलन समाज (बेस) राखियो । त्यसै वर्ष संस्थाको पहिलोपटक परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य निर्माण भयो । यस अघि पुलपुलेसा, बाटाघाटो बनाउने, वृक्षारोपण गर्ने, समुदायका बादविवादमा मध्यस्थता गर्ने जस्ता विभिन्न क्रियाकलापहरुमा छरिएका बेसका कार्यक्रमहरु यसपछि बालबालिका, महिला, दलित तथा विपन्न समुदायमा केन्द्रित भयो । यिनै रोमाञ्चक यात्राका

डोबहरुलाई घटनाक्रममा आधारमा कालखण्डमा विभाजन गर्दा बेसको संस्थागत यात्रालाई चार चरणमा बांडेर हेर्ने गरिएको छ ।

२.२.पहिलो चरण (२०४९-२०५३) :

यो अवधि संस्थाको गठनको अवधि हो । यस अवधिमा संस्थाको दर्ता गरी बैधानिकता प्राप्त गर्ने कालखण्डकारुपमा यसलाई लिने गरिन्छ । व्यवसायिक र अनुभवी व्यक्तिहरुबाट नभएर काम गर्दै सिक्दै गर्ने सिकारु युवाहरुबाट थालिएको संस्थाको यो अवधि परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य तथा मूल्य मान्यताका हिसावले अस्पष्ट थियो । तै पनि यस अवधिमा गाविसमा रहेका अन्य संस्थाहरु(युवाक्लबहरु) भन्दा प्रतिष्ठित र अन्य गाविसहरुमा समेत परिचित बन्दै गरेको संस्थाकोरुपमा रहेको थियो । त्यस समय रेडबार्नाको बालकेन्द्रित कार्यक्रम यस क्षेत्रमा फेजआउटको अवस्थामा थियो । संस्था गठन हुनुमा त्यस संस्थाको अप्रत्यक्ष प्रेरणा रहेको थियो । त्यसबेला संस्था गठन भएपछि अन्य गाविसका युवाक्लबहरु सरह यस संस्थाले पनि रेडबार्नाका क्षमता विकासका तालीमहरु प्राप्त गर्‍यो । यसका साथै रेडबार्नाबाट संचालित अनौपचारिक शिक्षा कार्यक्रमहरु संचालन गर्ने जिम्मेवारी प्राप्त गर्‍यो । यसबाहेक बालमुखी कार्यक्रमका अन्य क्रियाकलापहरुको जिम्मेवारी समेत प्राप्त गर्‍यो ।

यसै अवधिमा संस्थाले निजि घरको एउटा कोठामा कार्यालय स्थापना गरेर संस्थागत क्रियाकलापहरु संचालन गर्‍यो । त्यसबेला रु ८०।०० मासिक पारिश्रमिक दिएर अल्पकालीन कर्मचारीको व्यवस्था गरिएको र बिहान र सांझ कार्यालय खोल्ने प्रवन्ध मिलाइएको थियो । रेडबार्नाबाट त्यसबेला सहल्कोट गाविसको आनन्दभञ्ज्याङ भन्ने ठाउंमा ठूलो बालमेलाको आयोजना गरेको थियो । त्यस मेलामा बेसले संस्थागत पहिचानका लागि एउटा स्टल राख्यो । यस कार्यले बेसलाई अन्य गाविस तथा सरोकारवालाहरुलाई चिनाउन ठूलो सहयोग पुर्‍यायो । यसै स्टलबाट रेडियो नेपालका बाल कार्यक्रम संचालक बासु रिमालले संस्थाको परिचय रेकर्ड गरी प्रशारण गर्नुभयो । मिडियामा बेसको बारेमा प्रशारण भएको यो नै पहिलो घटना थियो ।

यस अवधिमा बेसले नेपाल वातावरण पत्रकार समूहको व्यवस्थापनमा यु.एन.डि.पि.को वातावरणीय साना सहयोग कार्यक्रम मार्फत रु ५० हजार भन्दा बढीको खानेपानी मुहान संरक्षण कार्यक्रम प्राप्त भयो । कम अनुभवका कारण यो कार्यक्रम त्यति व्यवस्थितरुपमा संचालन हुन सकेन । तर करिव रु तीनहजारको सेरोफेरोमा बजेट भएको संस्थालाई त्यत्रो बजेट प्राप्त हुनु ठूलो घटना थियो । यस कार्यक्रमले संस्थालाई कार्यक्रमको व्यवस्थापकीय पक्षमा धेरै अनुभवहरु दिलायो । यस अवधिमा संस्थाले चन्दा संकलन गरी खोलामा काठेपुल बनाउने, विद्यालयलाई फर्निचर दिने, विवादको मध्यस्थता गर्ने, बाटो बनाउने, उत्कृष्ट विद्यार्थी तथा व्यक्तित्वहरुलाई पुरस्कारहरु दिने, वृक्षारोपण गर्ने जस्ता अनेक कार्यक्रमहरु संचालन गर्‍यो । यसै अवधिमा संस्थाले गाविस भन्दा बाहिरका संघ संस्थाहरु, गैसस महासंघ, सामुहिक अभियान आदि संस्थाहरुसंग सम्बन्ध स्थापित गर्ने अवसर प्राप्त गर्‍यो । यसै अवधिमा संस्थाले सेवा नामक मुखपत्र प्रकाशन गर्नु पनि एउटा महत्वपूर्ण घटनाकोरुपमा लिन सकिन्छ । यो अवधिलाई संस्थाको गठन तथा बाह्य सम्बन्ध स्थापित गर्ने कालखण्डकोरुपमा लिइएको छ ।

२.३.दोस्रो चरण(२०५४-२०५६) :

सामुहिक अभियान संस्थाको राष्ट्रिय स्वयंसेवक कार्यक्रमको स्थानीयतहमा साझेदारी गर्ने मौका बेसले प्राप्त गरेपछि संस्थागत विकासमा बेसले धेरै कुरा सिक्ने मौका पायो । यसै अवधिमा बेसले समाजकल्याण परिषदबाट रु ५० हजारको लागतमा विद्यालय भवन समेत बनाउन सफल भयो । यस संस्थाबाट बाह्य र आन्तरिक गरी दुई जना स्वयंसेवक कर्मचारीको व्यवस्था भएको र फिल्डमा समेत सामुदायिक सचेतना र जनकेन्द्रित विकासको अभ्यास गर्ने कार्यक्रम भएको हुंदा यसबाट धेरै कुरा संस्थाका सदस्यहरुले सिके ।

सामुहिक अभियानबाट १० दिनको संस्था व्यवस्थापन तालीम, रेडबार्नाबाट १२ दिनको नेतृत्व विकास तालीम तथा समाजकल्याण परिषदबाट प्राप्त १५ दिनको परियोजना तर्जुमा सम्बन्धी प्रशिक्षक प्रशिक्षण बेसको इतिहासमा क्षमता विकासका लागि महत्वपूर्ण अवसरहरु थिए । यी तालीमहरुले अन्य संस्थाहरुसंग संगत गर्ने तथा सम्बन्ध बढाउने मौका पनि प्राप्त भयो । रेडबार्नाबाट यसै अवधिमा संस्था अवलोकन भ्रमणहरुमा संस्थाका सदस्यहरुलाई समेत दुई दुई पटकसम्म सहभागी बनाएकोले अन्य संस्थाका क्रियाकलापहरु तथा संस्थागत विकासका तौरतरिकाहरु सिक्ने ठूलो मौका यस संस्थाले प्राप्त गर्न सफल भयो ।

यिनै अनुभवहरुको आधारमा बेसले आफ्नो नामलाई सांघुरो महसुस गर्‍यो र लक्ष्य उद्देश्य किटान गरेर काम गर्नुपर्ने महसुस गर्‍यो । वि.सं.२०५४ सालमा बाकामलाङ शिक्षित समाजबाट पछौटेपन उन्मूलन समाज हुने गरी नाम परिवर्तन भयो । यसका साथै संस्थाले आफ्नो स्पष्ट मूल्य मान्यता तथा लक्ष्यको निर्माण गर्‍यो । लक्षित समुदायको पहिचान गर्दै अबदेखि बालबालिका, महिला, दलित तथा पछि पारिएका समुदायमा काम गर्ने निधोमा पुग्यो । संस्थामा जिम्मेवारी विभाजन गरिनुका साथै दर्छाको गण्डकीढीक बोटेगाउंमा संस्थागत पहलमै बचत समूहको प्रवर्द्धन गर्दै परियोजनागत कामको अभ्यास गर्न थाल्यो । राष्ट्रिय स्वयंसेवक कार्यक्रमको स्थानीयतहमा व्यवस्थापक समेत भएको कारण यसबाट समेत परियोजना संचालनमा धेरै अनुभवहरु प्राप्त भए । तसर्थ यो अवधि संस्थाको नाम परिवर्तन, परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य निर्माणका साथै परियोजना संचालनको थालनी भएको अवधिकोरुपमा लिने गरिएको छ ।

२.४.तेस्रो चरण(२०५७-२०६०) :

यो कालखण्डको प्रारम्भ बालक्लब सहयोग कार्यक्रमको कार्यान्वयनबाट भयो । पहिलोपटक चारवटा गाविसमा सुरु भएको यो कार्यक्रममा चारजना बालक्लब सहजकर्ताहरु पूर्णकालीन र कार्यक्रम संयोजक अल्पकालीनरुपमा क्रियाशील थिए । यो कार्यक्रमले गाविसभन्दा बाहिर समेत कर्मचारी राखेर काम गर्ने मौका दिएको थियो । स्थानीय संस्थाहरुसंगको नेटवर्किङबाट सञ्चालन गर्नु पर्ने यो कार्यक्रमले नेटवर्कमा रहेर काम गर्ने अनुभव समेत दियो । नेटवर्कमा काम गर्न पर्दा कर्मचारीहरु आफ्नै संस्थाप्रति उत्तरदायी हुने र काम नगर्ने परिपाटी बढेर गएपछि संस्थाले सबै कर्मचारीहरुलाई अवकास दिएर कार्यक्रमलाई पूर्णरुपमा नियन्त्रणमा लियो र आंफै कार्यक्रमको व्यवस्थापन गर्न थाल्यो । यसबाट अन्य संस्थाहरुसंगको सम्बन्ध चिसिए पनि अन्तत्वगत्वा बेसले कार्यक्रमलाई सफलतापूर्वक अगाडि बढायो ।

यसै अवधिमा संस्थाले गाविसले खरिद गरी उपलब्ध गराएको बाकामलाङ गाविस वार्ड नं.९ मा ओकेबाजीको आर्थिक सहयोग समेतमा आफ्नै भवन तयार गरी कार्यालय व्यवस्थितरुपमा संचालन गर्न थाल्यो । यसै अवधिमा बेस बचत तथा रीन सहकारी संस्था समेत प्रवर्द्धन गरियो र संचालन हुन थाल्यो । कार्यालय बनेपछि कार्यालयमा बस्ने छलफल गर्ने, सम्पर्क समन्वयका कामहरु गर्ने प्रबृत्ति बढेर गयो । संस्थाका सदस्यहरुबाट संस्थागत स्वमूल्यांकन गर्ने, संस्थागत विकासका लागि कार्यक्रमहरु बनाउने, परियोजना प्रस्ताव लेख्ने र पेश गर्ने, गाविसको क्षमता विकास गर्ने, गाविसको योजना तथा लेखाको अनुगमन गर्ने कार्यबाट बेस त्यसबेला स्थानीयतहमा चर्चित बन्न थाल्यो । यसका साथै स्थानीय महिला समूहको सशक्तिकरण गर्ने, महिला समूहमा एबिसि नेपाल, समाज कल्याण परिषदबाट समेत प्राप्त अनुदान लगानी गर्ने जस्ता कार्यक्रमहरु थुप्रै संचालन भए । यसै अवधिमा बेसले वन संरक्षण तथा व्यवस्थापनमा समेत सीप विकास गर्ने तालीमहरु पाउनुका साथै बाकामलाङमा सामुदायिक वन विकासको लागि सहजीकरण गर्ने कार्य समेत गरेको थियो । त्यसबेला बेसले करिव ६० भन्दा बढी बालक्लबहरुको परिचालन गर्न सक्षम भएको थियो । बालबालिकाको हकहितका लागि कार्यरत संस्थाकोरुपमा बेसको छवि बाहिर आउन थाल्यो । त्यसैले यो कालखण्ड परियोजना संचालनको अनुभव, आफ्नै कार्यालय भवन निर्माण तथा संघ संस्था समूहको व्यवस्थापन तथा परिचालन, सार्वजनिक सरोकारका सवालहरुमा पैरवीका हिसावले एउटा महत्वपूर्ण कालखण्ड बनेको छ ।

२.५.चौथो चरण (२०६१-हालसम्म) :

नेपालमा यसै समय द्वन्द्वले आफ्नो प्रभाव बढाउंदै लगेको अवस्था थियो । द्वन्द्वबाट बालबालिका समेत प्रभावित बन्न थालेको अवस्थामा सेभ द चिल्ड्रेन नर्वेबाट ससस्त्र द्वन्द्वमा बालबालिका कार्यक्रम **(CIAC)** संचालन भयो । बेस यसको साझेदार संस्था बन्ने मौका पायो । कार्यक्रम पाल्पाका रामपुर लगायतका थप गाविसहरु र पहिलोपटक नवलपरासीका तीन गाविसमा समेत संचालन भयो । कार्यक्रममा पूर्णकालीन कार्यक्रम संयोजकको व्यवस्था भएपछि कार्यक्रम व्यवस्थितरुपमा संचालन हुन थाल्यो । कार्यक्रम शिक्षामा केन्द्रित हुंदै गयो । बेसको परियोजना कार्यालय रामपुरबाट संचालन भयो । करिव सातलाखको बजेट १७ लाखको सेरोफेरोमा पुग्यो । यसबाट जिल्लातहमा बेसको पहिचान बन्दै जान थाल्यो । बेसले गाविसबाट प्रदान गरिएको करिव साढेदुई रोपनी जग्गामा आफ्नो कार्यालय भवन निर्माण गर्‍यो ।

यसै अवधिमा द्वन्द्वरत विद्रोहीपक्षको प्रभाव जिल्लामा समेत व्यापकरुपमा पर्न थाल्यो । बित्तिय संस्थाहरु, गैससहरु, सरकारी सुरक्षा तथा अन्य सेवाप्रदायक कार्यालयहरु सदरमुकाम केन्द्रित हुन थाले । तर बेसका गतिविधिहरु निर्वाध संचालन भयो । बालअधिकारको पक्षपातीकोरुपमा संस्थालाई चिनाउंदै गाउंमा क्रियाशील भइरह्यो । यसै अवधिमा बेसले एचआई नेपालसंगको साझेदारीमा अपांगता पुनर्स्थापना कार्यक्रम तथा युएनडिपिको सहयोगमा शान्तिको बाटोमा कार्यक्रमहरु संचालन गर्‍यो । यस कार्यक्रमले बेसलाई मानवअधिकारवादी संस्थाकोरुपमा पहिचान बनायो । यसै अवधिमा द्वन्द्वका कारण बेसको बाकामलाङस्थित केन्द्रिय कार्यालय दुई पटकसम्म गरी करिव छ महिनासम्म बन्द गराइयो । तर रामपुरबाट नयां रणनीति तय गरी परियोजनाका कामहरु भने संचालन भइरहे ।

सन् २००५ देखि एचआई नेपालसंगको साझेदारीमा पाल्पा जिल्लाका ६ वटा गाविसहरुमा अपांगता पुनर्स्थापना कार्यक्रम संचालन भयो । यस कार्यक्रम मार्फत संस्थामा अपांगताको सवाल मूलप्रवाहीकण भयो । यसै कार्यक्रमबाट संस्थामा सक्षम मानवस्रोतको विकास, अपांगतामैत्री नीति नियमावलीहरुको निर्माण गर्ने वातावरण तयार भयो । सन् २००६ देखि बेस बालबालिकाको लागि संयुक्त अभियानमा आवद्ध हुनुका साथै यसको पदीय नेतृत्व बेसबाट भयो । अभियानले जिल्ला सदरमुकाम तानसेनमा परियोजना कार्यालय स्थापना गर्‍यो । बालबालिकाको लागि काम गर्ने संस्थाहरुको नेटवर्किङबाट जिल्लामा अभियानका सबै सदस्य संस्थाहरुको दह्रो उपस्थिती देखिन थाल्यो । जिल्लामा सबै संस्थाहरुको पहिचान निर्माण गर्न यसले ठूलो मद्दत पुर्‍यायो । साथै यसबाट बेसलाई समेत बालअधिकारकर्मी संस्थाकोरुपमा सरोकारवालाहरुलाई चिनाउने मौका प्राप्त भयो । रुम टू रिडको साझेदारीमा पाल्पा जिल्लामा सन् २००८ देखि विद्यालयमा पुस्तकालय कार्यक्रम संचालन गर्ने अवसर बेसलाई प्राप्त भयो । शिक्षा कार्यालय तथा अभियानका अन्य सदस्य संस्थाहरुको सहकार्यमा बेसले यस कार्यक्रमलाई स्रोतकेन्द्रतहबाट कार्यान्वयनको थालनी गर्‍यो । सरकारी निकायसंगको सहकार्यमा संचालन गरिएको यो कार्यक्रमले समेत संस्थाले संचालन गरेको गुणस्तरीय शिक्षा कार्यक्रमलाई मद्दत पुर्‍यायो । सन् २००९ मा बेसले नवलपरासीका दक्षिणक्षेत्रका तराईका गाविसहरुमा कार्यक्रम बिस्तार गर्‍यो । यसै कार्यक्रमको थालनीसंगै रामपुरबाट संचालन भइरहेको परियोजना कार्यालय तानसेनबाट संचालन भयो ।

यस वर्ष संस्थागत विकासको इतिहासमा केही महत्वपूर्ण कामहरु भएका छन् । संस्थाको स्व.मूल्यांकन गरी कार्ययोजना निर्माण हुनु, अनुगमन तथा मूल्यांकन सम्बन्धी क्षमता विकास कार्यशाला तथा पहिलोपटक व्यवस्थितरुपमा संस्थाको पांच वर्षे रणनीतिक योजना तयारी हुनु यस वर्षको महत्वपूर्ण घटना भएको छ । यसका अलावा संस्थाका बोर्ड सदस्यहरुबाट नवलपरासीको फिल्ड भ्रमण हुनु र सुस्तामा श्रमशिविर सहित कार्यसमितिको बैठक बसी सुस्ता बचाउ आन्दोलनको पक्षमा ऐक्यबद्धता प्रकट गरिनु यसवर्षको थप संस्थागत

उपलब्धी हो । यस्तैगरी सेवा मुखपत्रको नियमितताका साथै संस्थागत निर्देशिकाहरु तयारी गरी प्रकाशन गरिनु अर्को महत्पूर्ण घटनाकोरुपमा रहेको छ ।

२.६. Wall of wonder :

बेसको इतिहास लेखनको सन्दर्भमा यसको बार्षिक घटनाहरुको अभिलेखन गरिएको इतिहास (**wall of wonder**) यहाँ प्रस्तुत गरिएको छ । यसबाट समेत बेसका पदचापहरुको चिनारी दिन सजिलो हुने र कालक्रम स्पष्ट हुने विश्वास गरिएको छ ।

साल महिना तथा गते	मुख्य घटनाहरु
२०४९ भदौ	काठमाण्डौमा संस्था गठन गर्ने सल्लाह
२०४९ असौज १६ गते	संस्था गठन
२०४९ पौष	संस्थाको निस्क्रियताको कारण कार्य समितिको पुनर्गठन
२०५०	बैशाख २८ गते संस्था जि.प्र.का.मा दर्ता । समाज कल्याण परिषदमा समेत यसै वर्षको जेठमा संस्था आवद्धता । कार्तिक ६ गते मतदान समेत भएको पहिलो अधिवेशन । यसै वर्ष हातेमालो बालमेलामा संस्थाबाट स्टल राखी संस्थागत क्रियाकलापको प्रदर्शन ।
२०५१ माघ १५ गते	गैसस महासंघको सदस्यता लिएको(पाल्पाको पहिलो सदस्य संस्था)
२०५१	यु.एन.डि.पि.को आर्थिक सहयोगमा खानेपानी मुहान संरक्षण कार्यक्रम संचालन । सेवा बुलेटीनको प्रथम प्रकाशन ।
२०५१ देखि २०५३ सम्म	संस्थामा बैठकको कोरम नपुग्ने तथा सदस्यहरुबीच विवाद सिर्जना ।
२०५४ असौज ११ गते	साधारणसभाबाट संस्थाको नाम र विधान परिवर्तन । भिएमजिओको निर्माण । बेस बचत तथा रीन सहकारी स्थापना । सामुहिक अभियानसंगको साझेदारीमा राष्ट्रिय स्वयंसेवक कार्यक्रमको स्थानीय सहयोगी संस्थामा बेस छनौट तथा सहकार्य ।
२०५५	सामुहिक अभियानबाट दिएको संस्थागत विकास तालीममा संस्थाका ३ जना सदस्यहरु सहभागी । सुनगाभा बाल साहित्य पत्रिकाको प्रकाशन थालनी । तत्कालीन रेडबार्ना (हाल सेभ द चिल्ड्रेन) बाट आयोजित १२ दिने नेतृत्व विकास तालीममा बेसका तत्कालीन अध्यक्ष सहभागी ।
२०५६ मंसिर ४ गते	राज्यमन्त्री कमला पन्तबाट अन्तराष्ट्रिय बालअधिकार दिवसको कार्यक्रमको उद्घाटन
२०५७	बाकामलाङस्थित बेसको आफ्नै कार्यालय भवन निर्माण
२०५८	बालबालिका सम्बन्धी प्रथम रामपुर घोषणापत्र जारी ।
२०५९	एचआई नेपालसंग अपांगता सम्बन्धी कार्यक्रम संचालन गर्ने साझेदारी सुरु
२०६०	पहिलोचोटी नवलपरासीमा समेत कार्यक्रमको थालनी । संस्थाको कार्यालयमै मेस संचालन । पहिलोचोटी पाल्पामा समेत कार्यक्षेत्र बिस्तार । कार्यक्रम संयोजकसहित व्यवस्थितरुपमा कार्यक्रम संचालन ।
२०६१	रामपुरमा बेसको कार्यालय संचालन । यु.एन.डि.पि.संगको साझेदारीमा शान्तिको बाटोमा कार्यक्रम संचालन । रामपुरमा गाविसबाट संस्थालाई घडेरीका लागि जग्गा प्राप्त । बेसको कार्यालयमा तत्कालीन विद्रोहीपक्षबाट स्वीकृति नलिई कार्यक्रम गरेको भन्दै ६ महिनासम्म तालाबन्दी ।
२०६२	रामपुरमा संस्थाको कार्यालय भवन निर्माण ।
२०६३	बालबालिकाको लागि संयुक्त अभियान निर्माणको अभ्यास ।
२०६४	बालबालिकाको लागि संयुक्त अभियान स्थापना । तीन संस्थाको अनौपचारिक

	नेटवर्कमा बेसका प्रमुख कार्यक्रम संयोजक कार्यक्रम प्रवन्धककारुपमा काज सरुवा भई कार्य संचालन । शिक्षा मन्त्रालयबाट बेसका पूर्व अध्यक्ष शालिकराम पाण्डे प्रशंसित ।
२०६५	संस्थागत सत्संग यात्रा तथा तालीम भिडिआरसि गैंडाकोट, नवलपरासीको दक्षिण तराईका गाविसमा कार्यक्रम थालनी । रुम टू रिडसंग विद्यालयमा पुस्तकालय कार्यक्रमको लागि साझेदारी र कार्यक्रमको थालनी ।
२०६६	नवलपरासीको परासबजारमा फिल्ड कार्यालय स्थापना ।
२०६७	संस्था विश्लेषण, संस्थागत रणनीतिक योजना निर्माण, नियमावलीहरुको निर्माण तथा कार्यान्वयन, संस्थागत सत्संग यात्रा, एचआईसंगको साझेदारी अन्त्य

३) बेसको बर्तमान अवस्था :

३.१.कार्यालय भवन :

बेसको पाल्पा जिल्लाको सदूरपूर्वस्थित बाकामलाङ गाविसमा हाल एक हलसहित ५ वटा कोठा भएको कार्यालय भवन रहेको छ । यस भवनमा तालीम तथा संस्थागत भेलाहरु आयोजना हुंदा खान बस्न मिल्ने व्यवस्था गरिएको छ । हाल यस भवनमा संस्थाको केन्द्रिय कार्यालय संचालनमा रहेको छ । यस्तैगरी पाल्पा जिल्लाकै रामपुर गाविसमा करिव साढे दुई रोपनी जग्गामा बेसको हल सहित ३ कोठाको पक्की भवन रहेको छ । यस भवनलाई हाल बेसले फिल्ड अफिसकोरुपमा प्रयोग गरिरहेको छ । यसका साथै पाल्पा जिल्लाको तानसेन बजारमा ४ कोठे भवनमा संस्थाको परियोजना कार्यालय तथा नवलपरासी जिल्लाको सदरमुकाम परासीबजारमा दुई कोठामा भाडामा लिएर संस्थाले फिल्ड कार्यालय संचालन गरिरहेको छ ।

३.२.उपकरण तथा सामग्रीहरु

बेसमा मुख्यरुपमा ४ वटा ल्यापटप ४ वटा डेस्कटप कम्प्युटर, दुईवटा डिजिटल क्यामेरा, एक स्क्यान मेसिन, एक फ्याक्स मेसिन रहेका छन् । सबैकोठा तथा तालिम कक्षमा आवश्यक पर्ने सबै प्रकारका फर्निचरहरू र आवासीय सुविधाका लागि बाकामलाङस्थित कार्यालयमा लुगा कपडाहरू पर्याप्त मात्रामा व्यवस्था गरेको छ । त्यसैगरी तालिम तथा गोष्ठीका लागि आवश्यक पर्ने ओभरहेड प्रोजेक्टर, एल सि डि प्रोजेक्टरको व्यवस्था गरिएको छ ।

३.३.सूचना तथा संचार व्यवस्था

बेसका तानसेन, रामपुर तथा नवलपरासी कार्यालयहरुमा इन्टरनेट सेवा जोडिएकोले सूचना प्रवाहमा सहजता आएको छ । संस्थाका सदस्य, कर्मचारी तथा सरोकारवाला निकायहरुको सम्पर्क फोनहरु संकलन गर्ने कार्य सकिएको छ । पाल्पाको रामपुर तथा नवलपरासीको परासीबजारमा आयोजित महोत्सवमा संस्थागत गतिविधि झल्कने स्टल राखी संस्थागत गतिविधिको जानकारी दिने तथा मत सर्वेक्षण गरी संस्थागत पृष्ठपोषण संकलन गर्ने कार्यले संस्थाप्रति समुदायको पहिचान बढाएको छ । सेवा वाषिक मुखपत्रको नियमित प्रकाशन थालिएको छ । संस्थाबाट संस्थागत परिचयसहित क्यालेन्डर प्रकाशन गरी संस्थागत पहिचान अभिबृद्धि गर्ने कार्य भएको छ । संस्थागत नीति नियमहरुको जानकारी सबै कर्मचारी तथा सदस्यहरुलाई दिनका लागि नियमावलीहरुको संकलन गरी प्रकाशन तथा वितरण गरिएको छ । वार्षिक साधारणसभामा संस्थाले गत वर्ष सम्पन्न गरेका कार्यक्रम र त्यसका प्रगतिहरुको पर्चा बनाई सबै सरोकारवालाहरु समक्ष वितरण गरिनुका साथै साधारणसभामा संस्थाका आर्थिक तथा कार्यक्रमगत प्रगति तथा आगामी वर्षका प्रस्तावित कार्यक्रम र बजेटहरु सार्वजनिक गर्न पुस्तिका बनाई वितरण गरिएको छ । यसबाहेक संस्थाका ब्रोसरहरु नियमितरुपमा वितरण गर्दै संस्थाको बारेमा सरोकारवालाहरुलाई जानकारी दिनुका साथै रेडियो तथा टेलीभिजनहरुमा संस्थागत क्रियाकलापहरु प्रशारण गर्ने कार्य समेत भएको छ । गत वर्ष राखिएको प्रस्तावित कार्यक्रममा

वेभसाइट खोल्ने कार्य भने हुन सकेन । यसका साथै यस वर्ष संस्थागत समीक्षा सदस्यहरुको अनुपस्थितीको कारण सन्तोषजनकरुपमा हुन सकेन ।

३.४.नीतिगत व्यवस्था :

यस वर्ष बेसबाट मानव स्रोत विकास तथा व्यवस्थापन निर्देशिका, वित्तिय व्यवस्थापन तथा विकास निर्देशिका, सदस्यता नियमावली, निर्वाचन व्यवस्थापन नियमावलीहरुमा संशोधन गरिएका छन् भने संस्था परिचालन निर्देशिका, संस्थागत सुशासन कार्यान्वयन निर्देशिका, संस्थागत समूह, समिति वा कार्यदल गठन तथा परिचालन सम्बन्धि नियमावली , विभिन्न समितिहरुको कार्यनिर्देशिकाहरु नयाँ निर्माण भएका छन् । यसका साथै शुभकामना, शोक, मरणोपरान्त सम्मान तथा स्मृति कार्यक्रम संचालन निर्देशिका र संस्थागत आचारसंहिताहरु (संस्थागत आचारसंहिता, बाल संरक्षण नीति र बालसहभागिता निर्देशिका) सहित अब बेसमा नौ वटा नियमावली/निर्देशिकाहरु भएका छन् । संस्थाका सबै कार्यालयहरुमा संस्थाका संरचना, लक्ष्य उद्देश्य तथा कार्यक्रमहरु टांगिनुका साथै यसबाट सदस्य तथा कर्मचारीहरुलाई प्रशिक्षित गर्ने प्रयासको थालनी भएको छ । यी सबै नियमावलीहरुका सम्बन्धमा सबै कर्मचारी तथा सदस्यहरुले जानकारी लिने तथा यसलाई निरन्तररुपमा अद्यावधिक गर्दै जानु पर्ने देखिन्छ । संस्थाले संस्थागत नयाँ संरचना तयार गर्नुका साथै कर्मचारीहरुको श्रेणी विभाजन तथा सोही अनुसार कार्यान्वयन समेत गर्न सक्षम भएको छ ।

यस वर्ष संस्थाको लक्ष्य तथा उद्देश्यहरुमा समेत पुनरावलोकन भएको छ । संस्थाका मुख्य पदाधिकारी, कर्मचारी, राजनीतिक दल, सञ्चारकर्मी, अधिकारवाला तथा अन्य स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागितामा भर्खरै संस्थाको आगामी पांच वर्षे रणनीतिक योजना तयार भएको छ । रणनीतिक योजनामा मुख्यरुपमा बालबालिका, युवा, महिला, पछि पारिएका समुदायका अलावा विपन्न समुदाय तथा जेष्ठ नागरिकलाई समेत लक्षित समूहकोरुपमा पहिचान गरिएको छ । अबको पांच वर्षमा विगतमा गरिएका कार्यक्रमहरु बाहेक कृषि, सुरक्षित मातृत्व तथा अपहेलित बन्दै गएका जेष्ठ नागरिकहरुको हकअधिकारको क्षेत्रमा काम गर्ने रणनीतिक योजना तय भएको छ । पांच वर्षे दीर्घकालीन रणनीतिलाई परिमार्जनसहित प्रकाशन गर्ने सोंच समेत संस्थाले बनाएकोले यो प्रकाशनकोरुपमा बाहिर आउन सफल भएको छ ।

यसै वर्षदेखि संस्थाले सकारात्मक सोंच र व्यवहार, समय आन्दोलन तथा पुस्तक अध्ययनलाई संष्कृतिकोरुपमा समावेश गरेको छ । यसका अवधारणाहरु बाहिर आइसकेका छन् । अवधारणा अनुसार कर्मचारीहरुमा सामान्य छलफलहरु सुरु भए पनि बोर्ड तथा सदस्यहरुबीच यो अवधारणा भर्खर आएको छ । यसलाई पालना गर्दै संस्थागत संष्कृतिकोरुपमा बेसलाई चिनाउन सबै सदस्य तथा कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहने विश्वास छ । यसका अलावा संस्थाले थालनी गरेका Self care & self payment को संष्कृतिको अभ्यासलाई समेत अवधारणा पत्र तयार गरी अगाडि बढाउने तयारी समेत भइरहेको छ ।

३.५.सदस्य तथा कर्मचारी :

बेसमा हाल ११५ जना सदस्यहरु रहेका छन् । बेसमा महिला सदस्यहरुको संख्या ६१ रहेको छ । यस्तैगरी जनजाति ४४, दलित १०, अन्य ६१ रहेको छ । बेसमा अधिकांश सदस्यहरु शिक्षक हुनुहुन्छ । बेसमा पाल्पा तथा नवलपरासी जिल्लामा बसोबास गर्ने व्यक्तित्वहरु सदस्य हुनुहुन्छ । ९ जनाको कार्यसमितिमा ५ जना महिला तथा ४ जना पुरुष हुनुहुन्छ । यस्तै जनजाति ४ जना दलित १ जना हुनुहुन्छ । यस्तैगरी २४ जना कर्मचारीहरुमा महिला ७ जना तथा पुरुष १७ जना रहेका छन् । जनजाति १२ जना, दलित २ जना तथा अन्य १० जना अन्य रहेका छन् ।

३.६.अभिलेखन तथा प्रकाशन

बेसले वि.सं.२०५१ सालमै सेवा नामको संस्थागत मुखपत्रको थालनी गरेको थियो । पछि त्यो वि.सं.२०६२ सम्म बन्द भयो । वि.सं.२०५४ देखि सुनगाभा नामक बाल साहित्य पत्रिका अर्धवार्षिकरुपमा प्रकाशन गरेको र यो पनि दुई वर्षसम्म चलेर बन्द भयो । यस विचमा बेसले संस्थागत क्रियाकलापको जानकारी सरोकारवालाहरुलाई दिने उद्देश्यले अर्धवार्षिकरुपमा बालअभियान बुलेटीन प्रकाशन गर्न थाल्यो । पछि बेस बालबालिकाको लागि संयुक्त अभियानमा सहभागी भएपछि अभियान नामक वार्षिक बुलेटीन प्रकाशन हुन थालेपछि यो बुलेटीनलाई बन्द गरियो । वि.सं.२०६४ देखि बेसले सेवा मुखपत्रलाई पुन निरन्तरता दिएको छ । बेसले संस्थाको दशक बार्षिकउत्सवमा स्मारिका प्रकाशन गरेको थियो । बेसको अर्को प्रकाशन बालक्लबहरुको संस्थागत विकासको विश्लेषणसहित प्रकाशित बालक्लबहरुको प्रोफाइल बालसहभागिता र बालक्लब हो ।

बेसबाट संस्थागत कार्यलाई प्रमाणित गर्न र प्रोफाइल बढाउन गाविस, विद्यालय, अन्य सामुदायिक संस्थाहरु, अधिकारवालाहरुबाट धन्यवाद पत्र संकलन गर्ने कार्य थालिएको छ । त्यसलाई प्रकाशन गर्ने सोंच समेत संस्थाले बनाएको छ । संस्थाले बर्षेनी तयार गर्ने प्रतिवेदनहरु, अन्य दस्तावेजहरुलाई समेत राखी रामपुरस्थित बेस फिल्ड कार्यालयमा पुस्तकहरुसहित एउटा सानो पुस्तकालय स्थापना गरिएको छ । रामपुरस्थित कार्यालयको कोठा थप गरी हालको हललाई पुस्तकालयकोरुप दिने र संस्थाका सबै अभिलेखहरु सहित अध्ययन केन्द्र बनाउन आगामी दिनमा सोच्नुपर्ने भएको छ । यसका साथै संस्थाका ऐतिहासिक तथा महत्वपूर्ण अभिलेखहरु संकलन गरी कम्प्युटरमा सुरक्षित राख्ने, ऐतिहासिक फोटोहरु संकलन गरी स्क्यान गरी राख्ने, संस्थाले गरेका कामबाट प्राप्त उपलब्धीहरु झल्कने सफलताका कथाहरुको संकलन, लेखन तथा प्रकाशन गर्ने, पत्रपत्रिकामा प्रकाशित समाचारहरुको संकलन तथा प्रकाशन गर्ने, र संस्थागत सदस्यता अभिलेखहरु अद्यावधिक गर्ने कार्यहरुलाई अगाडि बढाउन जरुरी देखिन्छ । यसका साथै बिभिन्न कार्यक्रमका आवधिक मूल्यांकन प्रतिबेदनहरु, baseline stydy को अभिलेखन, बिभिन्न साझेदार संस्थाहरु तथा एकल रुपमा गरिएका अनुसन्धानहरु समेत संकलन गरी अभिलेखन गर्न जरुरी देखिन्छ ।

३.७.स्रोत परिचालन :

संस्थाका भैपरी आउने कामहरुलाई व्यवस्थित गर्न र परियोजनाका कामहरुको अनुभव तथा उपलब्धीहरु आदानप्रदान गर्न संस्थामा सिनियर कर्मचारीहरुको बरिष्ठ व्यवस्थापन समिति नियमानुसार गठन भएको छ । संस्थाबाट रु १० हजारभन्दा माथिको सामग्री खरिद गर्दा यसै समितिमा निर्णय हुने र कोटेसन लिई सामग्री खरिद गर्ने प्रक्रियाको थालनी भएको छ । संस्थाको आन्तरिक कोष अभिबृद्धि गर्नका लागि मितव्ययिता अप्नाइएको छ । सबै कार्यक्रममा संस्थामा रहेका मल्टिमिडिया, हल भाडामा दिने कार्य थालिएको छ । संस्थाको आम्दानीलाई व्यवसायिक कार्यमा लगाइएको छ । संस्थाबाट प्रकाशन गरिने मुखपत्रलाई विज्ञापन संकलन गरी आयमूलक ढंगबाट प्रकाशन गर्ने निर्णय भई काम अघि बढेको छ । संस्थाले कार्यक्रम संचालन गर्दा कारोबार हुने निजि संस्थाहरुसंग अनुरोध गरी संस्थागत उपकरण, सामग्रीहरु संकलन गर्ने कार्यको थालनी भएको छ । समुदायमा काम गर्दा जनसहभागिता परिचालन गर्ने ढंगबाट कार्यक्रम संचालन भइरहेको छ । संस्था सुरुवात हुंदा रु ३०९७२० बाट सुरु भएको बेसको कारोबार आ.व.२०६६/६७ सम्म आइपुग्दा रु १,११,११,३३६।३५ मा आइपुगेको छ । बेसका स्रोतका क्षेत्रहरु निम्न रहेका छन् ।

- ❖ मेस संचालन
- ❖ कपी छपाई
- ❖ कर्मचारी, सदस्य तथा सरोकारवालाहरुबाट चन्दा संकलन
- ❖ सदस्यता शुल्क
- ❖ कार्यालयको उपकरण तथा हल प्रयोगवाट संकलित रकम
- ❖ कार्यक्रमबाट प्राप्त ओभरहेड
- ❖ वैंक व्याज

- खुत्रुके अभियान
- संस्थाको मुखपत्र प्रकाशन गर्दा विज्ञापन संकलन ।
- स्थानीय निकाय, समूह
- साझेदार संस्था

३.८.संस्थाको हालसम्म संचालनमा रहेका कार्यक्रम, तिनका मुख्य क्रियाकलाप, अवधि, साझेदार संस्था, बजेट, कार्यक्षेत्र तथा लक्षित समुदाय

क्र. सं.	कार्यक्रमको नाम	मुख्य क्रियाकलाप	सुरु मिति	अन्त्य मिति	साझेदार संस्था	बजेट (वार्षिक)	कार्यक्षेत्र	लक्षित समूह
१	खानेपानी मुहान संरक्षण कार्यक्रम	वातावरणीय सचेतना, खानेपानीको मुहान वरिपरि बृक्षारोपण तथा तारबार	१९९५	१९९५	नेपाल वातावरण पत्रकार समूह	५५०००।००	बाकामलाङ गाविस	स्थानीय समुदाय
२	राष्ट्रिय स्वयंसेवक कार्यक्रम मार्फत समुदाय परिचालन	बाह्य तथा आन्तरिक स्वयंसेवक परिचालन समूहहरुको क्षमता विकास तथा साना विकासका कामहरुमा जनकेन्द्रित विकासको अभ्यास	१९९७	१९९९	सामुहिक अभियान	१००००००।००	बाकामलाङ गाविस वार्ड नं.२	जनजाति
३	विद्यालय भवन निर्माण	निर्माण समितिको गठन, भवन निर्माण, सामाजिक लेखापरीक्षण	१९९७	१९९७	समाज कल्याण परिषद	५००००।००	बाकामलाङ गाविस वार्ड नं.२	बालबालिका
४	बालक्लब सहयोग कार्यक्रम	बालक्लबहरुको क्षमता विकास, सरोकारवालाहरुमा बालअधिकार सचेतना, बालसहभागिता प्रवर्द्धन	२०००	२००३	सेभ द चिल्ड्रेन नर्वे	७००००००।००	बाकामलाङ, गांडाकोट, सहल्कोट तथा दर्छा गाविस	पछि पारिएका समुदायका बालबालिका
५	गाविस क्षमता विकास कार्यक्रम	गाविसको दीर्घकालीन योजना निर्माणमा सहजीकरण, कार्यक्रमहरुको अनुगमन तथा लेखा प्रणाली व्यवस्थापन	२०००	२००३	बाकामलाङ गाविस	संस्थागत स्रोत	बाकामलाङ गाविस	गाविस मार्फत स्थानीय समुदाय
६	शान्तिको बाटोमा	दलित तथा जनजाति समुदायमा आयआर्जन समिति गठन तथा अनुदान सहयोग । बचत परिचालन, समूहहरुको क्षमता विकास, द्वन्द्वमा गिरफ्तार तथा अपहरणमा परेकाहरुको रिहाइका लागि वकालत, शान्ति प्रवर्द्धनमूलक अन्य क्रियाकलापहरु	२००४	२००६	युएनडिपि	१८०००००।००	बाकामलाङ, गांडाकोट, सहल्कोट तथा दर्छा, रामपुर, खालीवन गाविस	दलित समुदायका महिला तथा द्वन्दप्रभावित बालबालिका हरु
७	सशस्त्र द्वन्द्व	बालबालिकाहरुको शिक्षा तथा स्वास्थ्य जस्ता	२००४	२००६	सेभ द चिल्ड्रेन	२५००००००।००	पाल्पाका बाकामलाङ,	द्वन्दप्रभावित बालबालिका

	प्रभावित बालबालिकाको लागि कार्यक्रम	आधारभूत सहयोगहरुमा निरन्तरता, बालबालिका शान्तिक्षेत्र अभियान संचालन, बालअधिकार उलंघनका घटनाहरुको अनुगमन			नर्वे		गांडाकोट, सहल्कोट तथा दर्छा, रामपुर, खालीवन तथा गेभ्रा गाविस तथा नवलपरासीका ३ गाविस	हरु
८	अपांगता पुनर्स्थापना कार्यक्रम	अपांगतामा रहेका व्यक्तिहरुको लागि आर्थिक, सामाजिक, राजनीतिक, व्यक्तिगत क्षमता विकासका लागि सहयोग तथा पैरवीका कामहरु	२००३	२००८	एच.आई.नेपाल	४०००००००	बाकामलाङ, गांडाकोट, सहल्कोट तथा दर्छा, रामपुर, खालीवन तथा गेभ्रा	अपांगतामा रहेका व्यक्तिहरु
९	समाहितताको लागि सशक्तिकरण तथा सामाजिक परिवर्तन परियोजना	अपांगतामा रहेका व्यक्तिहरुको लागि आर्थिक, सामाजिक, राजनीतिक, व्यक्तिगत क्षमता विकासका लागि सहयोग तथा पैरवीका कामहरु	२००९	२०१०	एच.आई.नेपाल	४०००००००	बाकामलाङ, गांडाकोट तथा दर्छा,	अपांगतामा रहेका व्यक्तिहरु
१०	वातावरण सुधारका लागि फोहोर व्यवस्थापन	रामपुरबजारका खाली ठाउंमा वृक्षारोपण, फोहोर फाल्ने ड्रम वितरण, डम्पिङ निर्माण । प्लास्टिक नियन्त्रण सचेतना	२००७	२००८	वन तथा वातावरण मन्त्रालय	५०००००००	रामपुर गाविस	स्थानीय समुदाय
११	युवाको लागि शिक्षा : सामाजिक विकास र शान्तिका लागि युवा	बाल तथा युवाक्लबहरुको क्षमता विकास, युवा सूचना केन्द्र स्थापना तथा संचालन , युवाअधिकारको लागि पैरवी, शिक्षामा पहुंच तथा गुणस्तरका लागि तालीम, सामग्री वितरण, भयरहित शिक्षण सिकाइ अभ्यासहरु	२००७	२०११	सेभ द चिल्ड्रेन	१५०००००००	बाकामलाङ, गांडाकोट, सहल्कोट तथा दर्छा, रामपुर, खालीवन, हुंगी तथा हेक्लाङ गाविस	पछि पारिएका समुदायका युवाहरु
१२	गुणस्तरीय शिक्षा कार्यक्रम	बालबालिकाको शिक्षामा पहुंच, निरन्तरता तथा गुणस्तरीय शिक्षाका लागि शिक्षक तालीम शैक्षिक सामग्री सहयोग, विद्यालयका पूर्वाधारहरुको निर्माण, विद्यालय शान्तिक्षेत्र, भयरहित शिक्षण सिकाईका लागि पैरवी	२००७	निरन्तर	सेभ द चिल्ड्रेन	४०००००००	नवलपरासीका १२ गाविसहरु	पछि पारिएका समुदायका बालबालिकाहरु, बालिका, अपांगतामा रहेका तथा जोखिम अवस्थाका बालबालिका

								हरु
१३	पढ्ने कोठा(विद्यालय पुस्तकालय) कार्यक्रम	विद्यालयमा पुस्तकालय स्थापना, यसको व्यवस्थापन तथा प्रयोगका लागि शिक्षक तालीमहरु, दीगोपनाका लागि समुदाय परिचालन	२००८	२०१२	रुम टू रिड	४५००००००।००	पाल्पा जिल्लाका ४९ गाविस तथा एक नगरपालिका	विद्यालयका बालबालिका हरु
१४	छात्रबृत्ति कार्यक्रम	विपन्न परिवारका तथा टुहुरा बालबालिकाहरुको लागि शिक्षामा पहुंचका लागि छात्रबृत्ति वितरण	२०००	निरन्तर	ओकेबाजी	३००००।००	बाकामलाङ तथा रामपुर गाविस	टुहुरा तथा विपन्न परिवारका बालबालिका हरु

४.कार्यक्षेत्रको परिचयात्मक विवरण :

४.१.इतिहास र संष्कृति :

४.१.१.पाल्पा जिल्ला :

नेपालको इतिहासमा बलियो राज्यकोरुपमा रहेको पाल्पा जिल्ला नेपाल अधिराज्यका ७५ जिल्लाहरुमध्ये पहाडी भेगमा अवस्थित जिल्ला हो । नेपालको एकीकरण पूर्व सेनवंशी राजाहरुको राज्यस्थलको रुपमा रहेको यो जिल्ला एकीकरण पश्चात् राणाकालीन समयमा पश्चिम नेपालको एक गौडाको रुपमा प्रसिद्ध रहेको थियो । पाल्पा जिल्लाको शैक्षिक विकासमा लामो इतिहास छ । शैक्षिक प्रशासन र निरीक्षणलाई बिस्तार गरी व्यापक बनाउन वि. सं. २००४ मा पूर्वमा जनकपुर र पश्चिममा पाल्पामा डेपुटी इन्स्पेक्टर अफ स्कूल अफिस खडा गरिएको शैक्षिक इतिहासमा उल्लेखित छ । नेपाल एकीकरणमा पछाडिमात्र पाल्पा जिल्ला नेपालमा गाभिन पुगको थियो । यहाँ बार्षिकरुपमा कृष्ण जन्माष्टमीका दिन भगवति जात्रा निकाल्ने गरिन्छ । यो जात्रा नेपालकै ठूलो जात्रा मध्ये मानिन्छ । पाल्पा जिल्ला एउटा पर्यटकीय महत्व बोकेको जिल्ला पनि हो । यहाँका पर्यटकीय महत्व बोकेका ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक स्थल र वस्तुहरुमा तानसेनको शीरको रुपमा रहेको श्रीनगर डाँडा, रिडीको प्रसिद्ध ऋषिकेशको मन्दिर, अर्गलीको दरवार भैरवस्थानको भैरव मन्दिर, कालिगण्डकीको किनारमा अवस्थित रानीघाटको रानीमहल, राम्दीको सुनगुफा, ताहूँको रम्भादेवीको मन्दिर, ऐतिहासिक स्थलको रुपमा प्रसिद्ध जीतगढी, बाकुमगढी र नुवाकोटगढी तथा सदरमुकाम तानसेन नगरीभित्र रहेका टुँडीखेल शितलपाटी,अमरनारायण मन्दिर, रणउज्वेश्वरी भगवती मन्दिर, मुलढोका आदि रहेका छन् ।

४.१.२.नवलपरासी जिल्ला :

नवलपरासी जिल्ला वि.सं. २०५२ साल भन्दा पहिले ७७ गा.वि.स.मा विभाजित थियो । २०५२ सालमा जिल्लाको सदरमुकाम परासी सहित चार गा.वि.स. रामग्राम नगरपालिकामा परिणत भएपछि ७३ गा.वि.स. र १ नगरपालिका कायम भएका छन् । बि.सं. २०३८ सालसम्म ५१ गाउं पञ्चायत रहेको यस जिल्लामामा २०३९ मा सिमाना हेरफेर र थपघट गरी ७७ गाउं पञ्चायत बनाइएको थियो । पञ्चायत कालमा जिल्लालाई ९ वटा इलाकामा विभाजन गरिएको थियो भने बहुदलीय व्यवस्थाको पुनर्स्थापना पछि १५ ईलाकामा विभक्त गरिएको छ । विकेन्द्रीकरण ऐन, २०३९ र त्यसपछिको विकेन्द्रीकरण कार्यव्यवस्था नियमावली, २०४१ लागु भएपछि प्रत्येक जिल्लामा ९ वटा ईलाका र प्रत्येक इलाकामा एक सेवाकेन्द्र रहने व्यवस्था भए बमोजिम यस जिल्लामा पनि ९ वटा इलाकामा ९ वटा सेवाकेन्द्र स्थापना गरिएको थियो । पछि जनसंख्याको बृद्धि तथा सेवाको माग समेतलाई दृष्टिगत गरी १५ वटा इलाकामा १५ वटै सेवाकेन्द्रको स्थापना गरिएको छ । यसको अलावा कावासोतीमा इलाका प्रशासन, वन, मालपोत, खानेपानी, नापी, इलाका प्रहरी, विद्युत प्राधिकरण जस्ता कार्यालयहरु संचालित छन् । अहिले यस जिल्लालाई ७३ गाविस, एक नगरपालिका ६ संसदिय निर्वाचन क्षेत्रमा बांडिएको छ ।

४.२.भौगोलिक अवस्था :

४.२.१.पाल्पा जिल्ला :

समुन्द्र सतहबाट १५२ मी .देखि १९३६ मी.सम्मको उचाईमा अवस्थित यस पाल्पा जिल्लाको क्षेत्रफल १३७३ वर्ग कि.मी. अर्थात १३७२९३ हेक्टर रहेको छ । भौगोलिक रुपमा यस जिल्लाको फैलावट २७°२४' देखि २७ डिग्री ५ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री १५ मिनेट देखि ८४ डिग्री २२ मिनेट पूर्वी देशान्तर सम्म रहेको छ । भौगोलिक सिमानालाई हेर्दा पूर्वमा नवलपरासी र तनहूँ, पश्चिममा अर्घाखाँची र गुल्मी, उत्तरमा स्याङ्गजा - तनहूँ र गुल्मी, दक्षिणमा रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लाहरु रहेका छन् । नेपाल अधिराज्यका उत्तम हावापानी मानिने जिल्लाहरु मध्ये पाल्पा जिल्ला पनि एक हो । यस जिल्लाको तापक्रम ४ डिग्री सेन्टिग्रेड देखि ३२ डिग्री सेन्टिग्रेड सम्म पुग्दछ । वार्षिक वर्षा सरदर १९०३ मिलिलिटर हुने गरेको छ ।

कुल भू-भाग मध्ये खेति योग्य जमिन ५७१७२ हेक्टर अर्थात ४१.६४% रहेकोमा ३६४६७ हेक्टरमा मात्र खेती गरिएको पाइन्छ । खेती नगरिएको जमिन १०६०५ हेक्टर रहेको छ । वनजंगलले ढाकेको जमिन ५४१६२ हेक्टर झाडी वुट्यान १७३५२ हेक्टर ,चरनक्षेत्र ७०३३.९ हेक्टर र अन्य १५७३.१ हेक्टर रहेको छ । चुरे तथा महाभारत श्रेणीमा पर्ने दक्षिण-पश्चिमबाट पूर्वोत्तर तेर्सिएका उच्च लेक-मस्याम, रिघिमा, हात्तिलुङ्ग, नुवाकोट, कौडे आदि पर्दछन् । त्यसैगरी सुके, नन्दन र सत्यवती जस्ता ताल तलैया र धार्मिक महत्व बोकेको प्रसिद्ध कालिगण्डकी नदी,मध्य पाल्पामा अवस्थित माडीफाँट लाई सिञ्चित गर्दै बगेको तिनाउ नदी यस जिल्लाका महत्वपूर्ण नदीहरु हुन भने पूर्वी पाल्पामा प्रवाहित निस्दी, पश्चिम-दक्षिण पाल्पामा प्रवाहित दोभान यस जिल्लाका अन्य महत्वपूर्ण नदीहरु हुन ।

४.२.२.नवलपरासी जिल्ला :

पश्चिमाञ्चल विकास क्षेत्रका १६ जिल्लाहरु मध्ये नवलपरासी पनि एक हो । शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थलको रुपमा प्रख्यात लुम्बिनी अञ्चलमा पर्ने यस जिल्लाको सम्पूर्ण भू-भागलाई दाउन्ने डाडाले करिब बीचबाट चिरी पूर्व तर्फ नवलपुर क्षेत्र र पश्चिम तर्फ परासी क्षेत्र गरी दुई भागमा विभाजन गरेको छ । जिल्लाको लगभग मध्य भागबाट ९९ कि.मि. लामो महेन्द्र राजमार्गद्वारा काटिएको यो जिल्ला २०१६.१६ वर्ग कि.मि.को क्षेत्रफलमा फैलिएको छ । परासी जिल्लाको सदरमुकाम हो । पूर्वको नवलपुर र पश्चिमको परासी क्षेत्र गाभी २०१८ सालमा यस जिल्लालाई नवलपरासी नामाकरण गरिएको हो । त्यस भन्दा अघि यस जिल्लालाई बुटवल जिल्लाको पाल्ही माझखण्ड भनिन्थ्यो । तालिकामा देखाइएका गाविसहरु २०३२ सालमा पाल्पाबाट यस जिल्लामा गाभिएका हुन् भने गैंडाकोट गा.वि.स. तनहुंबाट गाभिन आएको हो ।

भौगोलिक दृष्टिकोणले नेपाल जस्तै पहाड, तराई र भित्रीमधेसको संगमवाट वनेकोले यसलाई विविधताले भरिएको जिल्लाका अतिरिक्त नेपालकै प्रतिकको रुपमा लिन सकिन्छ । जिल्लाको पूर्वी-दक्षिणी भागमा नवलपुर, पश्चिम-दक्षिणी भागमा तराई, उत्तर, उत्तर–पूर्व र उत्तर पश्चिममा पहाडी भेग अवस्थित छ । दाउन्नेडाडाले जिल्लालाई झण्डै आधा पारेर दुई भागमा विभाजित गरेको छ ।

जिल्लाको बीचमा पर्ने महाभारत लेकको उत्तरी एवं दक्षिणी ढाल र महाभारत लेक हुदै दक्षिणतिर फैलिइ नारायणी नदीको किनारसम्म पुगेको चुरेको श्रृंखलालाई पहाडी प्रदेश मानिएको छ । यो क्षेत्र ५०० मी. देखि १९३६ मि.सम्मको उचाईमा छ । यस प्रदेशका अग्ला टाकुराहरुमा देवचुली (१९३६ मि.), बडचुली (१७६५ मि.) र महलपोखरी (१०२३ मि.) उल्लेखनीय छन् । यस क्षेत्रबाट गिरुवारी, अरुण, झरही, केरुङ, तुरिया, धनेवा आदि खोलाहरु दक्षिण तर्फ बगी नारायणी नदीमा र देउसत, फुलमादी, निरन्दी र बुइदी खोलाहरु उत्तर तर्फ बगी कालिगण्डकीमा मिसिएका छन् । यो क्षेत्र खास गरी फुस्रो माटो तथा ढुंगाले बनेको छ भने कतै-कतै बलौटे माटो पनि पाइन्छ । सिंचाई सुविधाको प्रयाप्त व्यवस्था हुननसक्दा यस क्षेत्रमा उल्लेखनीय रुपमा खाद्यान्न उत्पादन हुदैन । यहां प्रायशः मकै, कोदो, जौ र खोलाका फांटहरुमा धानको खेती गर्ने गरिन्छ । अमिलो जातका फलफूल विशेषतः सुन्तला खेती र पशुपालनका लागि चरनको राम्रो सम्भावना भएतापनि आधारभूत पूर्वाधारको अभावका कारण यस क्षेत्रका बासिन्दा उक्त व्यवसाय प्रति आकर्षित हुनसकेका छैनन । जिल्लाको यस क्षेत्रमा खोरिया फडानी सामाजिक एवं आर्थिक समस्याको रुपमा लामो समय देखि

विद्यमान रहिआएको छ । यस प्रदेशको उच्च भेगमा लालिगुरांस, ठिंग्रे सल्लो, गोब्रे सल्लो तथा तल्लो भेगमा साल, सिसौ आदिका रुखहरु पाइन्छन् । जिल्लाका कुल ७३ गा.वि.स. मध्ये १७ गा.वि.स.हरु यस क्षेत्रमा पर्दछन् । डेढगाउं, बुलिङ्टार, अर्खला, नगरडाडा, व्याघन यहांका प्रमुख बस्तीहरु हुन् ।

महाभारत लेकको दक्षिण र चुरे पर्वतमालासंग जोडिएको पहिले ओलिया प्रदेश भनी चिनिएको समथर भू-भागलाई भित्री मधेश भनिन्छ । जिल्लाको पूर्व-दक्षिणमा रहेको नवलपुर क्षेत्र नै भित्री मधेशको रुपमा रहेको छ । यो क्षेत्र पूर्वतिर सांगुरिएको र दक्षिण-पश्चिमतिर निकै फुकेको छ । यो क्षेत्र समुन्द्री सतहबाट करिब ३०० देखि ५०० मि. सम्मको उचाईमा पर्दछ । यो क्षेत्र ३५ बर्ष अघिसम्म घनाजंगलले ढाकिएको र औलोको प्रकोपले ग्रसित क्षेत्रको रुपमा चिनिन्थ्यो । यहांको सालको जंगल नेपाल अधिराज्यमा सबभन्दा राम्रो मानिन्थ्यो । यस क्षेत्रको माटो दोमट, बलौटे दोमट र चिम्टँइलो भएकोले यहां खाद्यान्न बाली राम्रो हुने गर्छ । यस क्षेत्रमा विशेष गरी धान, मकै र गहूं जस्ता खाद्यान्न बाली तथा तरकारी, तोरी र सुर्ति जस्ता नगदेवालीको खेती हुन्छ । यस क्षेत्रमा २० गा.वि.स. रहेका छन् । गैंडाकोट, रजहर, प्रगतिनगर, कावासोती, शिववस्ती, आरुङखोला, चोरमारा र दुम्किवास यहांका प्रमुख बस्तीहरु हुन् । चुरे पहाडको पश्चिम–दक्षिणी क्षेत्र परासी खण्डको समथर भू-भागलाई तराई भन्ने गरिन्छ । यो क्षेत्र दक्षिण–पूर्वमा नारायणी नदी, दक्षिणमा भारतीय सिमाना र पश्चिममा रुपन्देही जिल्लाको पूर्वी सिमानासम्म फैलिएको छ । यहाँको माटो चिम्टाइलो भएकोले यहां उखु, धान, गहुं, दलहन र तेलहनको अतिरिक्त तरकारी खेती पनि राम्रो हुने गर्दछ । यो क्षेत्र समुद्र सतहबाट करिब ३०० मी. सम्मको उचाईमा रहेको छ । यस क्षेत्रमा ३६ गा.वि.स. र १ नगरपालिका रहेका छन् ।

४.३.बासिन्दाहरु :

४.३.१.पाल्पा जिल्ला :

पाल्पा जिल्ला जातिय विविधता भएको जिल्ला हो । यहाँ बसोबास गर्ने जातजातिहरुमा झण्डै ५९% मगर जातिहरु छन् । पाल्पा जिल्लालाई नेपाल अधिराज्यका ७५ जिल्लाहरु मध्ये मगर जातिको बाहुल्य रहेको जिल्लाको रुपमा चिनिन्छ । यस बाहेक यस जिल्लामा बसोबास गर्ने अन्य जतिहरुमा ब्राह्मण, क्षेत्री, कामी, दमाई, सार्की, नेवार, कुमाल, ठकुरी आदि जातिहरु रहेका छन् । यस जिल्लामा प्रयोग हुने भाषाहरुमा नेपाली भाषाका अतिरिक्त मातृभाषा मगर र नेवार रहेका छन् । वि.सं.२०५८ सालको जनगणना अनुसार यस जिल्लाको जनसंख्या २६८५५८ रहेको छ । जसमध्ये पुरुषको संख्या १२५०६८ र महिलाको संख्या १४३४९० रहेको छ । यस जिल्लाको जनसंख्या वृद्धीदर १.२९ देखिएको छ । औसत जनसंख्या वृद्धीको तुलनामा जनजाति र दलितको जनसंख्या वृद्धीदर उच्च देखिएको छ । जस अनुसार जनजातिमा पुरुषको १.३८ र महिलाको १.४४ रहेको छ भने दलितमा पुरुषको १.६१ र महिलाको १.६८ प्रतिशत रहेको छ ।

४.३.२.नवलपरासी जिल्ला : वि.सं.२०५८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ५६२८७० र परिवार संख्या ९८३४० रहेको छ । जसमध्ये पुरुष २०८२५७ र महिला २८४६१३ रहेका छन् । यस जिल्लामा जम्मा परिवार संख्या : ९८३४० छ भने औषत परिवार संख्या ५.७२ रहेको छ । नवलपरासीको वार्षिक जनसंख्या बृद्धि २.५५ रहेको छ । शहरी जनसंख्या ४.०२ रहेको यस जिल्लामा ग्रामीण जनसंख्या ९३.०८ प्रतिशत रहेको छ । यहाँ मुख्यरुपमा हिन्दु, बौद्ध, इस्लाम र क्रिस्चियन धर्मावलम्वीहरु बसोबास गर्छन् । यस जिल्लामा पहाड र तराईमुलका मानिसहरुको बसोबास रहेको छ । यस जिल्लाको तराईमा तराईमा केवट, थारु, यादव, मुसलमान, कहार, चमार हरिजन, तेली, हजाम ठाकुर, राजभार, धोवी, लोहार, कोइरी, ब्राम्हण, बानियाँ, लिम्बु, कुर्मी, मुसहर, कलवार, ठकुरी, पासवान, डोम, भुजेल, दमाइ, हलुवाई, माली, नेवार, कानु, मगर, कायस्थ, गुरुङ, मल्लाह आदिको बसोबास रहेको छ । पहाडमा भने मगरहरुको बाहुल्यता देखिन्छ ।

४.४.शैक्षिक स्थिति :

४.४.१.पाल्पा :

यस जिल्लामा अनौपचारिक रुपमा शैक्षिक क्रियाकलापहरु परापूर्वकाल देखिनै संचालन हुँदै आएता पनि औपचारिक शिक्षाको थालनीको रुपमा विद्यालयको स्थापना वि. सं. २००४ साल देखि नै भएको पाइन्छ । वि.

सं. २००४ सालमा स्थापना भएको पद्मपब्लिक हाईस्कूल यस जिल्लाको पहिलो हाईस्कूल हो । यसैगरी वि. सं. २००७ सालमा मोहनकन्या स्कूल, वि. सं. २००८ सालमा जनता विद्यालय, वि. सं. २००९ सालमा देववाणी संस्कृत विद्यालय र वि. सं. २०११ सालमा त्रिभूवन इन्टर कलेजको स्थापना भएको देखिन्छ । यसका अतिरिक्त वि. सं. १९८७ मा बिजारोपण भै वि. सं. २००३ सालमा नामाकरण गरिएको धवल पुस्तकालय नेपालकै पुराना पुस्तकालय मध्ये एक मानिन्छ । यस जिल्लामा प्रा.वि.३४०, नि.मा.वि.७५, मा.वि.१०३ र उच्च मा.वि.हरु २८ रहेका छन् । यी सबै विद्यालयहरुमा अहिले कूल ५९०२८ जना बालबालिकाहरु अध्ययनरत छन् । यस्तैगरी पाल्पा जिल्लामा ३६० (समुदायमा आधारित ६९) वटा प्रारम्भिक बाल विकास केन्द्रहरु संचालित छन् ।

यस जिल्लामा ६ वर्षभन्दा माथिको साक्षरता प्रतिशत पुरुष ८४ प्रतिशत र महिला ६४ प्रतिशत गरि सरदर लगभग ७४ प्रतिशत मात्र रहेको छ भने १५ वर्षमाथिको साक्षरता प्रतिशत ५३.५५ रहेको छ । यो जिल्लामा भएका १२ प्रतिशत दलित जनसंख्यामध्ये ४१.७६ प्रतिशत मात्र साक्षर छन् । जनजातिको साक्षरता प्रतिशत ४४.०६ मात्र छ । पाल्पा जिल्ला शिक्षाको क्षेत्रमा अन्य पहाडी जिल्लाको तुलनामा अग्रस्थानमा रहेको छ । यहांका ७४ प्रतिशत मानिस साक्षर छन् । जसमध्ये जनजाति ४४.०६ र दलित ४१.७६ प्रतिशत साक्षर रहेका छन् । पाल्पामा यस क्षेत्रकै पुरानो क्याम्पस त्रिभुवन बहुमुखी क्याम्पसमा प्रविणता प्रमाणपत्र तह देखि स्नातकोत्तर तह सम्मको पढाई हुन्छ । अन्य क्षेत्रमा यसबाहेक १३ वटा क्याम्पसहरु संचालनमा रहेका छन् ।

४.४.२.नवलपरासी जिल्ला :

यस जिल्लाको साक्षरता दर ५३.२५ रहेको छ । यसमध्ये पुरुष साक्षरता ६६ प्रतिशत र महिला साक्षरता दर ४०.९० प्रतिशत रहेको छ । जिल्लाको विभिन्न ठाउंहरुमा उच्च तह अध्ययन गर्न क्याम्पसहरु खुलेका छन् । यस जिल्लामा ३६९, नि.मा.वि.१५०, मा.वि.१०५ र उच्च मा.वि.७३ गरी कूल ६९७ विद्यालयहरु रहेका छन् । जिल्लामा प्रारम्भिक बालविकास केन्द्रको संख्या ५४३ रहेको छ । यी सबै विद्यालयहरुमा ९९११५ जना बालबालिकाहरु अध्ययनरत रहेका छन् ।

४.५.आर्थिक अवस्था

४.५.१.पाल्पा जिल्ला :

पाल्पाली जनताको मुख्य पेशा कृषि हो । यहाँको कुल उत्पादनशील जनसंख्या मध्ये ८५ प्रतिशत जनता कृषि पेशामा लागेका छन् । यस जिल्लाको सम्पूर्ण भू-भागमध्ये झण्डै ५२ प्रतिशत बुट्यान र जंगलले ढाकेको छ भने लगभग २६.६३ प्रतिशत जमिनमा खेति गर्ने गरिएको पाइन्छ । यस जिल्लाको प्रमुख खाद्यान्न वाली मध्ये मकै, धान, कोदो र गहुँ हुन भने नगदे वालीमा अदुवा, उखु, तरकारी खेती प्रमुख छन् । साथै तोरी, फापर, फलफूल उत्पादनका दृष्टिले त्यति प्रख्यात नभए तापनि केही भागमा सुन्तला, केरा, नास्पतीको उत्पादन हुने गर्दछ । तरकारी खेती पनि यस जिल्लाको प्रमुख आम्दानीको स्रोत बन्ने गरेको छ । यहाँको तरकारीलाई रुपन्देही जिल्लाको हाट बजारहरुमा लगेर बेच्ने गरिन्छ । उत्पादन हुने तरकारी मा फूलगोभी, बन्दा, सिमी, मूला, टमाटर, भन्टा, र आलूको विषेश उत्पादन हुने गर्दछ । यस जिल्लाको मदनपोखरा गा.वि.स. ले तरकारी उत्पादनमा प्रसिद्धि कमाएको छ । यस जिल्लाको कुल जनसंख्यामध्ये आर्थिक रुपमा सक्रिय (१५-५९) जनसंख्या लगभग १ लाख ५० हजार रहेको छ । पेशागत रुपमा यहाँको उक्त जनसंख्यालाई वितरण गर्दा मुख्य पेशा कृषि हो भन्ने कुरा माथि पनि उल्लेख गरिसकिएको छ । यसका अतिरिक्त शिक्षण संघसंस्थाहरुमा अध्यापकको रुपमा, कार्यालयमा निजामति कर्मचारीको रुपमा र वैदेशिक रोजगार, उद्योग तथा व्यापार व्यवसायमा गरी लगभग १५ प्रतिशत रहेका छन् ।

४.५.२.नवलपरासी जिल्ला :

जिल्लाको पहाडी क्षेत्र खास गरी फुस्रो माटो तथा ढुंगाले बनेको छ भने कतै-कतै बलौटे माटो पनि पाइन्छ । सिंचाई सुविधाको प्रयाप्त व्यवस्था हुननसक्दा यस क्षेत्रमा उल्लेखनीय रुपमा खाद्यान्न उत्पादन हुदैन । यहां

प्रायशः मकै, कोदो, जौ र खोलाका फांटहरुमा धानको खेती गर्ने गरिन्छ । अमिलो जातका फलफुल विशेषतः सुन्तला खेती र पशुपालनका लागि चरनको राम्रो सम्भावना भएतापनि आधारभूत पूर्वाधारको अभावका कारण यस क्षेत्रका बासिन्दा उक्त व्यवसाय प्रति आकर्षित हुनसकेका छैनन । जिल्लाको यस क्षेत्रमा खोरिया फडानी सामाजिक एवं आर्थिक समस्याको रुपमा लामो समय देखि विद्यमान रहिआएको छ । भित्री मधेस अर्थात नवलपुर क्षेत्र ३५ बर्ष अघिसम्म घनाजंगलले ढाकिएको र औलोको प्रकोपले ग्रसित क्षेत्रको रुपमा चिनिन्थ्यो । यहांको सालको जंगल नेपाल अधिराज्यमा सबभन्दा राम्रो मानिन्थ्यो । यस क्षेत्रको माटो दोमट, बलौटे दोमट र चिम्ट्याइलो भएकोले यहां खाद्यान्न बाली राम्रो हुने गर्छ । यस क्षेत्रमा विशेष गरी धान, मकै र गहुँ जस्ता खाद्यान्न बाली तथा तरकारी, तोरी र सुर्ति जस्ता नगदेवालीको खेती हुन्छ । यस्तै गरी तराईको माटो चिम्टाइलो भएकोले यहां उखु, धान, गहुँ, दलहन र तेलहनको अतिरिक्त तरकारी खेती पनि राम्रो हुने गर्दछ ।

नवलपरासी जिल्लाको कूल भूभागमध्ये कृषि तथा शहरी क्षेत्र ९०४४६ हेक्टर रहेको छ । यस जिल्लामा आर्थिकरुपले सक्रिय जनसंख्या ६२.९२ प्रतिशत रहेको छ । यहाँ रोजगारीका क्षेत्रहरुमा कृषि वन, मत्स्य, खानी तथा उत्खनन्, निर्माण, होटल, यातायात, वित्तिय मध्यस्थता, घरजग्गा व्यापार, शिक्षा, सार्वजनिक प्रशासन र सामाजिक सुरक्षा, स्वास्थ्य तथा सामाजिक कार्य, घरेलु कामदार, बैदेशिक रोजगारी आदि रहेका छन् ।

भाग-२
संस्थागत विश्लेषण

१. बेसका हालसम्म सफल भएका कार्यक्रमहरु र सफल हुनुका कारणहरु :

संस्थाका सदस्यहरु, कर्मचारीहरु, सरोकारवाला तथा अधिकारवालाहरुको छलफल तथा मूल्यांकनबाट बेसबाट हालसम्म संचालन भएका कार्यक्रमहरु मध्ये निम्न कार्यक्रमहरु सफल कार्यक्रमकारुपमा रहेका र सफल हुनुका कारणहरु समेत निम्न रहेका आधारहरु प्रस्तुत भए ।

सफल कार्य	सफल हुनुका कारण	सूचकहरु
बालक्लब गठन र परिचालन बालक्लब सहभागिता अभिवृद्धि	१. काम प्रति संस्थागत प्रतिबद्धता २. बाल अधिकार माहसन्धि १९८९ को अनुमोदन र प्रथामिकता ३. सघन सामुदायिक परिचालन र समुदायको विश्वास आर्जन	• करिव २०० बालक्लबहरुको गठन तथा परिचालन भएको । • समुदाय तथा विद्यालयमा बालक्लब गठन गर्ने परम्परा कायम भएको ।
द्धन्दकालमा मानव अधिकार रक्षा	१. तटस्थ र निष्पक्ष क्रियाकलाप र संस्थागत पहिचान निर्माण २. मानव अधिकार संरक्षण सञ्जाल निर्माण र उनीहरुको क्षमता विकास ३. अन्तराष्ट्रिय मानविय कानुनको प्रचार र पक्षधर हुनु ।	• बेसबाट २ जना सर्वसाधारण व्यक्ति मारिएको विषयमा वकालत गरी निर्दोष सावित गराएको । • विद्यालय शान्तिक्षेत्रको अवधारणा विद्यालयहरुमा लागु गरेको । • संस्थागत प्रकाशनमा बालअधिकार उलंघनका घटनाहरुको विरोध गरेको । • फिल्ड र जिल्लातहमा एक एक वटा नागरिक समाजको स्थापना तथा परिचालनमा सहयोग गरिएको । • गाविसतहमा ३० जना मानवअधिकारकर्मीहरु तयार गरी परिचालन गरिएको ।
अपाङ्गता भएका व्यक्तिहरुको पहिचान निर्माण, संगठित	१. आवश्यकता र अधिकार अनुसार कार्यक्रम संचालन हुनु ।	• ३१९ जनाको पहिचान, १९१ जनाको प्रोफाइल तयारी, २२५ जनाको परिचयपत्र

आवाज र स्थानिय तहमा प्राथमिकता	२. संस्थामा दक्ष प्राविधिक कर्मचारी हुनु । ३. अस्पतालसम्म पुर्‍याई सेवा, रिफर र उपचार गर्ने संयन्त्र तयार हुनु(समुदायको विश्वास जित्नु)	निर्माण, १९ जनालाई सहयोगी सामग्री वितरण, करिव १०० जनाको अप्रेसन, २० भन्दा बढीलाई विद्यालय भर्ना गरिएको ।
बालमैत्री विद्यालय अभियान	१. सबैका लागि शिक्षा अभियान भित्र रहेको कार्यक्रम हुनु २. एउटै विद्यालयका सबै शिक्षकलाई तालिम दिनु ३. अन्तर विद्यालय अन्तरक्रिया अवलोकनबाट सिकाई बिस्तार हुनु ४. दण्डरहित शिक्षा सबैको प्राथमिकतामा रहनु	पाल्पा तथा नवलपरासी जिल्लामा ९ वटा विद्यालयमा बालमैत्री विद्यालय अवधारणा लागु गरिएकोमा ५ विद्यालय जिल्लाकै नमूना विद्यालय बन्न सफल भएको र त्यसको अनुकरण जिल्लास्तरमा बढिरहेको ।
HIV and AIDS सचेतना र सहयोग	१. **HIV and AIDS** लाई मूलप्रवाहीकरण रुपमा अगाडि बढाउनु २. **HIV** संक्रमितहरुलाई उपचार परामर्शको लागी रेफर गरिनु	१५ जना संक्रमितहरुलाई खुल्न तथा जिल्ला सञ्जालमा आवद्ध गर्न सफल भएको ।
S.L.C मौका तयारी कक्षा	१. विपन्न बिद्यार्थीको छनोट हुनु २. स्थानीय तहमा टयुसन कक्षा संचालन हुनु	२२५ युवाहरुलाई एस.एल.सी.मौका परीक्षाको तयारीका लागि सहयोग गरिएको ।
बिद्यालयमा पुस्तकालय स्थापना र संचालन	१. शिक्षा कार्यालयसंगको सहकार्यबाट कार्यक्रम संचालन हुनु २. पुस्तकालय व्यवस्थापन संचालन सम्बन्धमा प्राविधिक सहयोग गरिनु ३. पुस्तकालय प्याकेज सहयोग ।	पाल्पा जिल्लाका १११ सामुदायिक विद्यालयहरुमा पुस्तकालय स्थापना तथा त्यसको व्यवस्थापन, प्रयोग तथा दीगोपनाको लागि सहयोग गरिएको ।

२.संस्थाले गर्न खोजेको तर गर्न नसकेको कामहरु र गर्न नसक्नुका कारणहरु

संस्थाले गरेका कार्यक्रमहरुमध्ये सफल कार्यक्रम तथा सफल हुनुका कारणहरुको पहिचानपछि संस्थाले गर्न खोजेको तर गर्न नसकेका कार्यक्रमहरु र गर्न नसकिनुका कारणहरु समेत निम्नअअनुसार पहिचान गरियो । यो अभ्यासबाट बेसले भावी दिनमा के कस्ता कार्यक्रमहरु कसरी संचालन गर्ने ? कुन विधि वा कार्यप्रक्रिया छनौट गर्दा प्रभावकारी उपलब्धीहरु हांसिल गर्न सकिन्छ भन्ने दिशानिर्देश भएको छ । यी सवालहरुलाई बेसले पांच वर्षे रणनीतिक योजना निर्माण गर्दा ख्याल राखेर गरेको छ ।

२.१.गर्न खोजिएका कामहरु :

- महिला सशक्तिकरण ।
- सहकारी प्रवर्द्धन ।
- संस्थाका सबै सदस्यहरुको क्षमता विकास ।
- सदस्यहरुको क्रियाशीलता ।

- दिगो अर्थिक स्रोत विकासमा प्रवर्द्धन ।
- कार्यक्रमहरुको प्रभावकारी दिगोपना ।
- स्थानीय निकायसंगको प्रभावकारी सहकार्य ।
- अभियानमूलक कार्यक्रमहरु जस्तै : स्वास्थ्य शिविर, श्रम शिविर, महोत्सवहरु ।
- एकल महिला सम्मान ,प्रोत्साहन ।
- दलित उत्थान कार्यक्रमको निरन्तरता ।
- थप दातृसंस्थासंग साझेदारी ।

२.२. सम्पन्न गर्न नसक्नुको कारणहरु

- दिगो आर्थिक श्रोतको अभाव ।
- सदस्यहरुको लगनशीलतामा कमी ।
- बोर्डबाट नियमितरुपमा कार्यक्रमको Fllow up तथा Monitoring गर्ने कार्यमा क्षमता विकास र निरन्तर मूल्यांकन ।
- संस्थाको ठुला परियोजनाका कारण साना कार्यक्रम मुल प्रवाहबाट अलग हुनु ।
- राजनीतिक अस्थिरता ।
- केन्द्रिय कार्यालय बाकामलाङ्ग र परियोजना कार्यालय तानसेन सदरमुकाममा हुनु ।
- समायानुकुल क्षमता भएका सदस्यहरुको बृद्धि हुन नसक्नु ।
- लक्षित वर्गमा अपनत्वको भावनामा कमी हुनु ।
- कार्यक्रमको बिश्लेषण नगरी कार्यक्रम बनाउनु ।

३.हालसम्मका मुख्य सिकाईहरु :

सिकाई संस्थाका पूंजी हुन् । काम गर्दै जांदा सिकाईहरु प्राप्त हुन्छन् । सिकाईहरुले भावी कामका लागि सही मार्ग निर्देश गर्दछन् र सहजै कामलाई सफल बनाउन पूर्व सिकाई तथा अनुभवहरुबाट प्राप्त हुन्छ । तसर्थ सिकाइहरुको निरन्तर अभिलेखन प्रतिविम्वन हुनुपर्छ । सिकाई दातृसंस्थाका लागि नभएर कसले सिकेको हो उसैका लागि र अरु संस्था तथा व्यक्तिहरुका लागि समेत उपयोगी हुन्छ । संस्थाका कर्मचारी तथा सदस्य सहभागीहरुबाट हालसम्म संस्थाले सिकेका मुख्य सिकाईहरु निम्न रहेको छलफलबाट पहिचान गर्दै यी सिकाईहरुलाई आगामी दिनमा कार्यक्रम संचालनमा प्रतिविम्बन गर्ने प्रतिवद्धता समेत व्यक्त गरियो ।

- समुदायमा आवश्यकता पहिचान गरेर उनीहरुकै सहभागितामा काम गर्दा प्रभावकारी हुने रहेछ ।
- राष्ट्रिय र स्थानीय प्राथामिकतामा परेका कार्यक्रम गर्नुपर्ने रहेछ ।
- कार्यक्रम प्याकेजमा लैजानु पर्ने रहेछ ।
- संस्थाका कार्यक्रम बारे सरोकारवाला ,अधिकारवालालाई निरन्तर जानकारी दिने र पारदर्शिता कायम गर्दा संस्थाप्रति सबैको धारणा सकारात्मक हुने रहेछ ।
- स्थानिय सरोकारवालासंग समन्वय गरी कार्यक्रम गर्दा कार्यक्रम प्रति सबैको अपनत्व हुने रहेछ ।
- नेटवर्किङ. सहकार्यबाट काम गर्दा प्रक्रिया धेरै भए पनि अन्तत सहयोगी हातहरु बढेर जाने र उपलब्धी गुणात्मक हुने रहेछ ।
- दुर्गम क्षेत्रलाई कार्यक्षेत्र बनाउंदा सबै सरोकारवालाहरुको संस्थाप्रतिको दृष्टिकोण सकारात्मक बन्ने रहेछ ।
- संस्थामा समर्पित व्यक्तिहरु संस्थाका कर्मचारी बन्दा संस्था र कार्यक्रम बिच समन्वय गर्न सजिलो हुने ।

- संस्थामा कर्मचारीका लागि कार्यक्रम संचालन सम्बन्धी आवश्यक क्षमता विकासका साथै बोर्ड सदस्यहरुलाई कार्यक्रमको स्वरुप तथा कार्यान्वयन विधिबारे निरन्तर सूचित गर्दा बुझाई समान भएर जाने रहेछ ।
- संस्थामा कार्यक्रमका साथसाथै संस्थागत विकासका सबै पक्षहरुलाई संगै अगाडि बढाएर जान सक्दा कार्यक्रम संचालन गर्ने क्षमता समेत बढेर जाने रहेछ ।
- संस्थामा विशेष सवालहरुलाई मूलप्रवाहीकरण गरेर लैजांदा थप उपलब्धीहरु हांसिल हुनेरहेछ ।
- संस्थाबाट भए गरेका राम्रा कुराहरुको अभिलेखिकरण, प्रकाशन तथ प्रचारप्रसारले संस्गागत तथ कार्यक्रमगत बिकास मा सहयोग पुग्ने रहेछ ।

४.संस्था प्रतिका गुनासाहरु :

संस्था समाजको प्रतिनिधि हो । समाजबाट उठेको संस्था समाजप्रति उत्तरदायी हुनुपर्छ । समाजमा विभिन्न वर्ग, समूह तथा शक्तिहरु रहेका हुन्छन् । उनीहरुले संस्थालाई कसरी चिनेका छन् भनेर बुझ्नु संस्थागत विकासको लागि अर्को मार्गनिर्देश हो । बेसले आफ्नो संस्थागत विकासका यात्रामा यस अघि पनि सरोकारवालाहरुका दृष्टिकोणहरु बुझ्ने प्रयासहरु गरेको इतिहास छ । वि.सं.२०६३ सालमा बेसका संस्थागत विकास समिति तथा बरिष्ठ कर्मचारीहरुको संस्थागत समीक्षात्मक बैठकमा संस्थालाई समुदायले कसरी बुझेका छन् भन्ने विषयमा छलफल भएको थियो भने वि.सं.२०६६ माघमा रामपुर महोत्सवमा बेसबाट राखिएको स्टलमा २०० जना सरोकारवालाहरुसंग संस्थागत मत सर्वेक्षण गरी सरोकारवालाहरुको बेसप्रतिको धारणा बुझ्ने कार्य भएको थियो । जसबाट संस्था प्रति उनीहरुको धारणा सकारात्मक रहेको पाईयो ।

बेस आफ्नो संस्थागत विकासको सफल यात्राको लागि सरोकारवालाहरुको टिप्पणी, स्वच्छ आलोचना तथा पृष्ठपोषणहरुलाई सबैव स्वागत मात्र गर्दैन समयसमयमा धारणा बुझ्ने प्रयास समेत गर्छ । आफ्नो कमजोरी तथा बलिया पक्षहरु पहिचान गर्न यो उत्तम उपाय हो भन्ने कुरामा बेस पूर्ण प्रतिवद्ध छ । किनभने समुदायको चाहना भन्दा बाहिर गएको संस्था सामाजिक संस्था हुन सक्दैन र टिक्ने संभावना समेत हुन्न भन्ने कुरा संस्थाले राम्रोसंग बुझेको छ । यसका साथै संस्थाभित्रकै सदस्यहरुसंग संस्थागत समीक्षाहरु तथा साधारणसभाहरुमा विचारहरु बुझ्ने र कर्मचारीहरुसंग समेत बैठकहरु र वार्षिक कार्य सम्पादन मूल्यांकनका समयमा संस्थागत क्रियाकलापमा उनीहरुको धारणा बुझ्ने कार्य भईरहेको छ । यसै मर्मलाई आत्मसात गर्दै योजना तर्जुमा गोष्ठीमा सहभागी सरोकारवालाहरुबाट संस्थाप्रतिको धारणा बुझ्ने प्रयास गरिएको थियो । समूहगतरुपमा छलफल गरी आएका तपशिलका बूंदाहरु हाम्रा लागि आगामी रणनीतिक योजनामा मार्गनिर्देशक हुनेछन् ।

४.१.समुदायका गुनासाहरु :

- संस्थाले केटाकेटी र स्कूलमा मात्र काम गरेको ।
- केटाकेटी मात्र भुलाउने काम मात्र गरेको ।
- निर्माणका काम नगरेको ।
- समुदायप्रतिको भुमिका कम भएको ।
- गाउंमा उत्पादन मंहगो खरीद गर्दा भाउ बिगारेको ।
- उच्च योग्यता भएका व्यक्तिलाई बुझाउन नसक्ने कर्मचारीहरु रहेको ।

४.२.संचार क्षेत्रका गुनासाहरु :

- संस्थाको लक्ष्य र उद्देश्यहरु यसअघि सार्वजनिक नभएको ।

- प्रशंसा र उपलव्धी देखाउने ठाउंमा मात्र संचारको सहभागिता गराएको ।
- सामाजिक हितका लागि संचारसंग समन्वयनका कार्यक्रम नगरेको ।
- भए गरेका कार्यक्रमका बारेमा संचारलाई जनकारी र सहभागी बनाउने काम कम भएको ।
- साझेदारी मा नियामितता नभएको ।

४.३.संस्था प्रतिको कर्मचारीको गुनासोहरु

- काम अनुसार तलब सुबिधा कम भएको ।
- कामका आधारमा Ranking तथा Rank को आधारमा सेवा सुविधा दिनुपर्ने ।
- क्षमता विकासका कार्यक्रमहरुमा समान अवसर दिईनुपर्ने ।
- गर्नुपर्ने कामको सम्बन्धित बिषयहरुका सन्दर्भमा क्षमता बिकासका कार्यक्रमहरुको नियामित संचालन हुनुपर्ने
- कर्मचारीहरुलाई कार्यक्रमसंग सम्बन्धित आवश्यक सामाग्री उपलव्ध हुनुपर्ने ।
- संस्थाका ठुला र बिशेष कार्यक्रमहरुमा सबै कर्मचारीहरुलाई सहभागी गराउनु पर्ने ।
- कर्मचारीहरुले गरेका कार्यक्रमको नियमित अनुगमन हुनुपर्ने ।
- बोर्डका पदाधिकारी तथा सदस्यहरुले कार्यक्रमका बारेमा आंफै पनि जानकारी लिने र क्षमता बढाउने प्रयास गरिनुपर्ने ।

४.४.राजनैतिक दलका गुनासोहरु

- डलरको खेती गर्ने । स्थानीय स्रोत परिचालनमा कम ध्यान दिने गरिएको । विदेशी संस्थाको स्वार्थमा बढी काम गर्ने ।
- कुनै पनि कार्यक्रम गर्दा राजनीतिक दलसंग सुरु र अन्त्यमा मुल्यांकन तथा समिक्षाहरुमा स्थानीयतहमा छलफल नगरेको ।
- प्रत्यक्ष जनसरोकारका बिषयमा कम काम गरेको ।

४.५.राजनैतिक दल प्रति संस्थाको गुनासोहरु

छलफलका क्रममा राजनीतिक दलहरु अहिले स्थानीय निकायको प्रतिनिधिहरु रहने प्रावधान रहेको सन्दर्भमा संस्था र राजनीतिक दलबीचको सहकार्य र समन्वय राम्रो हुनुपर्ने हुंदा एकआपसमा बुझाई समान बनाउन जरुरी हुन्छ । यसका लागि नागरिक समाजले समेत राजनीतिक दललाई कसरी हेर्ने गरेको छ त ? भन्ने कुराले राजनीतिक दल र संस्थाबीच सम्बन्ध बढाउन मद्दत गर्न सक्छ भन्ने दृष्टिकोणबाट निम्न अभ्यास समेत गरिएको थियो । संस्थाको राजनीतिक दलप्रतिका हालका धारणाहरु निम्न रहेको कुरा राजनीतिक दलका प्रतिनिधिहरुका अगाडि नै प्रस्तुत गरियो ।

- सबै संस्थालाई एउटै डालोमा हालेर हेर्ने प्रबृत्ति ।
- आ–आफ्नो रुचिका कारण दलहरुबाट एक मतको बिचार नआउने अथवा कम आउने ।
- बन्द हड्ताल र प्रतिकारको कारण संस्थागत काममा बाधा पर्ने गरेको ।
- संस्था प्रति अनावश्यक शंका गर्ने गरिएको ।
- सरकार बदलिए अनुरुप नीति कार्यक्रम र रुचि समेत बद्लिनु ।
- सकारात्मक सोचको कमी ।
- संस्थाका कार्यक्रमहरुमा सहभागी हुने तर पाटीमा गएर अरुलाई जानकारी नदिने ।

- विकासका साझेदारहरुलाई विकास निर्माणका निर्णय गर्दा आमन्त्रण नगर्ने भरसक पन्छाउन प्रयास गर्ने गरिएको ।
- विकास निर्माणमा भोटको राजनीति गर्ने प्रयास गर्ने गरिएको ।
- कानून उलंघन गर्ने, मानवअधिकार उलंघन गर्ने व्यक्तिहरुलाई राजनीतिक संरक्षण दिने गरिएको ।

५. संस्थाको अवस्था विश्लेषण :

बेसले संस्थागत विकासको यात्रामा आफ्नो संस्थागत स्वमूल्यांकन गर्दै आइरहेको छ । यसमध्ये अवस्था विश्लेषण पनि एक विधि हो । यस संस्थाले २०६१ तथा २०६५ सालमा पनि संस्थाको अवस्था विश्लेषण गरेको थियो । संस्थामा पहिचान भएका बलिया पक्षहरुलाई बढाउन, अवसरहरुलाई उपयोग गर्न, कमजोरीहरु हटाउन तथा बाधाहरुलाई मुकाविला गर्न संस्थागत अवस्था विश्लेषण गर्न जरुरी हुन्छ । अवस्था विश्लेषणले संस्थाका सदस्य तथा कर्मचारीहरुलाई संस्था कुन तहमा छ भन्ने कुरा प्रष्ट गर्दछ । यसका साथै संस्थाको विकासका लागि योजनाहरु बनाउन मद्दत गर्दछ । यसकारण सरोकारवाला,अधिकारवालाहरु समेतको सहभागीतामा बेसले संस्थागत विश्लेषण गरेको छ ।

५.१. सवल पक्षहरु :

- संस्थामा कार्यक्रम संचालन गर्न सक्षम, संस्थागत विकासका अनुभवी कर्मचारीहरु हुनु ।
- संस्थाको पाल्पाका बाकामलाङ तथा रामपुर गाविसमा दुई वटा भवनहरु हुनु र यसलाई बहु उपयोगिताको लागि प्रयोग गर्ने सम्भावना ।
- संस्थामा संस्थागत तथा परियोजनागत संगठनात्मक संरचना र नौवटा भन्दा बढी निति नियमहरु हुनु
- कार्यक्रम संचालन भएका पाल्पा तथा नवलपरासी जिल्लामा संस्थागत पहिचान कमाउनु ।
- संस्थाको काम गर्ने क्षेत्र तथा बालबालिका, महिला, अपांगता, युवा गरी लक्षित वर्गको किटान हुनु ।
- संस्थाले उठाएका सवालहरु (बालअधिकार, बालमैत्री विद्यालय, युवा अधिकार, विद्यालय शान्तिक्षेत्र आदि) ले राष्ट्रिय सवालमा प्रवेश पाउनु ।
- कार्य समितिमा रहेका सदस्यहरु संस्थाको कर्मचारी बन्न र कर्मचारीहरु कार्यसमितिका सदस्य बन्न नपाउनेगरी अलग अलग संरचना हुनु ।
- संस्थाको आफनै सामग्रीहरु हुनु (४ वटा ल्यापटप तथा ४ वटा डेस्कटप कम्प्युटर, दुईवटा डिजिटल क्यामेरा, एक स्क्यान मेसिन, एक फ्याक्स मेसिन, सबैकोठा तथा तालिम कक्षमा आवश्यक पर्ने न्यूनतम फर्निचरहरू र आवासीय सुविधाका लागि बाकामलाङस्थित कार्यालयमा लुगा कपडाहरू,,तालिम तथा गोष्ठीका लागि आवश्यक पर्ने ओभरहेड प्रोजेक्टर, एल सि डि प्रोजेक्टर)
- वार्षिकरुपमा संस्थागत विश्लेषण लेखाजोखा गर्नु ।
- कार्यसमितिमा महिला प्रतिनिधित्व ५६ प्रतिशत हुनु ।
- संस्थागत सस्कृति(समय आन्दोलन, सकारात्मक व्यवहार र सोंच, पुस्तक पढ्ने बानी) को थालनी हुनु ।
- विभिन्न छलफल, समीक्षा, मत सर्वेक्षणको आधारमा हेर्दा समुदाय तथा सरोकारवालाहरुले संस्थालाई सकारात्मक तरिकाले लिनु ।
- नवलपरासीका पहाडी तथा दक्षिण तराई (सुस्ता) जस्ता कठिन ठाउमा पनि काम गर्न सफल हुनु ।
- बाकामलाङमा केन्द्रिय केन्द्रिय कार्यालय, पाल्पाको सदरमुकाम तानसेनमा परियोजना कार्यालय तथा पाल्पाकै रामपुर र नवलपरासीको सदरमुकाम परासीबजारमा फिल्ड कार्यालय संचालन हुनु ।
- संस्थागत तथा कार्यक्रमगत बिकासमा संस्थाको लामो अनुभव ।

५.२. सुधार गर्नुपर्ने पक्षहरु

- संस्थाको आन्तरिक दिगो आर्थिक श्रोत नहुनु
- सदस्यहरुको लगनशीलतामा कमी (कम सक्रिय)
- संस्थाका ठुला परियोजनाको कारण संस्थाले सुरु गरेका सुरुका साना कार्यक्रम(विवाद मध्यस्थता, महिला आय आर्जन, छात्रबृत्ति वितरण, सार्वजनिक सुनुवाई आदि) ओझेलमा पर्नु ।
- केन्दिय कार्यालय र परियोजना कार्यालय टाढा भएकोले समन्वय गर्न गाह्रो ।
- संस्थाका सागठिक संरचनाहरुले पुर्ण रुपले काम नगर्नु ।)महिला विभाग र सं.वि.सं एकाई)
- अभिलेखिकरण कमी हुनु तथा प्रचार प्रसार कम हुनु ।
- मिडिया कभरेजलाई कम प्राथमिकता दिइनु ।
- स्रोत तथा कार्यक्रमहरुको बिबिधिकरण गरी लक्षित बर्गको बिकास गर्न नसकिनु ।

५.३. अवसर पक्षहरु

- बहु दातृसंस्थासंग (हाल ४ वटा) साझेदारी हुनु ।
- विभिन्न सरकारी निकायबाट गठन हुने समिति(जिल्ला बाल संरक्षण, जिल्ला प्रारम्भिक बाल विकास केन्द्र, जिल्ला शिक्षा समिति, जिल्ला दैवीप्रकोप उद्धार समिति, अनिवार्य तथा निशुल्क शिक्षा जिल्ला समन्वय समिति तथा गैर सरकारी संस्थाका नेटवर्कसंग(गैसस महासंघ, बालबालिकाको लागि कार्यरत संस्थाहरुको महासंघ, बालसहभागिताको क्षेत्रमा काम गर्ने संस्थाहरुको महासंघ, एचआईभि र एड्स नेटवर्क, सिविआर राष्ट्रिय नेटवर्क, सुरक्षित मातृत्व सञ्जाल महासंघ आदि) आवद्ध हुनु ।
- एउटै दातृसंग लामो समय सम्म साझेदारी रहिरहनु ।(सेभ द चिल्ड्रेन)
- जिल्ला तथा स्थानिय सरोकारवाला निकायले बालबालिका ,महिला, युवाका लागि काम गर्ने संस्थाको रुपमा चिन्नु ।
- बेसले काम गरेका लक्षित समुह राज्यको प्राथमिकरणमा पर्नु ।(बालबालिका, महिला, दलित, पछि पारिएका समुदाय, युवा)
- संचारको तीव्र विकास हुनु ।

५.४. बाधाहरु

- संस्थालाई डलरको खेती गर्ने संस्थाको रुपमा हेर्ने गरेको ।
- राजनैतिक अस्थिरता ।
- दातृसंस्थासंगको साझेदारी कार्यक्रम सकिएपछि त्यसको निरन्तरता हुन नसक्नु ।
- सरोकारवालाहरुले संस्थाको क्षेत्र र क्षमता भन्दा बढीको अपेक्षा गर्नु (जिल्लाभर काम गर्न र निर्माणमूलक कामहरु गर्न जोड)
- दातृसंस्थाहरुले विभिन्न नियम लगाएर प्रशासनिक खर्च कम दिनाले कम कर्मचारीले बढी कार्यक्षेत्रमा काम गर्न परेको ।
- संस्थाको नीति नियमावली भन्दा दातृ संस्थाको नीतिले संस्थागत क्रियाकलापमा प्रभाव पार्नु । (वाध्यता)
- गै.स.सहरु विच एकता तथा संगठित हुन नसक्नु । जिल्लामा गैसस महासंघ निस्कृय हुनु । एकआपसमा समेत राम्रो सहकार्य तथा सम्बन्ध नरहनु ।

- गैरसरकारी संस्थाहरुबीच अस्वस्थ प्रतिष्पर्धा

भाग–३
बर्तमान परिवेश विश्लेषण

१.बर्तमान परिवेशको विश्लेषण :

बर्तमान समय कुनै पनि कुरामा निरपेक्ष छैन । प्रविधिको विकासका कारण २१ औं शताब्दी तरल रहेको छ । हरेक पुराना धारणा तथा मूल्य मान्यताहरु भत्कने र नयां धारणा तथा मूल्य मान्यताहरु स्थापित हुने क्रम तीब्रतर छ । तसर्थ सामाजिक विकास संस्थाहरुले समेत बर्तमान परिवर्तनहरुलाई चनाखो भएर हेर्नुपर्ने खांचो देखिएको छ । युगसापेक्ष बन्न नसक्दा समयको धारबाट बाहिरिनु पर्ने अवस्था सिर्जना भएका उदाहरणहरु समेत हाम्रा अगाडि छन् । समयको प्रवाहसंगै आफ्ना मूल्य मान्यताहरुको परिवर्तन, सवालहरुको पहिचान, कार्यप्रक्रियाहरुको छनौट हुनु जरुरी हुन्छ । यही नै अहिलेको शास्वत पक्ष हो । यही यथार्थलाई स्वीकार गर्दै बेसको पांच वर्षे रणनीतिक योजना तर्जुमाको क्रममा बर्तमान प्रभावशाली तत्वहरुको निम्नअनुसार विश्लेषण गरियो ।

१.१.राजनीतिक अवस्था विश्लेषण :

- विभिन्न देशमा संयुक्त राष्ट्रसंघको भूमिका बढेको ।
- अन्तराष्टिय मानवीय विकासका संगठनहरुको वृद्धि र आतंककारीको संगठनहरुको पनि वृद्धि भएको ।
- अन्तराष्ट्रियस्तरमा लोकतान्त्रिक अभ्यास बढ्दै गएको ।
- अन्तराष्ट्रितहमा मानविय सहयोगहरु बढेको ।
- नेपालमा संविधान निर्माण हुन नसकेको र नयां सरकार बन्न नसकेको स्थीति ।
- राजनीतिक पाटीहरुकोबिचमा अविश्वासको अवस्था रहेको ।
- मुलुक गणतन्त्र र संघियतामा गएको तर संघियताको स्वरुप निर्धारण नभएको अवस्था ।
- तरल राजनीति र संक्रमणकाल लम्बियको अवस्था ।
- लामो समय देखि स्थानीय निकाय जनप्रतिनिधिबिहिन रहेको अवस्था ।
- सीमा क्षेत्रमा विभिन्न अप्ठ्यारा, अतिक्रमण तथा आपराधिक गतिविधिहरु हुने गरेको ।
- राजनीतिक पाटीहरुबाट खासै सहयोग वा असहयोग दुवै नगरेको अवस्था ।
- पाल्पा जिल्ला कार्य सम्पादनमा नेपालभरकै एक नं मा परेको । सरकारी निकायहरुबाट समेत पारदर्शिताका अभ्यासहरु गर्न सुरु गरेको ।
- सरकारी निकायबाट लक्षित समूहहरुलाई निर्णय प्रक्रियामा सहभागी बनाउन सुरु गरेको ।
- राजनीतिप्रति युवाहरुको धारणा सकारात्मक नभेटिएको ।

- युवाहरुलाई राजनीतिक पाटीहरुबाट बल प्रयोगमा बढी र नीतिगत निर्णयमा कम सहभागी बनाएको ।
- भौगोलिक उत्पीडनका सवालहरु उठेको अवस्था ।
- शान्तिप्रकृया अझै अनिर्णित रुहेका, संयुक्त राष्ट संघीय मिसन फिर्ता गएको, संबिधान बेलैमा नबनिरहेकोले समदाय तथा जनतामा चिन्ता बिद्यमान ।

१.२.सामाजिक विश्लेषण :

- सबैको लागि शिक्षाको विश्वव्यापी अभियान ।
- बिश्वव्यापी सामाजीकीकरण बिश्व समाजको निर्माण
- मुलुक धर्मनिरपेक्ष भएको अवस्था र धर्म प्रचार प्रसारको वृद्धि ।
- जातिय विभेदको अन्त्यको क्रमका साथै जातिय पहिचानको समेत खोजीको अवस्था ।
- जनसंख्याको आकार वृद्धि तर बृद्धिदरमा कमी ।
- शहरी क्षेत्रमा बसाई सराई आउने क्रम तीब्र ।
- जेष्ठ नागरिकहरु अपेहेलित बन्दै गएको अवस्था ।
- सञ्चार प्रविधिका कारण यौन स्वतन्त्रता बढ्दै गएको ।
- पारिवारिक विघटनको बृद्धि ।
- महिला उपर हुने घरेलु हिंसाहरु यथावत
- बालबालिकाहरुलाई मानवको रुपमा यद्यपि स्वीकार नगरिएको अवस्था ।
- संयुक्त परिवारबाट एकल परिवारमा वृद्धि ।
- भौगोलिक उत्पीडनको सवाल उठेको अवस्था ।
- साक्षरता दर बढेको बालिकाहरुको शिक्षामा पहुंच ।
- गरीब ,सिमान्तकृत ,अपांगतामा रहेका बालबालिकाहरुको हरेक क्षेत्रमा पहुंचको कमी ।
- शैक्षिक संस्थाहरु बढेको । गुणस्तरीय व्यवहारिक शिक्षाको अभाव रहेको र शिक्षामा निजि क्षेत्रप्रति समुदायको आर्कषण बढेको ।
- अपहरण, हत्या, फिरौति, चन्दा आतंक बढेको । बालबालिकाहरु समेत बढी प्रभावित बन्दै गएको ।
- पुराना मान्यता मूल्यहरु क्रमश : परिवर्तन हुंदै गएको ।
- समाबेशीता र जातीयताका कुरा उठे पनि संक्रमकालिन अबस्थाले गर्दा समदाय बिभाजित हुदै गएको ।

१.३. आर्थिक विश्लेषण :

- अर्थतन्त्रमा विश्वव्यपीकरण ।
- बहुराष्ट्रिय कम्पनीको वृद्धि, खुल्ला तथा उदार नीति ।
- व्यापारमा संजालीकरण ।
- उपभोग्य लगायत हरेक क्षेत्रमा मूल्य बृद्धि भएको ।
- नेपालमा बित्तिय संस्थाहरुको वृद्धि ।
- बैदेशिक रोजगारीमा युवाहरुको अतिसय वृद्धि, मुलुकको अर्थतन्त्रमा रेमिटेन्सको ठुलो हिस्सा रहेको
- रेमिटेन्सको लगानी अनुत्पादक क्षेत्रमा हुने गरेको ।
- खेतीयोग्य जमीनहरु बांझिंदै गएको ।
- जग्गाहरु घडेरी व्यापारका कारण टुक्रिंदै गएको ।
- आम मानिसमा श्रम गर्ने प्रबृत्ति घट्दै गएको ।
- संस्थाका कार्यहरुमा श्रमदान गर्ने प्रचलनमा अत्यन्त कमी आउदै गरेको ।

- कृषिप्रतिको समुदायको आर्कषणको कमी ।
- महिलाहरुको श्रमलाई मुल्यांकन नगरिएको । तर अर्थोपार्जनमा महिला सहभागिता बढेको ।
- राज्यको श्रोत तल्लो तहसम्म अएको तर सही सदुपयोग नभएको ।

१.४.प्राविधिक विश्लेषण

- संचारको प्राविधिको सहज पहुंच ।
- ग्रामिण क्षेत्रमा विद्युतीकरण,
- गाउंमा कम्प्यूटर प्रयोगकर्त्ता बढेको ।
- इन्टरनेटको सुविधा गाउंमा गए पनि ग्रामीण समुदायको पहुंच कम रहेको ।
- प्रविधिको संचार माध्यम एफ. एम.रेडियो. टि.भि.को वृद्धि
- छापा र अनलाईन ग्रामिण क्षेत्रको पहुंचमा कमी रहेको ।
- कृषिमा आएको प्रविधिहरु कम प्रयोग भएको ।

१.५.कानुनी अवस्था विश्लेषण :

- संक्रमणकालिन अवस्थामा कानुनको फितलो पालना
- सहश्राब्दी विकास लक्ष्य सरकारी, गैरसरकारी क्षेत्रको प्राथमिकतामा रहेको ।
- सबैको लागि शिक्षा अभियान (२००० देखि २०१५) को लक्ष्य प्राप्तिका लागि बिद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनको अवस्था ।
- जिल्ला अदालतहरुमा बाल ईजलासको स्थापना हुंदै गरेको अवस्था ।
- जातिय, लैंगिक, भौगोलिक तथा पछि पारिएका वर्ग तथा समुदायबाट अधिकारको आवाज उठाएको अवस्था ।
- द्वन्द प्रभावित व्यक्तिहरुको सुरक्षा तथा पुनर्स्थापनाको जल्दोबल्दो अवस्था ।
- CRC 1989 जेनेभा महासन्धी UNCRPD 2006, SEDAW आदि अनुमोदन भई कार्यान्वयनमा रहेको
- अन्तरिम संविधान रहे पनि पटक पटक संसोधन हुने गरेको ।
- सत्यनिरुपण तथा मेलमिलाप आयोग वन्न नसकेको अवस्था ।
- महिला उपर हुने घरेलु हिंसा विरुद्धको वर्ष घोषणा भएको वर्ष ।
- महिला तथा बालबालिका उपर भएका दूर्व्यवहारका मुद्दाहरु कम पर्ने गरेको ।

२. लक्षित समूहको पहिचान :

बेसले सरोकारवालाहरुसंगको पृष्ठपोषण, बर्तमान अवस्थाहरुको विश्लेषण, संस्थागत अवस्थाहरुको विवेचनाबाट सहभागीहरुको छलफलबाट अबको पांच वर्षका लागि निम्न लक्षित समूहको निर्धारण भएको छ ।

- बालबालिका तथा युवा
- महिला
- अपांगतामा रहेका व्यक्तिहरु
- भूमिहीन तथा पछि पारिएका समुदाय
- दलित
- अप्ठ्यारोमा परेका व्यक्तिहरु परिवार
- एच.आई.भि. संक्रमित व्यक्ति तथा प्रभावित परिवार
- जेष्ठ नागरिक

- प्रकोप पीडित (दैबी, प्राकृतिक तथा मानबीय)

३. कार्यक्षेत्र :

कार्यशाला गोष्ठीमा सहभागीहरुबीचको छलफल तथा संस्थाको बर्तमान कार्यक्षेत्रको विश्लेषणको आधारमा बेसको बर्तमान कार्यक्षेत्रबाट आगामी पांच वर्षका लागि निम्नअनुसार विस्तार गर्ने लक्ष्य तय भएको छ । यी कार्यक्षेत्रका गाविसहरु छनौट गर्दा जिविसको मूल्यांकनमा पछि परेका गाविसहरु छनौट हुनेछन् । स्थानीय अधिकारीको स्वीकृतिमा नेपाल अधिराज्यभरी संस्थाको कार्यक्षेत्र बिस्तार हुनेछ । हालको दुई जिल्लाबाट बेसले आगामी पांच वर्षमा कम्तिमा ५ जिल्लामा आफ्नो कार्यक्षेत्र बिस्तार गर्ने छ ।

४. लक्षित समुदायको सवाल विश्लेषण

सहभागीहरुको समूहगत छलफलबाट उल्लेखित लक्षित समूहका बर्तमान सवालहरु के के छन् भन्ने कुराको पहिचान गरियो । यी सवालहरुको पहिचान गर्दा माथि गरिएका बर्तमान अवस्थाको विश्लेषणबाट लक्षित समूहहरुको मुख्य सवालहरु निम्नअनुसार पहिचान गरियो ।

४.१.बालबालिका

- बालबालिकाको सुरक्षित जन्मको व्यवस्था अप्रयाप्त रहेको ।
- बालबालिकाहरु पोषण ,खोप, उचित स्याहार, जन्म दर्त्ताबाट बञ्चित रहेको ।
- बालबिकास केन्द्रको स्थापना र उचित व्यावस्थापन नभएको ।
- अनिवार्य ,निशुल्क ,गुणस्तरीय र व्यवहारिक शिक्षा नारामा मात्र सीमित रहेको ।
- बालबालिकाको निस्क्रिय सहभागिता,
- अपहरण तथा बेचविखन
- बालविवाहको प्रचलन यद्यपि कायम रहेको ।
- बालश्रम
- विद्यालय तथा घरमा सजाय दिने प्रबृत्ति यद्यपि रहेको ।
- जोखिम काममा बालबालिकाको प्रयोग
- लागुपदार्थको ओसारपसार र प्रयोगमा बालबालिकाको संलग्नता
- बालअधिकारप्रतिको समुदायको सचेतनाको कमी रहेको ।

४.२. युवा

- राष्ट्रिय युवा नीति आए पनि त्यसको प्रचारप्रसार नभएको ।
- युवाहरुलाई रोजगारी र रोजगारमुलक शिक्षा र तालिमको अभाव रहेको ।
- युवाहरु दूर्व्यसन, एच.आई.भि.र एड्स, दूर्व्यवहारबाट पीडित रहेको ,
- युवाहरुलाई राजनीति तथा आपराधिक गतिविधिमा उपयोग गरिएको ।
- युवाहरुको बचाउ, सचेतना तथा परामर्श दिने केन्द्रहरुको अभाव ।
- नीति निर्माण प्रक्रियामा युवाहरुको अर्थपूर्ण सहभागिता नभएको ।
- युवाहरुलाई सामाजिक सद्भाव र नैतिक शिक्षा दिने प्रणालीको अभाव रहेको ।

४.३. महिला :

- महिलाहरु यद्यपि मूलप्रवाहबाट पछि परेको अवस्था ।
- साक्षरता प्रतिशतमा महिलाहरु पछि परेको अवस्था ।
- सम्मान पूर्वक जीवनयापन गर्न नपाएको अवस्था ।
- नीति निमार्ण प्रक्रिया र कार्यान्वयन पक्षमा अर्थपूर्ण सहभागीता हुन नसकेको ।
- गर्भ र सुत्केरी अवस्था विशेष स्याहार हुन नसकेको । असुरक्षित मातृत्व यद्यपि रहेको ।
- दाईजो ,छाउपडी, महिला घरेलु हिंसा, बहुविवाह ,विधवा अपमानमा रहेको अवस्था ।
- आम्दानीमा महिलाहरुको सहभागिता रहे पनि सम्पतिमा पहुंच नरहेको अवस्था ।
- महिला आय आर्जन श्रम अनुसारको ज्याला नपाएको अवस्था ।

४.४. अपांगतामा रहेका व्यक्तिहरु

- अपांगतामा रहेका बालबालिका तथा युवाहरुको शिक्षामा पहुंच नभएको ।
- अपांगतामा रहेका व्यक्तिहरुको लागि मैत्रीपूर्ण वातावरण निर्माण नभएको ।
- अपांगता पहिचान (परिचय पत्र ,जन्म दर्त्ता नागरिकता) सहजरुपमा नपाएको ।
- अवसरका तालिम ,व्यावसाय, रोजगारीको अभाव ।
- सहायक सामाग्रीको सहज उपलब्धता नभएको ।
- अपहेलना, दूर्व्यव्यवहारमा परेको ।
- उपचार, पूर्नास्थापन, राज्यको सुविधाबाट बञ्चित रहेको । समग्रमा सामाजिक सुरक्षा को प्रत्याभूति नभएको ।

४.५. पछाडि पारिएका समुदाय, र वर्ग (दलित, आदिवासी जनजाति ,सीमान्तकृत, विपन्न वर्ग)

- राज्यको नीति निमार्णको तहसम्म पहुंच नभएको ।
- शिक्षाको अवसर र पहुंचबाट बाहिर रहेको ।
- रोजगार, स्वरोजगार ,व्यवसायमूलक र सीप शिक्षाबाट बिमुख ।
- अवसरमा प्राथामिकतामा नपारिएको ।
- आय उपार्जनको अवसरबाट बिमुख ।
- नि.शुल्क स्वास्थ्य अवसर र स्वास्थ्य, शिक्षा तथा सुचनाबाट बिमुख ।
- सुरक्षित बासस्थलको अभाव ।
- पहिचानको कमी । उपेक्षित ।
- सामाजिक सुरक्षाको कमी ।
- श्रम र सीप अनुसारको ज्याला जोखीम पूर्ण काममा बढी लगाउने ।

४.६. जेष्ठ नागरिक :

- पहिचानको अभाव ।
- जेष्ठ नागरिक नीतिको अभाव ।
- सामाजिक सुरक्षाका लागि दिएका सेवा सुविधाहरुको सेवाग्राही तथा सेवाप्रदायक दुर्वबाट दुरुपयोग ।
- सम्मान तथा नि शुल्क स्वास्थ्य सेवा नपाएको अवस्था ।

- परिवारबाट बहिस्कृत । पूर्नास्थापनाको अभाव ।
- सरल र सहज सेवाको अप्रयाप्तता ।

४.७. HIV/AIDS संक्रमित र प्रभावित परिवार :

- **HIV** संक्रमितप्रति हेर्ने नकारात्मक दृष्टिकोण ।
- **HIV** संक्रमित पहिचानको अभाव ।
- **HIV** संक्रमितलाई उपचारको अप्रयाप्तता ।
- **HIV/ AIDS** सम्बन्धी प्रचारात्मक सचेतना अभियानको अभाव ।
- पूनर्स्थापना, परिवार स्वस्थ्य सेवाको प्रणालीको अभाव ।
- परामर्श सेवाको अभाव ।
- शिक्षा, आयआर्जन रोजगारमा समावेश कम गरेको अवस्था ।

४.८. प्रकोप प्रभावित क्षेत्र

- पूर्व तयारीबारे सचेतनाको अभाव ।
- आकस्मिक सेवा तथा राहतको अभाव ।
- पूनर्स्थापनाको व्यवस्था नहुनु ।
- समन्वय र सामूहिक प्रयासको खाँचो ।

५. सरोकारवाला विश्लेषण :

सरोकारवालाहरुको सहयोग तथा असहयोग दुवै कुराबाट संस्थाका क्रियाकलापहरु प्रभावित हुन्छन् । संस्थालाई जिवन्त बनाउन गतिविधिहरु भइरहनुपर्छ । संस्थागत गतिविधिहरु समुदायको भलाईका लागि हुनुपर्छ । आम समुदायको भलाईका लागि काम गर्दा संस्था एक्लैको प्रयास संभव हुन्न । जुन ठाउंमा काम गर्ने हो त्यहाँका र जुन प्रकृतिको काम हो त्यही प्रकृतिका सरोकारवालाहरुसंग बढी सहकार्य गर्नु, समन्वय गर्नु र उनीहरुको समर्थन तथा सहयोग प्राप्त गर्नु समुदायमा काम गर्ने संस्थाहरुको लागि अनिवार्य आवश्यकता हो । सरोकारवालाहरु संस्थाका सच्चा मूल्यांकनकर्ता हुन् । आलोचक र समर्थक पनि हुन् । उनीहरुको सहयोग कार्यक्रममा रह्यो भने कार्यक्रम सफल मात्र हुन्न कि त्यसको उपलब्धीमा समेत प्रभाव पर्दछ । सहयोग रहेन भने अपेक्षित नतिजा प्राप्त गर्न नसकिने मात्र होइन कार्यक्रम संचालन गर्न नसकिने र अन्तत्वगत्वा संस्था नै नरहने अवस्था समेत सिर्जना हुन्छ । तसर्थ बेसले आफ्ना सरोकारवालाहरुको पहिचान गर्ने, विश्लेषण गर्ने, सहकार्य तथा समन्वयका लागि योजना बनाउने कामलाई प्राथमिकता दिएर आएको छ । संस्थाको रणनीतिक योजना बनाउने सन्दर्भमा समेत सरोकारवालाहरुको पहिचान तथा विश्लेषण गर्नु र सोही बमोजिम यो रणनीतिक योजना बनाइएको छ । यहाँ बेसका सरोकारवालाहरु निम्न पहिचान गरिएको छ ।

- बालक्लव
- युवाक्लब
- आमा समुहहरु
- विद्यालय/शैक्षिक प्रतिष्ठानहरु
- स्वास्थ्य संस्थाहरु
- गा.वि.स
- सामुदायिक वन उपभोक्ता समिति
- गाउं बाल संरक्षण तथा प्रवर्द्धन उपसमिति
- गाउं अपांगता पुनर्स्थापन समिति
- सहकारीहरु
- शिक्षा कार्यालयका श्रोतकेन्द्रहरु
- जिल्ला शिक्षा कार्यालय
- जिल्लाका संचार माध्यमहरु
- सुरक्षा निकाय

- जिल्ला बालकल्याण समिति
- जिल्ला विकास समिति
- महिला विकास कार्यालय
- जिल्ला प्रशासन कार्यालय
- गै.स.स महासंघ
- राजनैतिक दलहरु
- विषयगत संस्थाहरु
- समाज कल्याण परिषद
- राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृनिकायहरु
- जिल्लास्थित अन्य सरकारी कार्यालयहरु

६. सरोकारवालाका मुख्य अपेक्षाहरु :

- सवै वालवालिकाहरुले शिक्षा पाउनु पर्ने ।
- बालबालिकाहरुले शान्तिपुर्णरुपमा खेल्न, पढ्न तथा आप्नो क्षमता व्यक्त गर्न पाउनु पर्ने ।
- व्यवहारिक तथा जिवनोपयोगी शिक्षा पाउनु पर्ने ।
- संघ सस्थामा आवद्धता र विकासका कार्यहरुमा सहभागी हुन पाउनु पर्ने ।
- संस्थागत विकासमा ठुलो आर्थिक सहयोगको अपेक्षा
- विद्यालय सुचारुपले संचालन हुन पाउनु पर्ने ।
- प्रयाप्त शैक्षिक सामाग्री तथा पाठ्यपुस्तक पाउनु पर्ने ।
- अवलोकन भ्रमण तथा शिक्षकहरुको क्षमता विकासका लागि तालिमहरु पाउनु पर्ने ।
- विद्यालयको सुरक्षित भौतिक पुर्वाधार हुनुपर्ने ।
- संघसस्थाले संचार माध्यमसंगको साझेदारीमा सचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।
- अभियानमूलक कार्यक्रममा सहयोग तथा सचेतनामूलक कार्यक्रमहरु चलाउनु पर्ने ।
- पोषण, प्रजनन स्वास्थ्य लगायत विभिन्न कार्यक्रममा साझेदारी बढाउनु पर्ने ।
- लक्षित वर्गको अधिकार सम्वन्धि सचेतनामा बृद्धि गर्नु पर्ने ।
- स्थानिय निकायको क्षमता विकासमा सहयोग गर्नुपर्ने ।
- स्थानिय श्रम सिपको अधिकतम उपयोग गर्नुपर्ने ।
- विकास निर्माणमा साझेदारी हुनुपर्ने ।
- कार्यक्रमहरुमा पार्दशिता ल्याउनु पर्ने ।
- लक्षित क्षेत्रको अधिकारको वकालतका साथसाथै उनीहरुलाई कर्तव्यबोध समेत गराउनु पर्ने ।
- स्थानियस्तरका संरचनामा साझेदारी एवम प्राविधिक सहयोग पुर्‍याउनु पर्ने ।
- आपतकालीन अवस्थामा सहयोग पाउनु पर्ने ।

भाग-४

आवधिक योजना(२०११-२०१५) का रणनीतिहरु

यस भागमा माथिका विश्लेषणहरुबाट प्राप्त सूचनाका आधारमा संस्थाको पांच वर्षे रणनीतिको विकास तथा आवधिक योजना निर्माण गरिएको छ ।

१. सरोकारवालाका अपेक्षा पुरा गर्न संस्थागत रणनितिहरु :

सामाजिक विकास संस्थाहरुले अधिकारवालाहरुको लागि काम गर्दा उनीहरुको जिवनस्तर माथि उठाउने खालका र दीगो ढंगका कार्यक्रमहरुमा जोड दिनुपर्ने हुन्छ । यसका लागि सरोकारवालाहरुको भूमिका समेत महत्वपूर्ण हुन्छ । सरोकारवालाहरुको भूमिकालाई अधिकारवालाहरुको विकास र सशक्तिकरणको लागि बढाउनु जरुरी हुन्छ । अत : बेसले आगामी पांच वर्षमा सरोकारवालाहरुको अपेक्षा पुरा गर्न निम्न रणनीतिहरु अवलम्बन गर्नेछ ।

- स्थानिय स्रोत परिचालनलाई जोड दिने
- जसका लागि काम गर्ने हो उनीहरुको सहभागितामा कार्यक्रम निमार्ण गर्ने ।
- भयरहित तथा विद्यालय शान्तिक्षेत्रको पैरवी गर्ने ।
- अभियानमुलक कार्यक्रममा संचार माध्यमसंग समन्वय गर्ने ।
- सम्वन्ध बिस्तारका लागि समन्वयात्मक भुमिका खेल्ने ।
- राजनीतिक पाटी तथा अन्य सरोकारवालाहरुबिच अन्तरकृया गर्ने ।
- स्थानिय निकाय, राजनैतिक दल,श्रोत केन्द्र,अभिभावक, स्थानिय संघसंस्थाको संयुक्त सहभागितामा सचेतना अभियानमुलक कार्य संचालन गर्ने ।
- स्थानियस्तरमा प्रावधिक तथा व्यवहारिक शिक्षाको लागि पैरवी गर्ने ।
- साझेदारी र समन्यात्मकरुपमा भएका कार्यक्रम दीगो बनाउनका लागि प्राविधिक परिचालन गर्ने ।

२. संस्थागत मूल्य मान्यताहरु :

मूल्य मान्यता सामाजिक नियम जस्तै हुन् । यो रीति पनि हो । संस्थाभित्र पनि के कस्तो रीति, संष्कृतिको निर्माण गर्ने र संस्थालाई कसरी परिचित बनाउने भन्ने कुरा संस्थाको मुल्य मान्यतामा आधारित हुन्छ । संस्थाका मूल्य मान्यताहरुले संस्थाका सदस्य तथा कर्मचारीहरुलाई निरन्तर मार्गनिर्देश गरिरहनुपर्छ । यही कुरालाई मध्यनजर गरेर बेसले निम्न मूल्य मानयताहरुलाई आगामी पांच वर्षका लागि संस्थामा स्थापित गर्ने रणनीति तयार गरेको छ :

२.१. सामाजिक समावेशीकरण :

सामाजिक समावेशीकरणलाई बेसले संस्थाभित्र तथा काम गर्ने समुदायमा अभ्यासमा लैजाने छ । संस्थाभित्र खासगरी महिलाहरुको अर्थपूर्ण सहभागितामा जोड दिइने छ । संस्थामा कूल सदस्यमध्ये दलितहरु २० प्रतिशत तथा अपांगतामा रहेका व्यक्तिहरुको सदस्यता ५ प्रतिशत पुर्‍याइने छ । महिला सदस्यहरुको क्षमता विकासमा जोड दिइने छ । समुदायमा संस्थाबाट संचालन हुने सबै कार्यक्रमहरुमा सामाजिक समावेशीकरणलाई ख्याल गरिने छ । संस्था प्रवर्द्धित सबै संरचनाहरुमा पछि पारिएका समुदाय, महिला, बालबालिका तथा युवाहरुको सहभागिता बढाइने र अर्थपूर्ण बनाइने छ ।

२.२. लोकतान्त्रिक संरचनाको प्रवर्द्धन तथा अभ्यास :

बेसले संस्थाको जीवनप्रक्रियामा लोकतान्त्रिकरण गर्दै आएको छ र जाने पनि छ । यस संस्थामा सदस्यता खुल्ला रहने छ । हरेक वर्ष सदस्यहरुको नवीकरण गर्ने र यसलाई अभिलेखन समेत गरिंदै गइने छ । संस्थाका सदस्य, कर्मचारीदेखि कार्यसमितीका पदाधिकारीसम्म सवैको संस्था प्रति साझा वुझाई वनाउन अभिमुखीकरण तथा अन्य क्रियाकलापहरु संचालन गरिने छ । संस्थाको मुखपत्रलाई नियमित प्रकाशन गर्दै गइने छ । हरेक २ वर्षमा संस्थाको नियमित अधिवेशन तथा वर्ष वर्षमा गरिने साधारणसभालाई अर्थपूर्ण र उदाहरणीय बनाउंदै लगिने छ । समुदायमा समेत लोकतन्त्रको मूल्य मान्यतालाई व्यवहारमा उतार्ने ढंगले कार्यक्रमहरुको

कार्यान्वयन गरिने छ । बेस कुनै राजनीतिक दलको पृष्ठपोषण गर्ने नभई सबै राजनीतिक दलहरुबीच तटस्थ रहने छ ।

२.३. सामाजिक सहिष्णुताको विकास :

बेसले शान्ति प्रवर्द्धनका लागि जरामा काम गर्नेछ । समुदायमा काम गर्दा समूह-समूहबीच वा व्यक्ति-व्यक्तिबीच मेलमिलाप, सद्भाव बढाउने खालका क्रियाकलापहरु र कार्यशैली छनौट गर्नेछ । समुदायमा काम गर्दा यस्ता क्रियाकलाप तथा कार्यशैलीहरुलाई लागु गर्नेछ । यसबाट समुदायमा मेलमिलाप तथा सामाजिक सद्भावको बढोत्तरी हुनेछ र शान्ति प्रवर्द्धनमा मद्दत पुग्नेछ । आगामी पांच वर्षमा बेसले सामाजिक सहिष्णुताको विकासका लागि कर्मचारी तथा सदस्यहरुलाई अभिमुखीकरण, त्यस्ता क्रियाकलाप तथा कार्यशैलीहरुको छनौट, योजना, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने परम्परालाई अगाडि बढाउने छ ।

२.४. सामाजिक न्याय तथा मानव अधिकारको प्रवर्द्धन :

बेसले समुदायमा काम गर्दा सामाजिक न्यायको मान्यतालाई प्रवर्द्धन गर्नेछ । यसका लागि समुदायमा पछि पारिएका, परित्यक्त, अपांगतामा रहेका तथा जोखिममा रहेका बालबालिका, महिला, युवा तथा जेष्ठ नागरिकको हितमा कार्यक्रम केन्द्रित गर्नेछ । सीमान्तकृत तथा निमुखा वर्गको अधिकार स्थापित गर्ने ढंगले कार्यक्रमहरु संचालन हुनेछन् । मानवअधिकारका लागि समुदाय तथा जिल्लातहमा पैरवी गरिने छ ।

२.५. सुशासनको प्रवर्द्धन :

बेस संस्थागत संरचनाका बिभिन्न तहहरुमा भूमिका, जिम्मेवारी र अधिकारको पृथकीकरण गर्दै आपसी सन्तुलनको माध्यमवाट संचालित हुन प्रतिबद्ध छ । संस्थाको कार्यसमिति र व्यवस्थापन समूहबिचको भूमिका, जिम्मेवारी र अधिकारको स्पष्ट बिभाजन गरी संस्था संचालन गर्ने धेरै अघिदेखिको अभ्यासहरुलाई नियमबद्ध गरी संस्थागत गर्न प्रतिवद्ध रहेको छ । बेसको इतिहासमा कार्य समितिका पदाधिकारीहरु कर्मचारीमा रहने प्रचलनलाई कायमै राखिने छ ।

बेसले वि.सं.२०५४ सालदेखिकै आचारसंहिता बनाएर संस्थामा लागु गरेको छ । बेस बालबालिकाको क्षेत्रमा समेत काम गर्ने संस्था भएको कारण संस्थाको आफ्नै बाल संरक्षण नीति कार्यान्वयनमा रहेको छ । यी सबै विधान, निर्देशिका तथा आचारसंहिताहरु लागु भएको नभएको हेर्न र चेतावनी, कारवाही प्रक्रिया अगाडि बढाउन साधारणसभाबाटै तोकिएको अनुशासन अनुगमन समिति रहेको छ । कर्मचारी भर्ना गर्ने व्यवस्थालाई संस्थाको मानव स्रोत व्यवस्थापन तथा विकास निर्देशिकामा व्यवस्थित गरिएको छ । निर्देशिका अनुसार आन्तरिक तथा खुल्ला गरी दुवै प्रक्रियाबाट कर्मचारी लिन सकिने प्रावधान रहेको छ । संस्थाको अभ्यासमा धेरै कर्मचारीहरु खुल्ला प्रतिस्पर्धाबाट आएका छन् । संस्थाको करिव एक दर्जन निर्देशिकाहरु रहेको छ र संस्थाका सबै काम कारवाहीहरु निर्देशिका अनुसार संचालन भएका छन् । निर्देशिकाहरु पूर्णत : कार्यान्वयन गर्ने दिशातर्फ बेस उन्मूख रहने छ । यसलाई अझै व्यवस्थित बनाउन वार्षिकरुपमा समीक्षा गर्ने तथा संस्थागत संरचनाहरुको क्षमता विकास गर्ने कार्यलाई आगामी पांच वर्षमा प्रमुख प्राथमिकता दिइने छ ।

२.६. स्थानीय संष्कृतिको सम्मान :

बेस जुनसुकै समुदायमा काम गर्दा स्थानीय संष्कृतिहरुको सम्मान गर्दछ । जातिय तथा भौगोलिक पहिचान दिने खालका संष्कृतिहरु हाम्रा सम्पत्ति हुन् भन्ने कुरामा बेस प्रतिवद्ध रहने छ । तर मानवअधिकार उलंघन हुने तथा समाजको सकारात्मक परिवर्तनमा बाधा पुर्याउने चलनहरुलाई हटाउँदै जाने कुरामा बेस उन्मुख रहने छ ।

२.७. स्थानीय स्रोत परिचालन :

बेसले विकासलाई लिने र दिने प्रक्रिया होइन भन्ने कुरामा विश्वास गर्दछ । विकास भन्नु समुदायको सकारात्मक परिवर्तन हो र परिवर्तनका लागि समुदायबाटै अभ्यास हुनुपर्छ भन्ने मान्यता बेसको रहेको छ । सामाजिक विकास संस्थाहरुको भूमिका उनीहरुलाई सशक्त बनाउनु र बाटो देखाउने हो । सामुदायिक सहभागितामा केही कामहरु गरेर नमूना प्रस्तुत गर्दै त्यसको स्वामित्व उनीहरुमा नै रहने किसिमले काम गर्ने विकासको नयां मान्यतालाई व्यवहारमा लागु गर्न बेस उद्यत रहेको छ । यसका लागि स्थानीय स्रोत साधनको प्रयोग तथा परिचालनबाट मात्र संभव छ । स्थानीय स्रोत परिचालन गरी सम्पन्न गरिएका कामहरु मात्रै दीगो र आत्मसम्मानलाई बंचाउने हुन्छ । यसैले बेसले समुदायमा काम गर्दा स्थानीय मानवीय, भौतिक स्रोतहरुको पहिचान तथा परिचालन गर्ने कुरालाई संस्थागत मान्यताकोरुपमा स्वीकार गरेको छ ।

२.८. हानी नगरौं (Do no harm) :

बेसले समुदायमा काम गर्दा स्थानीय संष्कृति, चालचलन, स्थानीय सम्बन्धहरु, प्रकृति जस्ता विषयहरुलाई गंभिरताका साथ ख्याल गर्नेछ । समुदायमा संस्थाको उपस्थिती सहयोगीकोरुपमा रहने न कि नेताको रुपमा भन्ने कुरालाई कर्मचारीहरुलाई प्रशिक्षित गरिने छ । बेसले हरेक ६, ६ महिनामा हुने संस्थागत समीक्षाहरुमा यस सवालमा समेत समीक्षा गर्नेछ । बेस समुदायमा कसैको सामाजिक तथा व्यक्तिगत जीवनमा हानी नपुर्‍याउने मान्यताप्रति प्रतिवद्ध छ र रहने छ ।

३. संस्थागत परिकल्पना, ध्येय, लक्ष्य तथा उद्देश्यहरु :

३.१. परिकल्पना (Vision) :

समतामूलक, सभ्य र आत्मनिर्भर समाजको सिर्जना

३.२. ध्येय (Mission)

- बालबालिका, युवा, महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गतामा रहेका व्यक्ति तथा पछाडि पारिएका वर्गको आत्मसम्मान् सहित सामाजिक जीवनयापन गर्न सहयोग गर्ने ।

३.३ लक्ष्य (Goal)

- शिक्षालाई अनिवार्य, गुणस्तरीय र जीवनोपयोगी बनाउन सहयोग गर्ने ।
- बालबालिका, अपांगतामा रहेका व्यक्तिहरु, महिला, युवा, जेष्ठ नागरिक तथा पछि पारिएका समुदायको अधिकारको प्रवर्द्धन गर्दै कर्तव्यको वोध गराउने ।
- जनसरोकारका विषयमा जनचेतनामूलक कार्यक्रम सचालन गर्ने ।
- लक्षित क्षेत्रलाई संगठित र सशक्तिकरण गर्दै आत्मनिर्भर बन्न सहयोग गर्ने
- समुदायमा सबैको समान हैसियत सहित सामाजिक सद्भाव कायम गरी शान्ति प्रवर्द्धन गर्ने ।
- दिगो श्रोतको खोजी, सुशासन तथा नेतृत्वको विकास गर्दै संस्थागत विकास गर्ने ।

३.४.उद्देश्यहरु (objectives)

- आधारभुत तथा गुणस्तरीय शिक्षामा लक्षित बालबालिकाको पंहुच बढाउने
- स्थानीय स्रोत, साधन तथा सिपमा आधारित कार्यक्रमका माध्यमबाट लक्षितवर्गलाई आत्मनिर्भरतातर्फ उन्मुख गर्ने
- लक्षित क्षेत्रको संगठन निर्माण, सशक्तिकरणका साथै अधिकार स्थापित गर्न बहस तथा पैरवी गर्ने ।
- लक्षित क्षेत्रको स्वास्थ्य स्थितीमा सुधार ल्याउने ।

- समुदायमा सामाजिक सद्भाव अभिबृद्धि गरी शान्ति स्थापना गर्न सघाउने ।
- मानवबस्तीमा सिर्जित आपत्कालीन अवस्थाहरुमा मानवीय सहयोग पुर्याउने ।
- लक्षित समूहलाई सेवा सुविधामा पहुंच बढाउन क्षमता अभिवृद्धि गर्ने ।
- सचेतीकरण र पूनर्स्थपनाका माध्यमबाट प्रकोप तथा जोखिम न्यूनिकरण गर्ने ।
- समुदाय तथा संस्थामा नेतृत्व विकास, समावेशी, सुशासन र पारदर्शीताको अभ्यास गर्ने ।

४. सवालहरुको प्राथमिकरण :

माथि प्रस्तुत गरिएका थुप्रा सवालहरु संस्थाबाट समाधन गर्न संभव हुन्न । सबै संस्थाबाट समाधान हुनुपर्छ भन्ने मान्यता पनि होइन । सामाजिक विकास संस्थाहरु राज्यका प्राथमिकतामा रहेका तर सम्बोधन हुन र सहयोग पुग्न नसकेका क्षेत्रहरुमा काम गर्ने भूमिकामा रहनुपर्छ । राज्यका नीतिहरुको कार्यान्वयन गराउने र काम नभएका क्षेत्र **(Gap)** हरुमा सामाजिक संस्थाहरुले काम गर्नुपर्छ भन्ने बेसको मान्यता रही आएको छ । तसर्थ बेसको रणनीतिक योजना तर्जुमा कार्याशालामा सहभागी सरोकारवाला, अधिकारवाला तथा संस्थाका सदस्य र कर्मचारी प्रतिनिधिहरुबाट निम्न सवालहरु प्रमुख पहिचान गरियो र प्राथमिकीकरण गरियो ।

<u>सवालहरु</u>

- बालबालिकाहरु अझै विद्यालय बाहिर छन् र शिक्षा गुणस्तरीय र अनिवार्य हुन सकेको छैन ।
- बालविवाह व्याप्त छ ।
- यूवाहरु वेरोजगार छन् र स्वदेशमा रोजगारीको अभावमा विदेश पलायन भएका छन् ।
- समाज **HIV\ AIDS** र दुर्व्यसन तथा हिंसाको चपेटामा परेको छ ।
- महिलामाथि घरेलु हिँसा रोकिएको छैन ।
- महिलाहरु अझै पनि सुरक्षित प्रसुती सेवाबाट बञ्चित भएकोले मातृमत्युदर बढी छ ।
- लैङ्गिक असमानता सबै क्षेत्रमा व्याप्त छ ।
- जेष्ठ नागरिकहरु सहाराविहिन बन्दै गएका छन् ।
- समुदायमा अझै पनि द्वन्द्वको घाउ सुकेको छैन ।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित हुन नसक्दा परित्यक्त अवस्थामा छन् ।
- मानवसिर्जित तथा प्राकृतिक प्रकोपबाट पीडित हुने व्यक्ति तथा परिवारको तत्काल उद्धार तथा राहत दिने प्रणालीको अभाव छ ।
- परम्परागत कृषि प्रणालीका कारण कृषिबाट अपेक्षित लाभ लिन नसकिएको अवस्था छ ।
- वातावरणीय विनासका कारण मौसम परिवर्तनले जनजीविकामा समस्याहरु सिर्जना हुन थालेको अवस्था छ ।

५. संस्थागत आम्दानीका स्रोतहरु :

उल्लेखित सवालहरुलाई सम्बोधन गर्न र लक्ष्यमा पुग्न संस्थालाई आर्थिक स्रोतको जरुरत पर्नेछ । मानव स्रोतको परिचालनका लागि समेत आर्थिक स्रोत अनिवार्य हुन्छ । संस्थाका लक्ष्य, उद्देश्यहरुलाई पुरा गर्न आर्थिक स्रोत आवश्यक पर्ने भएकोले आगामी दिनमा संस्थाको आर्थिक पक्षलाई बलियो बनाउन र दीगो आर्थिक स्रोतको लागि निम्न स्रोतहरु पहिचान गरियो ।

- ❖ मेस संचालन
- ❖ कपी छपाई
- ❖ कर्मचारी, सदस्यवाट चन्दा सहयोग
- ❖ सदस्यता शुल्क

- ❖ सरोकारवालाहरुले दिने चन्दा दान
- ❖ कार्यालयको उपकरण तथा हल प्रयोगवाट संकलित रकम
- ❖ विभिन्न कार्यक्रम संचालन गर्दा संस्थालाई प्राप्त हुने प्रशासनिक खर्च(ओभरहेड)
- ❖ पाहुना कक्षहरुको संचालन ।
- ❖ अक्षयकोषका वैंक व्याजहरु ।
- ❖ रु १।०० अभियान तथा श्रम शिविरहरु ।
- ❖ संस्थाको मुखपत्रमा विज्ञापन संकलन ।
- ❖ समुहको जनशक्ति वाहिरी श्रोत व्यक्तिको रुपमा पठाउने
- ❖ श्रोत केन्द्र र तालिम केन्द्र स्थापना
- ❖ वैंक सेयर कारोवार ।

६. योजना तर्जुमा विधि :

बेसले आगामी पांच वर्षको लागि योजना तर्जुमा विधिमा तपशिलका प्रक्रियाहरु अप्नाउनेछ :

क) रणनीतिक, आवधिक योजना तथा वार्षिक योजना तयार गर्न बेसले सहभागितात्मक योजना तर्जुमा विधिको अनुशरण गर्ने छ ।

ख) बेसले रणनीतिक योजनाको आधारमा कार्यक्रमका प्रस्तावहरु तयार गर्नेछ ।

ग) संस्थाबाट संचालन हुने कार्यक्रमहरुको तर्जुमा अधिकारवालाहरुको सहभागितामा गरिने छ ।

घ) अधिकारवालाहरुको सहभागितामा उनीहरुबाट आएका विचारहरुलाई सम्बोधन गर्दै यसलाई मस्यौदामा ल्याउने कार्य जिम्मेवारी तोकिएको विभाग वा कर्मचारीहरुबाट हुनेछ ।

ङ) योजनालाई पास गर्ने काम कार्यसमितिबाट गरिने छ ।

च) योजना तर्जुमाको सन्दर्भमा योजनालाई विशेषरुपमा दुई भागमा बांडेर हेरिन्छ :

१) स्थानीय स्रोतमा आधारित (संस्थागत आन्तरिक स्रोत समेत)

२) साझेदार(दातृ) संस्थाको सहयोगबाट हुने योजना

छ) स्थानीय स्रोतमा आधरित योजना तर्जुमाका विधिहरु :

१.समुदायको सबै पक्षको सहभागितामा समस्या पहिचान ।

२.आवश्यकता पहिचान ।

३.आवश्यकताको प्राथमिकीकरण ।

४.आवश्यकता पुरा गर्ने क्रियाकलापहरुको पहिचान

५.स्रोत पहिचान ।

६.कार्ययोजना तयारी ।

७.सबैको सहभागितामा योजना पास ।

ज) साझेदार(दातृ) संस्थाको सहयोगबाट हुने योजनाको तर्जुमा विधि :

दातृसंस्थाको सहयोगबाट संचालन हुने कार्यक्रमहरुको हकमा समेत अधिकारवालाहरुको सहभागिताको सुनिश्चितता गरिने छ । उनीहरुको आर्थिक तथा मानवीय सहभागितामा कार्यक्रम संचालन गरिने छ । अधिकारवाला तथा सरोकारवालाहरुको सुझाव अनुसार कार्यक्रमका क्रियाकलापहरु संशोधन, थप तथा हटाउन सकिने छ । समुदायको सहभागिता सुनिश्चित गर्न कार्यक्रमको प्रकृति हेरी सहयोग समितिहरु गठन गरिने छ।

झ) दातृसंस्थाको सहयोग निम्न हुनसक्नेछ :

- ○ पूर्ण भौतिक तथा वित्तिय सहयोग ।
- ○ पूर्ण प्राविधिक सहयोग ।
- ○ आंशिक वित्तिय तथा प्राविधिक सहयोग ।

७) कार्यक्रम थालनी (Phase in) तथा अन्त (Phase out) गर्ने रणनीति :

७.१. थालनी :(Phase in) गर्ने रणनीति :

- जिल्ला र गाविसस्तरीय परिचयात्मक कार्यक्रम ।
- कार्यक्रमले मागे अनुसार समुह गठन तथा परिचालन । (यस्ता समितिहरु पूवर्वत रहेको भए पुन : गठन नगर्ने)
- समुह अभिमुखीकरण
- समूहहरुसंग कार्यक्रम निर्माण, कार्यान्वन तथा अनुगमन र मूल्यांकनका प्रक्रियाहरुमा साझेदारी ।
- कार्यक्रम सल्लाहकार समिति गठन परिचालन (सरोकारवालाहरुको)

७.२. कार्यक्रमको अन्त (Phase out) गर्ने रणनीति :

- Setting indicators. (सूचक निर्माण)
- चरणहरु निर्माण (पहिलो चरण : संस्था अगाडि, दोस्रो चरण : समुदाय/समूह संगसंगै, तेस्रो चरण : समुदाय/समूह अगाडि र संस्था पछाडि) तथा त्यसका आधारहरु तयार गरी लागु गर्ने ।
- Developing M & E system. (अनुगमन तथा मूल्यांकन विधिको निर्माण)
- Documentation.(अभिलेखन)
- Impact study(प्रभाव अध्ययन)
- Field review(फिल्डमा समीक्षा)
- Hand over plan. (हस्तान्तरण योजना निर्माण)
- Providing knowledge and skill for institutional development. (स्थानीय समूह तथा संरचनाहरुको क्षमता विकासका लागि सीप तथा ज्ञान प्रदान)
- Fund support. (जोड कोष सहयोग)
- Material support.(संस्थागत तथा व्यक्तिगत विकासको लागि सामग्री सहयोग)
- Supporting to organization for the linkage with governmental organization. (सरकारी निकायहरुसंग सम्बन्ध स्थापना) ।

८) कार्यक्रमको अनुगमन तथा मूल्यांकन प्रणाली :

क) संस्थाले संचालन गर्ने सबै किसिमका कार्यक्रमको कार्यान्वयन गर्नु अघि लाभान्वित समूह, सरोकारवालाहरुलाई कार्यक्रमबारे जानकारी गराइने छ ।

ख) कार्यक्रमको कार्यान्वयनमा सघाउनका लागि स्थानीयतहमा सहयोगी समूहहरुको गठन गर्न सकिने छ ।

ग) कार्यक्रमको कार्यान्वयन स्थानीय समुदायसंगको साझेदारीमा संचालन गरिने छ ।

घ) कार्यक्रमको बजेट, कार्यक्रम, कार्यविधिका सम्बन्धमा समुदायलाई जानकारी दिइने छ ।

ङ) समुदायबाट समेत कार्यक्रमको अनुगमन तथा मूल्यांकन प्रक्रियामा सहभागी हुने नीति अवलम्बन गरिने छ । यसका लागि समुदायतहमा समेत कार्यक्रमको बारेमा समीक्षाहरु राखिने छ ।

च) जिल्लामा वर्षको कम्तिमा १ पटक समीक्षा राखिने छ । संस्थागततहमा हरेका ६,६ महिनामा कार्यक्रमको बारेमा समीक्षा गरिने छ ।

छ) स्रोतको आधारमा कार्यक्रमको आवधिक तथा अन्तिम मूल्यांकनहरु गराउन सकिने छ ।

ज) कार्यक्रमको प्रकृति हेरी अधिकारवालाहरुको सन्तुष्ठि मापन वार्षिकरुपमा गर्न सकिने छ ।

९) कार्यक्रमको दीगोपनाका लागि मुख्य रणनीतिहरु :

क) कार्यक्रमको दीगोपनाको लागि पूर्व योजना तयार गरी लागु गरिने छ ।

ख) स्थानीय साझेदारीलाई बढावा दिइने छ ।

ग) कार्यक्रमको सबै चरणमा लक्षित समूहको सहभागिता सुनिश्चित गरिने छ ।
घ) स्थानीय संरचनाहरुको निर्माण, क्षमता विकास तथा समुदाय परिचालनमा जोड दिईने छ ।
ङ) सवालहरुलाई सरकारी तथा सामुदायिक क्षेत्रमा मूल प्रवाहीकरण गरिने छ ।
च) राज्य संयन्त्रमा सवालहरुलाई समावेश गर्न पैरवी सहित नीति निर्माणमा जोड दिइने छ ।
छ) कार्यक्रमलाई स्थानीय सीप, स्रोत तथा साधनमा आधारित गरी संचालन गरिने छ ।

१०) स्थानीय समुदाय तथा सामुदायिक संस्थाहरुलाई सहयोग गर्ने प्रक्रिया :

क) समुदायमा जनचेतना तथा सशक्तिकरण ।
ख) स्थानीय श्रोत र सीपमा आधारित योजना र कार्यविधिको अनुशरण ।
ग) आर्थिक तथा प्राविधिक सहयोगहरु ।
घ) सामाजिक सीप अभिबृद्दि ।

११) कार्यक्रमका साझेदारहरु :

बेसले आगामी पांच वर्षका लागि सामाजिक विकासमा साझेदारीका लागि तपशिलका नीतिहरु अवलम्बन गर्नेछ :

क) यस संस्थाले स्रोतको लागि आत्मनिर्भरताको विकास गर्नेछ । स्थानीय स्रोत र सीपबाट साना तर प्रभावकारी विकासका कामहरुमा संस्थाको प्राथमिकता रहने छ । यसको लागि नीजीक्षेत्रलाई परिचालन गर्ने रणनीति तयार गरिने छ ।
ख) बाह्य सहयोग साझेदारीको मर्म अनुसार मात्र स्वीकार गरिने छ ।
ग) दीर्घकालीनरुपमा बाह्य सहयोगबाट आन्तरिक स्रोत परिचालनमा मात्र कार्यक्रम संचालन गर्ने रणनीति अवलम्बन गर्नेछ ।
घ) बेसको साझेदारी चयनका आधारहरु निम्न हुनेछन् :
१) बेसको मुल्य मान्यता र साझेदार संस्थाबीचको तादात्म्यता ।
२) साझेदार संस्थाको नेपाल र नेपालीप्रतिको दृष्टिकोण ।
३) राष्ट्रिय प्राथमिकता तथा स्थानीय आवश्यकतामा आधारित योजना ।
४) साझेदार संस्थाको अन्तराष्ट्रिय साख ।
५) साझेदार संस्थाको अन्य संस्थाहरुसंगको व्यवहार ।
६) बेसको परिकल्पना, ध्येय, लक्ष्य तथा उद्देश्यसंग समानता ।
७) साझेदार संस्थाको समुदाय परिचालन तथा समुदाय सशक्तिकरण सम्बन्धी सोंच ।
८) साझेदार संस्थाको मानवअधिकारप्रतिको धारणा ।
९) बेसको विशिष्टिकरण क्षेत्रप्रतिको साझेदार संस्थाको विश्वास ।
घ) साझेदारका निम्न शर्तहरु बेसलाई स्वीकार हुने छैन :
१) स्थानीय स्रोत र सीप प्रतिकूल हुने वा पार्ने ।
२) स्थानीय संगठन स्थापना तथा विकासमा बाधा पार्ने ।
३) बेसको स्वतन्त्रता तथा स्वायत्ततामा आंच आउने ।
४) सम्झौताको दस्तावेज भन्दा पछि थप भएका शर्तहरु ।
५) स्थानीय संष्कृति तथा सामाजिक मान्यतामा आंच आउने ।

१२) साझेदारीका किसिमहरु :

क) बेसले अन्य सामाजिक संस्थाहरु, नीजिक्षेत्र, स्थानीय निकाय, सरकारी संस्था, अन्तराष्ट्रिय संघ संस्थाहरुसंग मिलेर साझेदारी स्थापना गर्न सक्ने छ र उनीहरुसंग विविध साझेदारी हुनसक्नेछ ।

ख) यी सबै साझेदारसंग एकैसाथ साझेदार हुन सक्नेछ भने अलगअलग विषयबस्तुको लागि अलगअलग साझेदार समेत हुनसक्नेछन् ।

ग) बेसले निम्न क्षेत्रमा विभिन्न साझेदारहरु चयन गर्न सक्नेछ :

१) कार्यक्षेत्रको चयनमा ।

२) विषयबस्तुको चयनमा ।

३) स्रोतमा

४) प्रविधिमा ।

५) बजारमा ।

६) स्थानीय सीप विकासमा ।

७) सञ्जाल निर्माणमा ।

८) विशिष्ठीकरण क्षेत्रको वांडफांडमा ।

९) व्यवस्थापनमा ।

१०) योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा ।

११) संस्थागत क्षमता विकासमा ।

१३) संस्थागत सुदृढिकरण :

बेसले आंफूलाई आगामी पांच वर्षमा संस्थागत विकासमा यस क्षेत्रको नमूना संस्था बनेको देख्न चाहन्छ । तसर्थ संस्थागत विकासको पाटो बेसको उच्च प्राथमिकतामा रहने छ । त्यसका लागि बेसले सबै साझेदार संस्थाहरुलाई साझेदारी गर्दा साझेदार संस्थाको संस्थागत विकासमा सहयोग गर्ने गरी गरिने साझेदारीलाई प्राथमिकता दिनेछ । यसका साथै बेसले संस्थागत सुदृढिकरणका लागि निम्न प्रक्रियाहरु समेत अवलम्बन गर्नेछ :

क) संस्थाले आफ्नो आन्तरिक क्षमता विकासको लागि क्षमता अभिबृद्धि गर्दै बाह्य अवसरहरुलाई अनुकूलन गर्न आन्तरिक स्वरुप, व्यवस्थापन तथा संगठनात्मक ढांचामा निम्न सोंच राखेको छ ।

१) व्यवस्थापन समिति (कार्यसमिति, बरिष्ठ व्यवस्थापन समिति)

२) अनुगमन समूह (संस्थागत विकास सल्लाहकार एकाई, लेखा समूह, अनुशासन अनुगमन समूह, महिला समिति तथा कार्यक्रमगत अनुगमन समूहहरु)

३) यी समिति तथा समूहहरुको काम कर्तव्य तथा अधिकार संस्थाको संस्थागत समूह, समिति वा कार्यदल गठन तथा परिचालन सम्बन्धि नियमावली – २०६७ ले व्यवस्था गरे अनुसार हुनेछ ।

ख) बेसले सबै कार्यक्रमका साझेदारीको सन्दर्भमा संस्थागत विकासलाई ध्यान दिने छ ।

ग) संस्थाको हरेक वर्ष स्व.लेखाजोखा गरिने छ र यसको आधारमा संस्थागत विकास योजना बनाइने छ

घ) संस्थागत संरचना तथा नीति नियमावली, अनुगमन प्रणालीलाई चुस्त तथा प्रभावकारी बनाइने छ ।

१४) मानवीय स्रोत विकास :

क) बेसले आफ्ना सदस्यहरु, कर्मचारीहरुको सीप, क्षमता, ज्ञान, कार्यकुशलता तथा धारणामा सकारात्मक विकास गरी परिलक्षित गरेको परिकल्पना हांसिल गर्न निम्न रणनीति अवलम्बन गर्नेछ :

१४.१.कार्यसमितिको लागि :

- नीति नियम तर्जुमा प्रक्रिया तथा नीति विश्लेषण सम्बन्धी ज्ञान दिने ।
- सुशासन सम्बन्धी ज्ञान दिने ।
- अनुगमन तथा मूल्यांकन विधि सम्बन्धी सीपहरु दिने ।
- रणनीतिक सोंच विकास सम्बन्धी ज्ञान अभिबृद्धि गर्ने ।

१४.२.सदस्यहरुको लागि :

- सदस्यहरुको विशिष्टिकरण गर्न राखेको सोंचसंग सम्बन्धित ज्ञान, व्यवस्थापन सम्बन्धी ज्ञान, नेतृत्व सम्बन्धी ज्ञान, समस्या तथा नीति विश्लेषण सम्बन्धी ज्ञान दिने ।
- सदस्यहरुको चाहना र प्रतिभाको आधारमा विभिन्न क्षेत्रमा सीप विकास गर्न उपयुक्त अवसर प्रदान गरिने छ ।

१४.३.कर्मचारीको लागि :

- बेसले प्रत्येक कर्मचारीको कार्य सम्पादन मूल्यांकनको सूचकको आधारमा कार्य सम्पादन मूल्यांकन गर्नेछ ।
- उक्त मूल्यांकनको आधारमा सम्बन्धित कर्मचारीको आवश्यक सीप र ज्ञान वृद्धि गर्नको लागि उपयुक्त तालीम प्रदान गर्ने व्यवस्था गर्नेछ ।
- कर्मचारीहरुको दक्षता र सक्षमता वृद्धि गर्ने तालीमको अवसर खोजि गरिने छ ।
- कार्यक्रममा कर्मचारीहरुको सक्षमता वृद्धि गर्ने तालीम भनी उल्लेख भएकोमा सो कार्यक्रममा कर्मचारीहरुलाई मात्र पठाइने छ ।

१४.४. रणनीतिक मानविय स्रोत योजना :

- बेसले रणनीतिक मानवीय स्रोत योजना तयार गर्नेछ र यसकै आधारमा हाल मौजुदा स्रोतको तुलना गर्दै जानेछ ।
- तुलनामा कमी रहेको मानव स्रोतको लागि दक्ष मानव स्रोत बाहिरबाट र मध्य स्रोत सदस्यहरुबाट पुरा गर्ने लक्ष्य राख्नेछ ।
- साधारण दक्षता समुदायको लाभान्वित वर्गमै तयार गर्नेछ ।
- बेसले मानव स्रोतको समेत रणनीति तयार गर्नेछ ।
- बेसले कार्यक्रम संचालनका विविध सीपका साथै प्रस्तावना लेखन, संस्थागत आन्तरिक स्रोत परिचालन, सूचना, कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्यांकन आदि क्षेत्रमा क्षमता विकास गर्दै जानेछ । बेसले आँफूलाई स्रोत संस्थाको रुपमा विकास गर्न आवश्यक पर्ने सीपहरु प्राप्त गर्नेछ ।

१५) समन्वय प्रक्रियाहरु :

बेसले कार्यक्रम संचालनको सिलसिलामा समूहमा निम्नकुराहरुलाई आधार बनाएर समन्वय सीप बढाउने छ :

१५.१.समूहको आन्तरिक समन्वय :

दरिलो संरचनाको निर्माण, कामको बांडफांड, समूहभित्रको विवादको समूहभित्रै व्यवस्थापन गर्ने ।

१५.२.अन्तर समूह समन्वय :

समुदायमा रहेका संस्थाबाट प्रवर्द्धित स्थानीय संरचनाहरुको बीचमा सहकार्य बढाउने खालका क्रियाकलापहरु संचालन गर्ने । अनुभव आदानप्रदानका अवसरहरु दिने ।

१५.३.संस्थाभित्रको समन्वय :

संस्थाका सबै कार्यक्रमका कर्मचारीहरुबीच मासिकरुपमा कार्यक्रमको समीक्षा गर्नुपर्ने छ । कर्मचारी तथा बोर्ड सदस्यहरुबीच भेटघाटका कार्यक्रमहरु राख्नुपर्नेछ । मासिकरुपमा सबै कार्यक्रमका कर्मचारीहरुको बैठक बस्ने, कार्यक्रम व्यवस्थापन कार्यदलको हरेक दुई दुई महिनामा र बोर्ड बैठकमा प्रमुख कर्मचारीले सबै कार्यक्रमको बारेमा बोर्डलाई जानकारी गराउनु पर्ने छ । यसका अलावा साधारणसभा तथा अर्धवार्षिकरुपमा हुने समीक्षाहरुमा बोर्ड सदस्य तथा कर्मचारीहरुबीच परिचयात्मक कार्यक्रमहरु संचालन गरिने छ । संस्थाका

सदस्य तथा कर्मचारीहरु पर रहेको अवस्थामा सोही ठाउंमा प्रमुख व्यक्तिहरु पुगेर भेटघाट कार्यक्रमहरु संचालन गर्नेछ ।

१५.४.सरोकारवालाहरुसंग समन्वय :

बेसले संचालन गरेका कार्यक्रमसंग प्रत्यक्ष सम्बन्ध राख्ने प्रमुख सरोकारवाला संस्था वा व्यक्तिहरुलाई कार्यक्रमको बारेमा अर्धवार्षिकरुपमा समीक्षा गराइने छ । जिल्ला सरोकारवालाहरुलाई अर्धवार्षिकरुपमा प्रगति प्रतिवेदन दिइने छ । त्रैमासिकरुपमा कार्यक्रमको बारेमा जानकारी दिइनेछ । तोकिए अनुसार फिल्ड अनुगमन गराइने छ । प्रमुख कर्मचारी(कार्यकारी निर्देशक) कम्तिमा महिनाको एकपटक प्रमुख सरोकारवालासंगको सम्पर्कमा रहनेछन् । सरोकारवाला तथा अधिकारवालाहरुसंग संस्थागत सम्बन्ध अभिबृद्धिमा जोड दिइने छ ।

१६) संस्थागत व्यवस्थापन सीपहरु :

बेसले आगामी पांच वर्षको लागि संस्थागतरुपमा केही विशिष्ट व्यवस्थापन सीपहरुलाई कार्यान्वयनमा ल्याउने छ । जो यसप्रकार छन् :

१६.१. निर्णय प्रक्रिया :

संस्थाका विभिन्न संरचना तथा एकाईहरुले विभिन्न निर्णय लिनका लागि बैठकहरु बस्नेछन् । यस्ता निर्णयहरु निम्नप्रकारका हुनेछन् :

१६.१.१.नीतिगत निर्णय :

नीतिगत निर्णय गर्दा प्रभावको विश्लेषण गरिन्छ । जुन निर्णयबाट समाज र संस्थाको बढी हित तथा न्यून क्षति हुन्छ, त्यसप्रकारको निर्णयलाई छनौट गरिनेछ ।

१६.१.२.नियमित निर्णय : पटकपटकरुपमा एउटै प्रकृतिका निर्णयहरु गर्नुपर्दा यसलाई संस्थागतरुपमा परिणत गरिने छ । सधैं गरिने निर्णयहरु एउटै वा एकैप्रकारको आधारबाट होस् भन्ने उद्देश्यले नीतिहरु बनाइने छ।

१६.१.३. कार्यक्रमिक निर्णय : संस्थाबाट संचालन गर्ने कार्यक्रमको प्रकृति हेरी कार्यक्रमलाई आवश्यक पर्ने आर्थिक, प्रशासनिक, कार्यविधि, कर्मचारी परिचालन, सामाजिक परिचालन, कार्य सम्पादन तथा व्यवस्थापन, कार्यमूल्यांकन सम्बन्धी निर्णयहरु कार्यसमितिबाट प्रत्येक कार्यक्रमका लागि मिल्ने गरी तयार गरिने छ ।

१६.२. प्राविधिक सीप : संस्थालाई आवश्यक पर्ने नीति निर्माण, कार्यक्रम तर्जुमा, संचालन तथा अनुगमन र मूल्यांकनका सबै सीपहरु संस्थामा आवश्यक हुन्छ । यसका साथै संस्था व्यवस्थापन, परिचालन सम्बन्धी आवश्यक सीप बोर्डका पदाधिकारी तथा कर्मचारीहरुमा हुनुपर्दछ ।

१६.३. व्यवहारिक सीप : संस्थालाई नेतृत्व गर्ने व्यक्तिहरुमा सदस्य, कार्यकारिणी समिति, स्वयंसेवी, कर्मचारी, अधिकारवालाहरु, सरोकारवालाहरुसंग दीगोरुपमा सम्बन्ध कायम राख्न आवश्यक सीप बढाउन पहल गरिने छ ।

१७) आन्तरिक द्वन्द्व व्यवस्थापन :

संस्थामा फरक मतहरु आउनु स्वभाविक हो । तर त्यो द्वन्दमा रुपान्तरित हुनुहुंदैन । यसका लागि संस्थाले मतमतान्तर व्यवस्थापन गर्न आगामी पांच वर्षका लागि तपशिलका उपायहरु अप्नाउने छ :

क) कार्यकारिणी समितिभित्र मतमतान्तर भई कुनै विषयको निर्णय लिन कठिन भएमा एक समन्वय उपसमिति गठन गरी साझा निकाश निकालिने छ । उक्त उपसमितिको कृयाकलाप र समय कार्यसमितिले निर्धारण गरिदिने ।

ख) कार्यसमितिले संस्थाका (कर्मचारी तथा सदस्यहरुको) गुनासा सुन्ने एक संयन्त्र निर्माण गर्ने । यसमा गुनासो गर्ने व्यक्तिबाट लिखित तथा मौखिक गुनासाहरु सुन्ने प्रणाली स्थापना गर्ने ।

ग) संस्थामा द्वन्द सिर्जना हुन नदिन मेलमिलाप, सद्भाव बृद्धि गर्ने तथा रमाइला कार्यक्रमहरुको आयोजना गर्ने ।
घ) यस सम्बन्धी व्यवस्थापकीय सीपहरु सदस्य तथा कर्मचारीहरुलाई प्रदान गर्ने ।

१८) जोखिम व्यवस्थापन :
कमै संगठनहरुले आफ्नो संस्था निर्वाध संचालन हुने अवसर पाएका हुन्छन् । भविष्य सुस्पष्ट नभएको कारणले भविष्यमा घट्न सक्ने सबै घटनाहरु संगठनको लागि सकारात्मक नै हुन्छ भन्न सकिदैन । जुन क्रियाकलापहरु गर्न खोजिएको हो गर्न नसकिने अवस्था बढेर आउंछ । अपेक्षा गरिएका उपलब्धीहरुमा विविधता आउन सक्ने संभावनालाई नै जोखिम भनिन्छ । तसर्थ सबै संस्था जस्तै बेस पनि जोखिमप्रति संवेदनशील छ र सो का लागि निम्न उपायहरु अवलम्बन गरिने छ :
क) बेसले रणनीतिक व्यवस्थापन, कार्यक्रमिक व्यवस्थापन तथा जोखिम व्यवस्थापनलाई संगै तर्जुमा गर्दै लग्ने छ ।
ख) जोखिमको असर र अनिश्चिततालाई दृष्टिगत गरी जोखिमलाई बेसले निम्न भागमा बांडेर हेर्नेछ :
१) अति धेरै जोखिम : धेरै अनिश्चितता र संस्था एवं लक्षित समूहलाई भौतिक तथा शारीरिक क्षति हुने
२) धेरै जोखिम : अनिश्चितता (सफलता वा असफलता) प्रवल रहन्छ र संस्था वा लक्षित समूहको कृयाकलापमा जटिल समस्या आउंछ ।
३) सामान्य जोखिम : स्थितिको पूर्वानुमान गर्न गाह्रो तथा कार्यक्रमको सफलताको लागि विभिन्न सरोकारवालाहरुको सक्रिय सहयोगको आवश्यकता रहन्छ ।

ग) जोखिम व्यवस्थापनको लागि बेसले निम्न तत्वहरुलाई ध्यान दिनेछ :
१) ध्येयमा स्पष्टता
२) जोखिम तथा अनिश्चितताको मूल्यांकन
३) जोखिम नियन्त्रण उपाय खोजी ।
४) जोखिमसंग संलग्न वित्तिय खर्च ।
५) कार्यक्रम व्यवस्थापन ।

घ) अति धेरै जोखिमबाट जोगिन बेसले जोखिमबाटै टाढा रहने उपाय अवलम्बन गर्नेछ । यस्तो अवस्थामा बेसले औपचारिक भन्दा अनौपचारिक ढंगबाट कार्यक्रमहरु संचालन गर्नेछ ।
ङ) धेरै जोखिमको अवस्थामा स्थानीय संस्था तथा समूहहरुसंग मिलेर काम गर्नेछ । यस्तो अवस्थामा सञ्जाल मार्फत पनि काम गर्न सकिने छ ।
च) सामान्य जोखिमको लागि वार्षिक कार्ययोजनाहरुलाई समयसमयमा पुनरावलोकन गरिनेछ र परिमार्जन गर्दै जाने रणनीति लिइने छ ।

१९) अभिलेखन तथा प्रतिवेदन, सूचना व्यवस्थापन :
सूचना भरपर्दो र बैधानिक भएमा मात्र कुशल निर्णय हुनेहुन्छ । संस्थाप्रति अरुको विश्वसनियता रहन्छ । भविष्यको योजना पनि वास्तविक हुन्छ । तसर्थ यसका लागि बेसले आगामी पांच वर्षका लागि निम्न उपायहरु अप्नाउने छ :
क) कार्यक्षेत्रको अवस्था र बेसले गरेका कामहरुमा सुधार गर्न तथा सुशासन र सिकाइहरुलाई प्रसार गर्न सूचना संकलन, विश्लेषण, प्रकाशन र वितरण गर्ने र सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने प्रणालीलाई व्यवस्थित गरिने छ ।
ख) सूचना तथा बजार विभागले यो भूमिका निर्वाह गर्ने छ ।

ग) संस्थाबाट संचालन भएका सबै कार्यक्रमहरुको प्रगति तथा आर्थिक प्रतिवेदनहरु, बैठक निर्णयहरु, चिठीपत्रहरु, अनुगमन, मूल्यांकन प्रतिवेदनहरु आदि सबै वार्षिकरुपमा एकीकृत गरी कार्यालयमा राखिने छ । यसको विद्युतीय कपी कम्प्युटरमा समेत व्याकअप बनाइ राखिने छ ।

घ) प्रत्येक कर्मचारीहरुले मासिकरुपमा आंफूले गरेका कामहरुको प्रतिवेदन संस्थामा बुझाउने छन् ।

ङ) बेसको कार्यालयमा आंफूले काम गरेको क्षेत्रका तथ्यांक, तथ्यहरु, कर्मचारी, सदस्य, पदाधिकारीहरुको व्यक्तिगत विवरण, वित्तिय रेकर्ड, परियोजनाको रेकर्ड आदिका सूचनाहरु रहनेछन् ।

च) संस्थाका लक्ष्य, उद्देश्य झल्कने, संस्थागत संरचना तथा कार्यकारिणी समितीका नामहरु कार्यालयमा रहने छ ।

छ) कार्यालयभित्र संस्थाको जिन्सी तथा भौतिक सामग्रीहरुको विवरण बेस कार्यालयमा चुस्त र दुरुस्तरुपमा राखिने छ ।

ज) सस्थाले आफ्ना संस्थागत सूचनाहरु सार्वजनिक गर्न वार्षिकरुपमा मुखपत्रको प्रकाशन गर्नेछ ।

झ) संस्थाले आफ्नो वेभसाइट बनाउने छ ।

ञ) संस्थाभित्र तथा बाहिर संस्थागत सूचनाहरु प्रवाह गर्ने अन्य उपयुक्त विधिहरुको अवलम्बन गर्नेछ ।

२०. रणनीतिक कार्यदिशा :

बेसले तपशिलका विषयहरुलाई आगामी पांच वर्षको मुख्य रणनीतिक कार्यदिशा बनाउने छ :

२०.१. पैरवी र प्रभाव :

कार्यक्रमहरु समुदायमा संचालन गर्दा सचेतना, नीतिगत परिवर्तन तथा ठोस कार्य गरी तीन ढंगबाट संचालन हुनेछ । लक्षित वर्गको स्रोतमा पहुंच बृद्धि तथा हक अधिकारको प्रवर्द्धनका लागि बेसले समूह निर्माण, सशक्तिकरण, संचार माध्यम, पोष्टर, सडक नाटक तथा अन्य तरिकाबाट प्रचारप्रसार तथा विद्यमान नीतिहरुमा परिमार्जन गरिने छ । यसो गर्दा जसको सवाल उसकै आवाज भन्ने अवधारणालाई कार्यान्वयन गरिने छ । कार्यक्रम विभागले विषयगत सवालहरुमा पैरवी संचालन गर्नेछ ।

२०.२. संस्थागत विकास :

सामाजिक न्याय र समानताको लागि कार्यक्रमको आवश्यकता हुन्छ । कार्यक्रमका लागि दह्रो संस्थाको आवश्यकता हुन्छ । कार्यक्रमको निरन्तरता तथा प्रभावकारीताको लागि संस्थाको मानवीय क्षमताको विकास गर्ने तथा नीतिगत व्यवस्था र यसको कार्यान्वयन, संस्थागत बैधानिकता, भौतिक पूर्वाधार सम्पन्न हुने कुरालाई बेसले आगामी पांच वर्षमा बढी प्राथमिकता दिनेछ । यसको जिम्मेवारी मानव स्रोत विकास तथा व्यवस्थापन विभागले लिने छ ।

७.३. नेटवर्क र हातेमालो :

समुदायका समूहहरु, उनीहरुको नेटवर्क, समान लक्ष्य तथा उद्देश्य भएका स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय संस्थाहरुसंग लक्षित वर्गको हितका लागि संगै काम गरिने छ । बेसले विभिन्न सञ्जालहरुसंग समेत सहकार्य गर्नेछ । समान उद्देश्य भएका संस्थाहरुसंग कुनै एक क्रियाकलाप देखि समग्र कार्यक्रमसम्म सहकार्यको खोजी गरिने छ । यसले स्रोतको **Sharing** गर्न सहयोग पुग्ने छ र कार्यक्रममा सिनर्जी सिर्जना गर्न मद्दत पुग्ने छ ।

२०.४. सवालहरुको मूल प्रवाहीकरण :

बेसले आगामी पांच वर्षका लागि अपांगता, एचआईभि र एड्स तथा बाल सहभागिताको सवाललाई मूलप्रवाहीकरण गरिने छ । यसका साथै कार्यक्रमको प्रभावकारीता, स्रोतको अधिकतम् परिचालन तथा पारदर्शिताको लागि अन्य संस्थाहरुसंग तथा संस्थागत आन्तरिक कार्यक्रमहरुमा समेत सघनीकरण **(ntegration)** गरिने छ । कार्यक्रम विभागले यसको भूमि

२०.५.अभिलेखन तथा प्रकाशन/प्रशारण :

कार्यक्षेत्रको अवस्था र बेसले गरेका कामहरुमा सुधार गर्न तथा सुशासन र सिकाइहरुलाई प्रसार गर्न सूचना संकलन, विश्लेषण, प्रकाशन र वितरण गर्ने र सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने प्रणालीलाई व्यवस्थित गरिने छ। सूचना तथा बजार विभागले यो भूमिका निर्वाह गर्ने छ।

भाग-५
(आवधिक तथा वार्षिक योजना)

१. आगामी पांच वर्षे आवधिक योजना :

क) कार्यक्रम : संस्थागत विकास कार्यक्रम

रणनीतिक उद्देश्य १ :

सक्षम सदस्य तथा कर्मचारी भएको आत्मनिर्भरतातर्फ उन्मुख जिल्लामा संस्थागत विकासमा नमूना सामाजिक विकास संस्था हुने ।

कृयाकलाप	सुचक	रणनीति	उद्देश्य
सदस्यता बिस्तार	• १५० जना सदस्य रहेको ।	• समावेशी र क्षमतावान् व्यक्तिहरुको छनौट र अभिमुखीकरण	• संस्थामा १५० जना सक्रिय तथा क्षमतावान् र समावेशी सदस्यहरु तयार गर्ने ।
सदस्यहरुलाई क्षमता विकास तालीम (सकारात्मक सोच तथा व्यवहार, अनुगमन, संस्थागत अभिमुखीकरणहरु, प्रस्तावपत्र तथा प्रतिवेदन लेखन आदि)	• १५० जना सदस्यहरुले संस्थागत विकास सम्बन्धी तालीम प्राप्त गरेको ।	• सदस्यहरुलाई संस्थागत सवालहरुमा ठाउं ठाउंमा कार्यक्रम आयोजना गरी प्रशिक्षित गर्ने	• संस्थामा १५० जना संस्थागत विकासका अनुभवी सदस्यहरु तयार गर्ने ।
वार्षिकरुपमा कर्मचारीहरुको अभिमुखीकरण	• हरेक वर्ष संस्थाका सबै सदस्यहरुले संस्थागत अभिमुखीकरण प्राप्त गरेको	• संख्याको आधारमा फरक फरक ठाउंमा दिने	• सबै कर्मचारीहरुलाई संस्थाको नीति, कार्यक्रम सम्बन्धमा जानकारी दिने ।
विधान तथा नीति नियमावलीहरुमा संशोधन तथा परिमार्जन	• कम्तिमा एक पटक विधान तथा वार्षिकरुपमा नीति नियमावलीहरुमा संशोधन भएको ।	• संस्थाबाट एक समिति गठन गर्ने र अध्ययन गरी कार्यसमितिमा पेश गर्ने । साधारणसभाबाट अनुमोदन गर्ने ।	• संस्थामा भएका अभ्यासहरुलाई संस्थागत गर्ने तथा समसामयिक परिवर्तनलाई समाहित गर्ने ।
विषयगत क्षमतावान् कर्मचारीहरुको नियुक्ति	• संस्थाले हाल तयार गरेको संरचनामा सबै विभागीय प्रमुख तथा विभागमा कर्मचारीहरु परिपूर्ति भएको	• आवश्यक स्रोतको खोजी गरी कर्मचारीहरु नियुक्ति गर्दै जाने	• संस्थालाई व्यवस्थित तथा सक्षम बनाउने ।

भौतिक साधन सम्पन्न गर्न थप स्रोत साधनको व्यवस्था	• संस्थामा आवश्यक पर्ने न्यूनतम स्रोत साधनहरुको परिपूर्ति भएको ।	• संस्थाको आन्तरिक कोष तयार गर्ने र व्यवसायिकरुपमा समेत साधनहरुको परिचालन गर्ने	• संस्थालाई व्यवस्थित तथा सक्षम बनाउने ।
संस्थाको वेभसाइट संचालन	• संस्थाको वेभसाइट खोली संस्थागत विवरणहरु अद्यावधिक गर्ने ।	•	• संस्थाका सूचनाहरु विश्वव्यापी गर्ने र सम्पर्क समन्वयलाई बढाउने ।
नयां साझेदार संस्थाहरुको खोजी	• कम्तिमा ५ वटा बाह्य साझेदार संस्था तथा ३ वटा सरकारी निकायहरुसंग काम गरेको	• सम्पर्क तथा समन्यहरुलाई बढाउने ।	• एउटै वा थोरै साझेदार संस्थाहरुसंगको निर्भरता घटाउने
अक्षयकोष प्रवर्द्धन	• संस्थाको अक्षयकोष पांच वर्षभित्र २५ लाख भएको ।	• संस्थाको आन्तरिक स्रोतबाट वार्षिकरुपमा समावेश गर्दै जाने ।	• संस्थालाई आत्मनिर्भर बनाउने ।

ख) कार्यक्रम : गुणस्तरीय तथा आधारभूत शिक्षा कार्यक्रम

रणनीतिक उद्देश्य २,

अवसरविमुख ५००० जना बालबालिकाहरुलाई गुणस्तरीय शिक्षामा पहुंच बढाउने ।

कृयाकलाप	सुचक	रणनीति	उद्देश्य
बेसलाइन सर्वे	• तथ्यांक अद्यावधिक भएको हुनेछ ।	• बिस्तृत सूचना लिने तथा नमूना सर्वेक्षण गर्ने ।	• कार्यक्षेत्रका शिक्षा सम्बन्धी सबै तथ्यांकहरु तयार गर्ने ।
विद्यालय तथा समुदाय अन्तरक्रिया, क्षमता विकास तालीम तथा गोष्ठीहरु	• १०००० जना शिक्षक, अभिभावक तथा विद्यार्थीहरु बालमैत्री अवधारणा तथा शिक्षण सीपबारे शिक्षकहरुले थाहा पाएको ।	• बालमैत्री विद्यालय सम्बन्धी श्रव्यदृष्य सामग्री प्रदर्शन । अन्तरक्रिया तथा छलफल ।	• ३०००० जना बालबालिकाहरुलाई भयरहित वातावरण निर्माण गर्ने
पूर्वाधार निर्माण	• ५० वटा विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार	• जि.शि.का.को कार्यक्रमसंग समन्वय गर्ने ।	• ५० विद्यालयमा बाल(बालिका, अपांगता) मैत्री वातावरण तयार गर्ने ।

	पुरा भएको ।		
शिक्षामा गुणस्तर बृद्धि	• ५० विद्यालयका कक्षा १ देखि ३ सम्म सक्रिय शिक्षण सिकाइ तथा निरन्तर मूल्यांकन प्रणाली लागु भएको ।	• तालीम तथा आवश्यक शैक्षिक सामग्रीहरु उपलब्ध गराउने । जि.शि.का.संग समन्वय गर्ने ।	• बालबालिकाहरुको सिकाईलाई गुणस्तरीय बनाउने ।
प्रारम्भिक बालविकास केन्द्रहरुको सुधार	• कार्यक्षेत्रका ५० वटा बालविकास केन्द्रहरुले न्यूनतम मापदण्ड पुरा गरी २५० बालबालिकाहरुले सिक्ने सहज वातावरण प्राप्त गरेको ।	• क्षमता विकास तालीम, आवश्यक पूर्वाधार विकास, सिकाइ सामग्रीहरु सहयोग तथा समुदाय परिचालन	• ५० वटा प्रारम्भिक बालविकास केन्द्रमा सिकाई वातावरण निर्माण गर्ने र नमूना केन्द्रहरुबाट सिकाईलाई बिस्तार गर्ने ।
बालमैत्री नमूना विद्यालय प्रवर्द्धन	• कार्यक्षेत्रका ५० % विद्यालयहरुले बालमैत्री विद्यालयको मापदण्ड पुरा गरेको ।	• सहयोगहरुलाई केन्द्रिकृत गरी बालमैत्री विद्यालयको विकास गर्ने • नेपाल सरकार शिक्षा विभागबाट प्रकाशित न्यूनतम मापदण्डको आधारमा स्वतन्त्र लेखाजोखा गराउने ।	• बालमैत्री विद्यालयको अवधारणालाई २०० विद्यालयहरुमा बिस्तार गर्ने ।
बालसहभागिता अभिबृद्धि	• कार्यक्षेत्रका सबै विद्यालयमा बालक्लब गठन तथा परिचालन भएको र बालबालिकाहरुलाई व्यवस्थापन समितिमा मनोनित गरिएको	• जिल्ला शिक्षा कार्यालय तथा जिल्ला बालकल्याण समितिसंग सहकार्य गर्ने । • विद्यालयमा अर्थपूर्ण बालसहभागिता सम्बन्धी अभिमुखीकरण तालीमहरु आयोजना गर्ने ।	• २०० विद्यालयमा बालबालिकाको आवाजको सुनुवाई गर्ने पद्धतिको विकासमा सहयोग पुर्‍याउने । • विद्यालयमा बालमैत्री वातावरण निर्माण गर्ने ।
बालबालिकाको संरक्षण	• कार्यक्षेत्रका ५०% विद्यालयमा बाल संरक्षण नीति तयार भइ लागु भएको ।	• जिल्ला बालकल्याण समितिसंग सहकार्य तथा समन्वय गर्ने । • जिल्ला तथा विद्यालयतहमा	• बालबालिकाको संरक्षण गरी १०० विद्यालयमा समुदायमा निर्वाधरुपमा रहने र आफ्नो क्षमता विकास गर्ने वातावरण सिर्जना गर्ने ।

	• कार्यक्षेत्रमा बालविवाहको घटनामा ३० % ले कमी आएको ।	बालअधिकार अनुगमन समिति गठन तथा परिचालन गर्ने ।	• १५००० बालबालिकाको संरक्षणको अधिकार प्रत्याभूत गर्ने ।
समन्वय, अनुगमन तथा मूल्यांकन	• जिल्लाको सरोकारित निकायबाट वर्षको कम्तिमा दुईपटक फिल्डको अनुगमन गरेको ।	• जिल्ला परियोजना सल्लाहकार समूह, जि.वा.क.स.तथा पत्रकारहरुलाई फिल्ड अनुगमनमा लैजाने	• फिल्डमा भएका कामहरुबारे जिल्ला सरोकारवालाहरुलाई जानकारी दिने । • उदाहरणीय कामहरुलाई राज्यको संयन्त्रमा समावेश गर्ने ।

ग) कार्यक्रम : युवा बिकास तथा जीबिकोपार्जन कार्यक्रम

रणनीतिक उद्देश्य ३,

१०० युवाहरुलाई स्वदेशमै स्वरोजगारमा युवाहरुको पहुच बृद्धि गराई आत्मनिर्भर बनाउने र १००० युवाहरुलाई सामाजिक विकास तथा शान्ति प्रवर्द्धनमा सहभागी बनाउने ।

कृयाकलाप	सुचक	रणनीति	उद्येश्य
युवाहरुको लागि व्यवसायिक तालीम प्रदान	○ १०० जना युवाहरुले व्यवसायिक तालीम पाएको र ५० जना युवा स्वरोजगारमा संलग्न भएको ।	○ विभिन्न तालीम तथा रोजगारप्रदायक संस्थाहरुसंग समन्वय तथा सहकार्य गर्ने ।	○ बेरोजगारी अन्त गरी युवाहरुलाई स्वदेशमै पनि केही गर्न सकिन्छ भन्ने विश्वास बढाउने ।
साथी समूह तथा युवाक्लब गठन	○ करिव ५०० युवाहरुलाई साथी समूह तथा युवाक्लबहरुमा आवद्ध भएको ।	○ संस्थाबाट संचालित विभिन्न कार्यक्रमहरुमा सघनीकरण गर्ने	○ ५०० जना युवाहरुलाई संगठित बन्न र सामाजिक क्रियाकलापमा सहभागी बनाउने ।
युवाहरुलाई शान्ति प्रवर्द्धन तालीम	○ २०० जनाले शान्ति प्रवर्द्धन सम्बन्धी तालीम प्राप्त गरी शान्ति स्वयंसेवककारुपमा काम गरेको ।	○ गाविस, जिविस तथा अन्य साझेदार संस्थाहरु, युवा संस्थाहरुसंग सहकार्य गर्ने ।	○ २०० जना युवाहरुलाई शान्ति प्रवर्द्धनमा सहभागी बनाउने ।
युवा सूचना केन्द्र स्थापना तथा परिचालन	○ ५ वटा सूचना केन्द्र स्थापना भई संचालन भएको हुने ।	○ गाविस, जिविस, जिल्ला युवा सूचना केन्द्रसंग समन्वय गर्ने ।	○ १०० युवाहरुलाई सरोकारीत सूचनाहरुमा पहुंच बृद्धि गर्ने ।
युवाहरुलाई जीवनोपयोगी सीप तालीम	○ १०० जना युवाहरुले जीवनोपयोगी सीप हांसिल गरेको हुने ।	○ साझेदारहरुको खोजी गरी कार्यान्वयन गर्ने ।	○ १०० जना युवाहरुलाई १० वटा जीवनसीप अनुशरण गरी सफल नागरिक बन्न प्रोत्साहित गर्ने ।
प्रजनन स्वास्थ्य तथा एचआईभि/एड्स सचेतना तालीम	○ १००० जना युवाहरुले एचआईभि र एड्स सम्बन्धी आवश्यक जानकारी	○ विभिन्न कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरी जानकारी	○ १००० जना युवाहरुलाई यौन व्यवहार परिवर्तन गर्न प्रोत्साहित गरी

	पाएको ।	दिने ।	एचआईभिबाट जोगाउने
युवा श्रमशिविर तथा अन्तर संष्कृति आदानप्रदान	○ १००० जना युवाहरु श्रम शिविरमा सहभागी भएको ।	○ स्थानीयतहमा हुने विकास निर्माणका प्रक्रियामा युवाहरुलाई सहभागी बनाउने ।	○ १००० जना युवाहरुलाई सामाजिक विकासमा सहभागी बनाई समाज निर्माणको रुपमा युवाहरुलाई परिचित बनाउन सहयोग गर्ने ।
युवा अधिकारका लागि पैरवी	○ पैरवीका २० वटा क्रियाकलापहरुबाट नीति निर्माणमा प्रभाव परेका ५ वटा उदाहरणहरु प्राप्त भएको ।	○ गाविस तथा जिल्लातहमा युवाहरुको अधिकार सुनिश्चितताको लागि पैरवी गर्ने ।	○ युवाहरुको अनुकूल हुने गरी नीतिहरु निर्माण, परिवर्तन तथा संशोधन गर्ने ।

घ) कार्यक्रम : सुरक्षित बाल तथा मातृत्व कार्यक्रम

रणनीतिक उद्देश्य ४,

१००० जना महिलाहरुलाई सुरक्षित मातृत्व सम्बन्धी सेवा पुर्‍याउने र लैंगिक विभेद कम गर्दै जाने ।

कृयाकलाप	सुचक	रणनीति	उद्येश्य
सुरक्षित मातृत्व गाउं सञ्जाल गठन तथा परिचालन	• ४० वटा गाउं सञ्जालहरु गठन भई सक्रिय रहेको ।	• स्थानीय स्वास्थ्यचौकीसंगको समन्वय र महिला स्वयंसेविकाको अग्रसरतामा गठन तथा परिचालन गर्ने ।	• गाउंतहमा सुरक्षित मातृत्व सम्बन्धमा १००० जनालाई सचेतना बिस्तार गर्ने । • आपत्कालीन अवस्थामा सुरक्षित सुत्केरी गराउन आवश्यक व्यवस्थापन गर्ने ।
जनचेतनामूलक कार्यक्रम(रेडियो, सडक नाटक, पर्चा तथा पोस्टर र टोल शिविरहरु)	• १००० जनाले सुरक्षित मातृत्व सम्बन्धमा जानकारी पाएको	• गाविस अनुदान परिचालन गर्ने • स्थानीय स्वास्थ्य संस्थाहरु, बालक्लब तथा महिला समूहहरुसंग सहकार्य तथा समन्वय गर्ने ।	• समुदायका १००० जनालाई सुरक्षित मातृत्व सम्बन्धमा सचेत बनाई महिलाहरु सुत्केरी हुंदा आमा तथा शिशुको मृत्युदर घटाउन सहयोग पुर्‍याउने । • सुरक्षित मातृत्वमा पुरुषहरुको भूमिका अभिबृद्धि गर्ने ।
महिला स्वयंसेविकाहरुको क्षमता विकास	• १०० जना महिलाहरुले सुरक्षित मातृत्व सम्बन्धमा अरुलाई जानकारी दिन सक्षम भएको । • गर्भवति परीक्षण गर्ने संख्यामा	• स्वास्थ्य संस्थाहरुसंग समन्वय गर्ने र तालीम तथा पुनर्ताजगी तालीमहरु संचालन गर्ने । • स्वयंसेविकाहरुको कार्यक्षमताको	• सुरक्षित मातृत्व सम्बन्धमा १०० जना महिला स्वयंसेविकाहरुको ज्ञान, सीप बढाई गर्भवति जांच गर्ने संख्या बढाउने ।

	हालको भन्दा ५० प्रतिशत बृद्धि भएको ।	अनुगमन गर्ने ।	• १०० महिला स्वयंसेविकाहरुलाई सुरक्षित मातृत्वको काममा परिचालन गर्ने ।
सामुदायिक अध्ययन केन्द्र स्थापना तथा संचालन	• १ केन्द्र स्थापना मार्फत कम्तिमा ३०० महिलाहरु समूहमा आवद्ध भई शैक्षिक तथा आर्थिक क्रियाकलापहरुमा सहभागी भएको ।	• जिल्ला शिक्षा कार्यालयसंग सहकार्य तथा समन्वय गर्ने र केन्द्र संचालन गर्ने ।	• ३०० जना महिलाहरुलाई शैक्षिकरुपमा सचेत र आर्थिकरुपमा आत्मनिर्भर जीवनयापन गर्न मद्दत गर्ने ।
स्वास्थ्य केन्द्रमा वर्थ सेन्टरको स्थापना तथा संचालन	• कम्तिमा एउटा स्वास्थ्यकेन्द्रमा वर्थसेन्टर स्थापना भई सेवा दिन सुरु गरेको ।	• जिल्ला स्वास्थ्य कार्यालयसंग समन्वय गर्ने ।	• गाउंमै सुरक्षित सुत्केरी हुन सहयोग गरी मातृशिशु मृत्युदर कम गर्ने ।
आपत्कालीन सामग्री सहयोग	• ३ गाविसका सबै वडामा स्ट्रेचरको व्यवस्था भएको ।	• सुरक्षित मातृत्व गाउं सञ्जालको मातहतमा रहने गरी आवश्यक सामग्रीहरु खरिद गरी उपलब्ध गराउने र न्यूनतम शुल्कमा परिचालन गर्ने ।	• गर्भवति महिलाहरुलाई सुरक्षितरुपमा आपत्कालीन अवस्थामा प्रसुतिसेवा दिन केन्द्रमा पुर्‍याउने ।
किशोरी शिक्षा कार्यक्रम	• १५० जना किशोरकिशोरीहरुले बालविवाह, प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सम्बन्धमा सहजीकरण सीप हांसिल गरेको ।	• सहजकर्ताकोरुपमा स्थानीय स्वास्थ्य कार्यकर्ताहरु परिचालन गर्ने । स्वास्थ्य संस्थाहरुको समन्वयमा तालीमहरु संचालन गर्ने ।	• १५० जना किशोरीहरुलाई गर्भधारण गर्ने उमेर, गर्भवति हुंदा ख्याल गर्नुपर्ने कुराहरु, (प्रजनन स्वास्थ्य) का सम्बन्धमा जानकारी दिने ।
विशेष स्वाथ्य शिविरहरुको आयोजना	• १००० जना महिलाहरुले स्त्रीरोग जांच तथा यस सम्बन्धमा परामर्श सेवा प्राप्त गरेको ।	• अस्पतालहरुसंग समन्वय गर्ने ।	• १००० जना महिलाहरुलाई गाउंतहमै स्त्रीरोग सम्बन्धमा जांच तथा परामर्श सेवाहरु उपलब्ध गराउने ।

ङ) कार्यक्रम : जेष्ठ नागरिक सहयोग कार्यक्रम

रणनीतिक उद्देश्य नं.५,

१०० जना जेष्ठ नागरिकहरुलाई स्वस्थ, संरक्षणयुक्त र सम्मानजनक जीवनयापन गर्न सहयोग गर्ने ।

कृयाकलाप	सुचक	रणनीति	उद्येश्य
जेष्ठ नागरिक अभिलेखिकरण	• कार्यक्षेत्रका सबै जेष्ठ नागरिकहरुको तथ्याक अध्यावधिक भएको हुने छ ।	• स्थानिय निकायसंग सर्म्पक समन्वय गरी सर्वेक्षण गर्ने ।	• ३ गाविसमा जेष्ठ नागरिकलाई सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा अन्तरगत सेवा सुविधा प्राप्त

			गर्नमा सहजीकरण गर्ने ।
जेष्ठ नागरिक वर्गिकरण	• ४० जना	• असहाय,अशक्त सुविधाविहिन जेष्ठ नागरिक छनौट गर्ने र आर्थिक सहयोग गर्ने ।	• ४० जना समस्यामा रहेका सहाराविहिन बृद्धहरुको पुनर्स्थापनामा सहयोग पुर्याउने ।
घरसमुदायमा जेष्ठ नागरिक पुनर्स्थापना	• २० जना जेष्ठ नागरिक पुनर्स्थापित भएको हुने ।	• सम्वन्धित परिवारसंग समन्वय गर्ने तथा त्यसका लागि सहजीकरण गर्ने • जेष्ठ नागरिकलाई लक्षित गरी रेडियो कार्यक्रम संचालन गर्न स्थानीय रेडियोसंग सहकार्य गर्ने ।	• २० जना असहाय, विपन्न परिवारका तथा विपत्तिमा रहेका जेष्ठ नागरिकको पुनर्स्थापना गर्न मद्दत गर्ने
जेष्ठ नागरिकमैत्री कार्यक्रम जेष्ठ नागरिक दिवस मनाउने	• वर्षको एक पटक	• गाविसतहमा गाविससंगको समन्वयमा ८४ वर्ष उमेर नाघेका जेष्ठ नागरिकलाई सम्मान गर्ने ।	• जेष्ठ नागरिकहरुप्रति घरपरिवार तथा समुदाय र राज्यको ध्यानाकर्षण गर्ने • जेष्ठ नागरिकहरुको आत्मसमान् बढाउने
राज्य प्रदत्त जेष्ठ नागरिकका सुविधाको अनुगमन	३ गाविसको अनुगमन भई प्रतिवेदन तयार भएको तथा त्यसलाई सार्वजनिक गरिएको ।	• स्थानिय निकायसंगको सहकार्य तथा सहयोगमा अनुगमन गर्ने	• ३ गाविसमा जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता प्राप्त भए नभएको र पाएको भए त्यसको उपयोगको अवस्था थाहा पाउने ।
जेष्ठ नागरिक हरुको सीप तथा अनुभव आदान प्रदान र संकलन र प्रकाशन	• २ वटा प्रकाशन भएको ।	• जि.वि.स तथा अन्य संस्थाहरुसंगको समन्वयमा प्रकाशन गर्ने • संचार माध्यमसंग समन्वयमा सिप संकलन गर्ने ।	• २ वटा प्रकाशन मार्फत जेष्ठ नागरिकहरुसंग रहेका महत्वपूर्ण अनुभवहरु अभिलेख गर्ने
अन्तरपुस्ता छलफल कार्यक्रम	• १० वटा	• भेला र भलाकुसारी	• जेष्ठ नागरिकहरुमा रहेका अनुभवहरु नयां पुस्तालाई सुनाउने र जेष्ठ नागरिकप्रति श्रद्धा र सम्मानको भाव जगाउने ।

च) कार्यक्रम : वातावरण संरक्षण तथा कृषि सुधार कार्यक्रम

रणनीतिक उद्देश्य नं. ६,

वातावरणीय संरक्षणका साथै १०० जना कृषकहरुलाई व्यवसायिक कृषि प्रणालीमा सहभागी बनाई आर्थिक उपार्जनमा बृद्धि गर्ने ।

कृयाकलाप	सुचक	रणनीति	उद्येश्य
कृषि संभाव्यता अध्ययन	• कम्तिमा १ गाविसमा संभाव्यता अध्ययन भएको ।	• जिल्ला कृषि कार्यालय तथा स्थानीय कृषि केन्द्रसंग सम्पर्क तथा समन्वय गर्ने ।	• कृषिलाई व्यवसायिकरुपमा संचालन गर्न संभावनाहरुको खोजी गर्ने ।
कृषक समूह गठन	• १० वटा कृषक समूहमा कम्तिमा १०० जना कृषकहरु संगठित भई व्यवसायिक कृषि कार्यमा सहभागी भएको ।	• पकेट क्षेत्र बनाई कृषकहरुलाई समूहमा आवद्ध गर्ने ।	• १०० जना कृषकहरुलाई सामुहिकरुपमा व्यवसायिक कृषितिर आकर्षित गर्ने ।
विषयगत तालीम प्रदान	• १०० जना कृषकहरु आधुनिक कृषि सम्बन्धी तालीम प्राप्त गरेको हुने ।	• जिल्ला कृषि विकास कार्यालयसंग सहकार्य गर्ने ।	• १०० जना कृषकहरुलाई आधुनिक कृषि सीप प्रदान गर्ने ।
प्राविधिक सहयोग	• कृषकहरुलाई समूहगतरुपमा आधृनिक कृषि सम्बन्धी परामर्श सेवा प्राप्त भएको ।	• जे.टि.ए.तहको एक कर्मचारीको व्यवस्था गर्ने	• आधुनिक खेती प्रणालीबारे किसानहरुलाई फिल्डतहमा परामर्श दिई उत्पादकत्व बृद्धि गर्ने ।
कृषक अवलोकन भ्रमण	• २० जना अगुवा कृषकहरुले अन्यत्र नमूना कृषि क्षेत्रको अवलोकन गरी अनुकरण गरेको	• जिल्लाभित्र तथा बाहिरका नमूना कृषकहरुसंग समन्वय गरी भ्रमण गराउने ।	• २० जना किसानहरुलाई सिकाई विस्तार गराई आधुनिक तथा व्यवसायिक कृषितर्फ किसानहरुलाई प्रोत्साहित गर्ने ।
बजार विश्लेषण तथा विकास	• कम्तिमा एक ठाउंमा स्थानीय उत्पादन बिक्रिकेन्द्र स्थापना भएको	• सहकारी पसलको रुपमा विकास गर्ने ।	• स्थानीय नगदेबालीहरुको बजारको संभाव्यता अध्ययन तथा विकास गर्ने ।
प्राकृतिक तालतलैया संरक्षण तथा पुर्ननिर्माण	• १० वटा स्थानीय ताल तथा तलैयाहरुको संरक्षण भएको । • १० वटा पुराना तालतलैयाहरुको पुननिर्माण भएको ।	• स्थानीय समुदायको सहभागितामा जिल्ला वन, भूसंरक्षण, जिविस तथा वातावरण मन्त्रालयसंगको समन्वयमा सम्पन्न गर्ने ।	• २० वटा तालतलैयाहरुको संरक्षण तथा पुनर्स्थापना मार्फत पानीको दीगो स्रोतको आधार तयार गर्ने ।
सुधारिएको चुल्हो प्रवर्द्धन	• २०० घरपरिवारले आधुनिक चूल्होको प्रयोग गरेको ।	• अन्य संस्थाहरुको सहकार्य तथा अन्य कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरेर संचालन गर्ने ।	• २०० घरपरिवारलाई धुंवारहित चूल्होमा पहुंच बढाई दाउराको कम खपत गराउन तथा स्वास्थ्य अवस्था सुधार्न मद्दत गर्ने ।
दूर्लभ बोटविरुवा संरक्षण	• २ वटा लालीगुरांसका वनहरु	• जिल्ला वन कार्यालय तथा	• २ वटा लालीगुरांसका जंगलहरु पूर्ण

	पूणरुपमा संरक्षण भएको ।	स्थानीय उपभोक्ताहरुसंग सहकार्य गर्ने ।	सुरक्षित गरी वन पर्यटनलाई प्रवर्द्धन गर्ने ।
साना जलविद्युत तथा घामबत्ती प्रर्वद्धन	• साना जलविद्युत तथा घाबत्तीबाट १००० घरले उज्यालो प्राप्त गरेको	• गाविस, जिविस तथा अन्य संस्थाहरुसंग सहकार्य, पैरवी तथा सहयोग गरी ग्रामीण विद्युतीकरणमा सहयोग पुर्‍याउने	• १००० घरका करिव ४००० जनाले उज्यालोमा बस्ने अवसर प्राप्त गर्नेछन्
कृषि वन पर्यटन प्रवर्द्धन	• स्थानीयतहमा आयोजित कृषि वन महोत्सवमा बाहिरका १००० जना सहभागी भएको ।	• गाविस, जिविस, जिल्ला वन कार्यालय पर्यटन बोर्ड आदि संस्थाहरुसंग सहकार्य गरी आयोजना गर्ने ।	• करिव १००० जना बाहिरका पाहुनाहरुलाई महोत्सवमा सहभागी बनाई कृषि उब्जनी, लालीगुरांस तथा स्थानीय संष्कृति देखाई पर्यटन प्रवर्द्धन गर्ने ।

छ) कार्यक्रम : प्रकोप व्यवस्थापन तथा आपत्कालीन उद्धार कार्यक्रम

रणनीतिक उद्देश्य नं. ६,

समुदायका ५००० सदस्यहरुलाई प्रकोप व्यवस्थापन सम्बन्धी सचेतना बिस्तार गर्ने र प्रकोपमा तत्काल उद्धार गर्ने ।

कृयाकलाप	सुचक	रणनीति	उद्येश्य
प्रकोप व्यवस्थापन सहजकर्ता तालीम	• १०० जनालाई प्रकोप व्यवस्थापन सम्बन्धी सचेतनामूलक शिविरहरु संचालन गर्न आयश्यक सीपहरु दिने	• जिल्ला दैवीप्रकोप उद्धार समिति तथा रेडक्रससंग समन्वय गर्ने ।	• १०० जना समुदायका सदस्यहरुलाई प्रकोपको बेला स्वयंसेवककोरुपमा काम गर्ने तथा सचेतना सहजीकरण क्षमता विकास गर्ने
प्रकोप व्यवस्थापन शिविर संचालन	• कम्तिमा ५००० जनाले प्रकोपको बेला गर्नु पर्ने तयारी र सावधानीका बारेमा जानकारी पाएको	• तालीमप्राप्त व्यक्तिहरुलाई गाउं टोलहरुमा परिचालन गरी सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।	• ५००० जना सर्वसाधारणलाई प्रकोपको बेला गर्नु पर्ने तयारी तथा सावधानीका विषयमा ज्ञान दिई प्रकोपको नोक्सानी कम गर्न सहयोग गर्ने ।
प्रकोप क्षेत्र नक्शांकन तथा योजना निर्माण	• एक जिल्लामा प्रकोप तथा प्रकोप हुने क्षेत्रको पहिचान भई योजना समेत बनेको ।	• दैवीप्रकोप उद्धार समितिका सदस्यहरुसंग बसी कार्यशाला संचालन गर्ने ।	• योजनाबद्ध प्रकोप न्यूनीकरण तथा प्रकोप हुंदा तत्काल राहत प्रदान गर्ने ।
आपत्कालीन सामग्री भण्डारको व्यवस्था	• प्रकोपको बेला उद्धारका लागि भण्डारको व्यवस्था भएको ।	• सामग्री खरिद गरी भण्डारण गर्ने ।	• आपत्कालीन अवस्थामा तत्काल सहयोग गर्ने ।
प्रकोपको बेला आपत्कालीन उद्धार	• प्रकोपमा परेका व्यक्तिहरुको	• जिल्ला दैवीप्रकोप उद्धार	• प्रकोपमा परेको समुदायमा मानवीय

	उद्धारमा संस्था संलग्न रहेको	समितिसंग समन्वय गर्ने र परिचालित हुने	सहयोग गर्ने ।

२) सन् २०११ को लागि प्रस्तावित कार्यक्रमहरु

क) कार्यक्रम : संस्थागत विकास कार्यक्रम

कृयाकलाप	बजेट	बजेट स्रोत	मिति	कार्यप्रक्रिया	जिम्मेवारी
सदस्यता बिस्तार	नपर्ने		जुन	सदस्यता निवेदन संकलन तथा का.स.बाट निर्णय	अध्यक्ष
सदस्य तथा कर्मचारीहरुलाई क्षमता विकास तालीम ● सकारात्मक सोच तथा व्यवहार	३००००।००	सेभ द चिल्ड्रेन	अप्रिल	२० जना सिनियर कर्मचारी तथा बोर्ड सदस्यहरुलाई पत्राचार गर्ने र ३ दिने तालीम संचालन गर्ने ।	कार्यकारी निर्देशक
● प्रस्तावपत्र तथा प्रतिवेदन लेखन ।	६२००।००	सेभ द चिल्ड्रेन	जुनभित्र	अन्य संस्थाबाट हुने तालीममा संस्थाको कर्मचारीलाई सहभागी बनाउने ।	कार्यकारी निर्देशक
कर्मचारीहरुको वार्षिक अभिमुखीकरण	४००००।००	सबै साझेदार संस्था	डिसेम्बर	सबै कर्मचारीहरुलाई एक ठाउं राखेर अभिमुख गर्ने	कार्यकारी निर्देशक
विधान तथा नीति नियमावलीहरुमा संशोधन तथा परिमार्जन	५०००।००	आन्तरिक	जुन	कार्यसमितिबाट गठित समितिको बैठक तथा पृष्ठपोषण संकलन गरेर	कार्यकारी निर्देशक
विषयगत क्षमतावान् कर्मचारीहरुको नियुक्ति		साझेदार संस्था	न्वयम्बरसम्म	साझेदार संस्थाहरुको खोजी गरी व्यवस्था गर्ने ।	अध्यक्ष तथा का.नि.
थप स्रोत साधनको व्यवस्था(ल्यापटप १, मोटरसाइकल १ तथा डिजिटल क्यामेरा १)	१९२०००।००	साझेदार संस्था तथा आन्तरिक स्रोत	अगष्टसम्म	साझेदार संस्थाहरुसंग अनुरोध गर्ने तथा आन्तरिक स्रोतबाट समेत खर्च गर्ने ।	कार्यक्रम निर्देशक
नयां साझेदार संस्थाहरुको			निरन्तर	प्रस्तावपत्र लेख्ने तथा समन्वय गर्ने	कार्यक्रम निर्देशक

खोजी					
अक्षयकोष प्रवर्द्धन	१००००।००	आन्तरिक	अगष्ट	रु १।०० अभियान संचालन	अध्यक्ष तथा का.नि.
रणनीतिक योजना वार्षिक समीक्षा	२६५००।००	सेभ द चिल्ड्रेन	सेप्टेम्बर	सिनियर स्टाफ तथा बोर्ड सदस्यहरुको सहभागितामा	अध्यक्ष तथा का.नि.

ख) कार्यक्रम : गुणस्तरीय तथा आधारभूत शिक्षा कार्यक्रम

कृयाकलाप	बजेट	बजेट स्रोत	मिति	कार्यप्रक्रिया	जिम्मेवारी
बिस्तृत तथ्यांक संकलन तथा बेसलाइन संकलन	२००००।००	सेभ द चिल्ड्रेन	जुनसम्म	स्थानीय कर्मचारीहरु परिचालन गरी नवलपरासीको कार्यक्षेत्रका सबै शैक्षिक सूचना संकलन गर्ने ।	शिक्षा अधिकृत
आधारभूत शिक्षाको गुणस्तर बृद्धि	११५१३००।००	सेभ द चिल्ड्रेन	डिसेम्बर	कार्यक्रम आधारपत्र अनुसार स्टाफ बैठकहरुबाट कार्ययोजना तयार गरी तोकिएका क्रियाकलापहरु कार्यान्वयन गर्ने ।	शिक्षा अधिकृत
प्रारम्भिक बालविकास केन्द्रहरुको सुधार	५९९७५०।००	सेभ द चिल्ड्रेन	न्यम्बरसम्म	कार्यक्रम आधारपत्र अनुसार स्टाफ बैठकहरुबाट कार्ययोजना तयार गरी तोकिएका क्रियाकलापहरु कार्यान्वयन गर्ने ।	शिक्षा अधिकृत
विद्यालय बाहिर रहेका बालबालिकालाई बैकल्पिक शिक्षा	४१४००।००	सेभ द चिल्ड्रेन	डिसेम्बरसम्म	तथ्यांक संकलन गरी आवश्यकता महसुस भएका ठाउंहरुमा कक्षा संचालन गर्ने ।	फिल्ड सुपरभाइजर
विद्यालयमा बाल स्वास्थ्य कार्यक्रम	२९८३००।००	सेभ द चिल्ड्रेन	अक्टुबरसम्म	आर्सेनिक र कोलीफेम परीक्षण गरी त्यसका आधारमा खानेपानीको सुधार गर्ने तथा बालबालिकाहरुलाई भिटामीन ए र जुकाको औषधि खुवाउने । विद्यालयमा स्वास्थ्य शिक्षक प्रवर्द्धन गर्ने ।	फिल्ड सुपरभाइजर
बालसहभागिता प्रवर्द्धन	१३१२००।००	सेभ द चिल्ड्रेन	न्वयम्बर	विद्यालय तथा समुदायमा रहेका बालक्लबहरुको विकास तथा बाल सवालमा बालक्लब परिचालन गर्ने । वि.व्य.स.मा बाल प्रतिनिधित्व सुनिश्चित गर्ने ।	सामाजिक परिचालक
बालबालिकाको संरक्षण	१८७६००।००	सेभ द चिल्ड्रेन	डिसेम्बर	बालबालिका तथा बयश्कहरुलाई बाल संरक्षणप्रति सचेत बनाउने खालका कार्यक्रम संचालन गर्ने	सामाजिक परिचालक
समन्वय, अनुगमन तथा मूल्यांकन	३९९०००।००	सेभ द चिल्ड्रेन	डिसेम्बर	संस्थाबाट संचालन भएका कार्यक्रमहरुको सरोकारवालाहरुलाई जानकारी दिने, फिल्ड अनुगमन गर्ने गराउने ।	शिक्षा अधिकृत
विद्यालयमा पुस्तकालयको दीगोपनाको लागि क्षमता विकास क्रियालापहरु	११७३५३४।००	रुम टू रिड	डिसेम्बर	स्थापित पुस्तकालयहरुको अनुगमन, पृष्ठपोषण, क्षमता विकासका क्रियाकलापहरु संचालन गर्ने	कार्यक्रम संयोजक

ग) कार्यक्रम : युवा बिकास तथा जीबिकोपार्जन कार्यक्रम

कृयाकलाप	बजेट	बजेट स्रोत	मिति	कार्यप्रक्रिया	जिम्मेवारी
युवाहरुको लागि व्यवसायिक तालीम प्रदान	२९१०००।००	सेभ द चिल्ड्रेन	अप्रिल	सीमान्तकृत, दलित तथा अन्डरएसएलसी युवाहरुबाट निवेदन आह्वान, रुचि तथा बजार अध्ययन, तालीम संचालन	फिल्ड सुपरभाइजर
युवाहरुको शिक्षामा पहुंच तथा गुणस्तरीय शिक्षाको विकास	१५९५००।००	सेभ द चिल्ड्रेन	सेप्टेम्बर	एसएलसी तयारी कक्षा, गाउं शिक्षा समितिको योजना सहयोग, फर्निचर सहयोग तथा बालमैत्री र शान्तिक्षेत्रको कार्यान्वयनका समीक्षाहरु संचालन गर्ने	फि.सु.तथा सा.प.
सामाजिक विकासमा युवा परिचालन	७३०००।००	सेभ द चिल्ड्रेन	न्वयम्बर	युवाक्लबहरुको वार्षिक योजना बनाउन लगाई युवा सवाल तथा सामाजिक विकासमा युवाहरुलाई परिचालन गर्ने खालका क्रियाकलापहरुमा सहयोग गर्ने ।	फि.सु.तथा सा.प.
रेडियोमा युवा सवाल प्रशारण तथा अभिलेखन र प्रकाशन	८५०००।००	सेभ द चिल्ड्रेन	डिसेम्बर	स्थानीय रेडियोका पत्रकारलाई फिल्ड भ्रमण गराई युवा सवाल, समाचार, सफलताका कथाहरु रेडियोमा प्रशारण गराउने ।	फि.सु.तथा सा.प.
युवा सूचना केन्द्र स्थापना तथा परिचालन	१२५०००।००	सेभ द चिल्ड्रेन	जुन	युवा सूचना केन्द्रको भौतिक व्यवस्थापन गरी व्यवस्थित बनाउने ।	फि.सु.तथा सा.प.
युवाहरुलाई क्लब व्यवस्थापन तथा प्रस्तावपत्र लेखन सीप तालीम	४३८००।००	सेभ द चिल्ड्रेन	न्वयम्बर	युवाक्लबहरुलाई संस्था व्यवस्थापन तथा प्रस्तावपत्र लेख्न सक्ने गराई आत्मनिर्भर बनाउने	फि.सु.तथा सा.प.
युवाहरुलाई शान्ति प्रवर्द्धन तालीम तथा शान्ति क्रियाकलाप सहयोग	९८९००।००	सेभ द चिल्ड्रेन	न्वयम्बर	युवाहरुलाई शान्ति सम्बधी तालीम प्रदान गरी समुदायमा शान्ति प्रवर्द्धनमा परिचालन गर्ने ।	फि.सु.तथा सा.प.
समन्वय, फिल्ड अनुगमन तथा समीक्षा	११८१८८।००	सेभ द चिल्ड्रेन	डिसेम्बर	जिल्ला तथा स्थानीय सरोकारवालाहरु, स्टाफ तथा बोर्ड सदस्यहरुलाई फिल्ड अनुगमन गराउने, कार्यक्रमको प्रगतिको जानकारी दिने ।	फि.सु.तथा सा.प.

घ) कार्यक्रम : सुरक्षित बाल तथा मातृत्व कार्यक्रम

कृयाकलाप	बजेट	बजेट स्रोत	मिति	कार्यप्रक्रिया	जिम्मेवारी
सुरक्षित मातृत्व गाउं सञ्जाल गठन तथा परिचालन	४५०००।००	साझेदार संस्था	अगष्ट	वार्डका महिला स्वयंसेविकाको नेतृत्वमा स्थानीय बुद्धिजिवी तथा समूहहरुको प्रतिनिधिहरुको भेला डाकी काम कर्तव्यसहित अभिमुखीकरण गर्ने र सञ्जाल गठन गर्ने ।	कार्यक्रम अधिकृत

जनचेतनामूलक कार्यक्रम(रेडियो, सडक नाटक)	१०००००००	साझेदार संस्था	डिसेम्बरसम्म	स्थानीय बालक्लबहरु परिचालन गरी सडक नाटकहरु प्रस्तुत गर्ने र स्थानीय रेडियोमा सन्देशहरु बजाउने ।	सामाजिक परिचालक
सामुदायिक अध्ययन केन्द्र स्थापना तथा संचालन	५०००००००	जिशिका	जुलाईसम्म	जिशिकामा माग गर्ने र दर्ता गरी संचालन गर्ने । केन्द्रबाट समूह परिचालनका कामहरु गर्ने ।	केन्द्र परिचालिका
आपत्कालीन सामग्री सहयोग	४५००००	साझेदार संस्था	डिसेम्बरसम्म	सबै वडा सञ्जालाई एकएक वटा स्ट्रेचर उपलब्ध गराउने ।	सामाजिक परिचालक
किशोरी शिक्षा कार्यक्रम	४०००००	साझेदार संस्था	न्वयम्बर	२०जना किशोरीहरुलाई किशोरी शिक्षा तालीम संचालन गर्ने ।	सामाजिक परिचालक
विशेष स्वाथ्य शिविरहरुको आयोजना		साझेदार संस्था	फेब्रुवरी	आंग खस्ने समस्या भएका महिलाहरुको लागि स्वास्थ्य संस्थाहरुसंग समन्वय गरी शिविर संचालन गर्ने ।	बोर्ड अध्यक्ष

ङ) कार्यक्रम : जेष्ठ नागरिक सहयोग कार्यक्रम

कृयाकलाप	बजेट	बजेट स्रोत	मिति	कार्यप्रक्रिया	जिम्मेवारी
जेष्ठ नागरिक अभिलेखिकरण	१००००	आन्तरिक	जुन	गाविसबाट सूचनाहरु संकलन गर्ने ।	सा.प.
जेष्ठ नागरिक दिवस मनाउने	२००००	आन्तरिक		गाविस तथा स्थानीय संस्थाहरुसंग सहकार्य गर्ने	अध्यक्ष
राज्य प्रदत्त जेष्ठ नागरिकका सुविधाको अनुगमन	३००००	आन्तरिक	अक्टूबर	गाविससंग सहकार्य गर्ने र फिल्डमा अनुगमन गर्ने ।	कार्यकारी निर्देशक
जेष्ठ नागरिकहरुको सीप तथा अनुभव आदान प्रदान र संकलन र प्रकाशन	५०००००	साझेदार	न्वयम्बर	गाविस, रेडियो तथा अन्य संस्थाहरुसंग सहकार्य गर्ने र स्रोत खोजी गरी प्रकाशन गर्ने ।	कार्यकारी निर्देशक
अन्तरपुस्ता छलफल कार्यक्रम	९००००	आन्तरिक	डिसेम्बरसम्म	गाविस, रेडियो तथा अन्य संस्थाहरुसंग सहकार्य गर्ने ।	कार्यक्रम संयोजक
जेष्ठ नागरिक पुनर्स्थापन केन्द्र निर्माणको लागि स्रोतको खोजी			डिसेम्बरसम्म	विभिन्न संस्था तथा समूहहरुसंग छलफल अघि बढाउने ।	अध्यक्ष तथा कार्यकारी निर्देशक

च) कार्यक्रम : कृषि सुधार कार्यक्रम

कृयाकलाप	बजेट	बजेट स्रोत	मिति	कार्यप्रक्रिया	जिम्मेवारी
संभाव्यता अध्ययन	५००००	साझेदार संस्था	जुलाई	स्थानीय कृषिकेन्द्रसंगको सहकार्यमा एउटा गाविसमा स्थानीय	प्राविधिक कर्मचारी

				नगदेबाली तथा फलफूलको संभाव्यता अध्ययन गर्ने ।	
कृषक समूह गठन	१००००।००	साझेदार संस्था	अगष्ट	संभाव्य ठाउंका किसानहरुलाई भेला गरी समूह गठन गर्ने	प्राविधिक कर्मचारी
विषयगत तालीम प्रदान	४००००।००	साझेदार संस्था	सेप्टेम्बर	गाविस तथा कृषि कार्यालयसंग मिलेर व्यवसायिक खेती सम्बन्धी समूहका सदस्यहरुलाई तालीम संचालन गर्ने ।	प्राविधिक कर्मचारी
प्राविधिक सहयोग	नपर्ने			प्राविधिकबाट खेतीको लागि प्राविधिक रायसुझावहरु दिने	प्राविधिक कर्मचारी
बजार विश्लेषण तथा विकास	नपर्ने		न्वयम्बर	प्राविधिक कर्मचारीबाट उत्पादित बस्तुको बजार सम्बन्धी अध्ययन गरी संस्थामा प्रतिवेदन पेश गर्ने ।	प्राविधिक कर्मचारी

छ) कार्यक्रम : प्रकोप व्यवस्थापन तथा आपत्कालीन उद्धार कार्यक्रम

कृयाकलाप	बजेट	बजेट स्रोत	मिति	कार्यप्रक्रिया	जिम्मेवारी
जिल्ला दैवीप्रकोप उद्धार समितिसंग कार्यक्रमको जानकारी तथा समन्वय	१००००।००	साझेदार संस्था	मे	पत्राचार, कार्यक्रमको बारेमा जानकारी दिने ।	कार्यक्रम अधिकृत
प्रकोप क्षेत्र नक्शांकन तथा योजना निर्माण	५००००।००	साझेदार संस्था	जुन	जिल्ला दैवीप्रकोप उद्धार समिति, रेडक्रस तथा स्थानीय समुदायका प्रतिनिधिहरुलाई डाकी कार्यशाला संचालन गरेर	कार्यक्रम अधिकृत
प्रकोप व्यवस्थापन सहजकर्ता तालीम	८००००।००	साझेदार संस्था	जुन	प्रकोप पीडित क्षेत्रका स्थानीय युवाक्लब, बालक्लब, शिक्षकहरुलाई छनौट गरी कूल ५० जनालाई तालीम दिने ।	कार्यक्रम अधिकृत
प्रकोप सचेतना कार्यक्रम	१००००००।००	साझेदार संस्था	जुन	कार्यक्षेत्रका सबै वार्डमा सडक नाटक, अभिमुखीकरण गर्ने	सामाजिक परिचालक
आपत्कालीन सामग्री भण्डारको व्यवस्था	५००००००।००	साझेदार संस्था	मे	तत्काल सहयोग गर्न आवश्यक पर्ने सामग्रीहरु खरिद गरी भण्डारण गरी राख्ने	कार्यक्रम अधिकृत
प्रकोपको बेला आपत्कालीन उद्धार	३००००००।००	साझेदार संस्था	आवश्यकता अनुसार	जिल्ला दैवीप्रकोप उद्धार समिति तथा रेडक्रससंगको समन्वयमा प्रकोपका बेला तत्काल राहत सहयोग वितरण गर्ने	कार्यक्रम अधिकृत

अनुसूचिहरु

१) रणनीतिक योजना तर्जुमा कार्यशालाका सहभागीहरुको नामावली :

सहभागीको नामावली	संस्था तथा पदीय दायित्व
१) तुलसीराम गौतम	बेस नेपाल, शिक्षा अधिकृत, गुणस्तरीय शिक्षा कार्यक्रम
२) भेषबहादुर अधिकारी	बेस नेपाल, संस्थागत विकास सल्लाहकार एकाई प्रतिनिधि
३) शालिकराम पोखरेल	बेस नेपाल, सुपरभाइजर, गुणस्तरीय शिक्षा कार्यक्रम
४) लेखनाथ मरासिनी	बेस नेपाल,संस्थागत विकास सल्लाहकार एकाई प्रतिनिधि
५) कृष्णप्रसाद श्रेष्ठ	नेकपा एमाले जिल्ला प्रतिनिधि
६) राजन अर्याल	फ्रेन्ड्स क्लब युवा प्रतिनिधि
७) भेषराज पोखरेल	बेस नेपाल, फोकल पर्सन, युवा कार्यक्रम
८)नित्यानन्द पाण्डे	बेस नेपाल, कार्यक्रम संयोजक, पुस्तकालय कार्यक्रम
९)विर ब. दर्लामी	गाउं अपांगता पुनर्स्थापना समिति प्रतिनिधि
१०) टेक ब. ढेगा	बेस नेपाल, सिनियर पुस्तकालय परिचालक, पुस्तकालय कार्यक्रम
११) शिव प्रसाद खराल	बेस नेपाल, लेखा तथा प्रशासकिय अधिकृत
१२) कुश्माखर पाण्डे	बेस नेपाल, पुस्तकालय कार्यक्रम कर्मचारी प्रतिनिधि
१३) नेत्र प्रसाद भट्टराई	नेपाली कांग्रेस गाउं एकाइ सचिव, पाटी प्रतिनिधि
१४) लुक ब. विरकट्टा	गाउं बाल संरक्षण तथा प्रवर्द्धन उपसमिति दर्छा, प्रतिनिधि
१५) कमल राज भट्टराई	नेकपा माओवादी जिल्ला सदस्य
१६) मजिबुर रहमान शेख	प्रमुख, गाँडाकोट स्वास्थ्य चौकी
१७) नर बहादुर थापा	स्रोत व्यक्ति, गाँडाकोट श्रोत केन्द्र
१८) मुक्ति प्रसाद पाण्डे	बेस नेपाल, साधारण सदस्य
१९) दान ब. रजाली	बेस नेपाल, कर्मचारी प्रतिनिधि
२०) पुर्ण ब. खांण	बेस नेपाल, साधारण सदस्य प्रतिनिधि
२१) चेतन पुलामी	बेस नेपाल, कार्यसमिति उपसचिव
२२) गोविन्द प्र. पाण्डे	बेस नेपाल, कार्यसमिति अध्यक्ष
२३) यमकला पाण्डे	बेस नेपाल, महिला सरोकार समिति प्रतिनिधि
२४) लक्ष्मि पोखरेल	बेस नेपाल, कार्यसमिति कोषाध्यक्ष
२५)संगिता पाण्डे	बेस नेपाल, साधारण सदस्य प्रतिनिधि
२६) उमा अधिकारी	बेस नेपाल, कार्यसमिति सदस्य
२७) नारायण प्रसाद गैरे	रामपुर बालक्लब नेटवर्क, बालक्लब प्रतिनिधि
२८) देवेन्द्र प्रसाद पोखरेल	गाबिस सचिव, रामपुर तथा दर्छा गा वि स
२९) रमेश ढकाल	रेडियो रामपुर, कार्यक्रम प्रमुख
३०) चेमन प्रकाश पोखरेल	बेस नेपाल, पूर्व अध्यक्ष
३१) शालिकराम पाण्डे	बेस नेपाल, कार्यक्रम प्रवन्धक
३२) मणिराम अधिकारी	बेस नेपाल, प्रमुख, उपस्वास्थ्यचौकी, बाकामलाङ
३३) खगीसरा बारघरे	बालक्लब प्रतिनिधि, हेक्लाङ गाविस
३४) हुमिका सोती	युवाक्लब प्रतिनिधि, हेक्लाङ गाविस
३५) छविलाल सुवेदी	बेस नेपाल, सदस्य, लखा समिति
३६) मञ्जुश्री नेपाली	बेस नेपाल, कार्यसमिति सदस्य
३७) पिताम्वर भण्डारी	बेस नेपाल, साधारण सदस्य
३८) उद्धबराज सुबेदी	सहजकर्ता/सचिब, प्रकृति तथा समाज विकास नेपाल, काठमाडौं

२) बेसको संस्थागत संरचना :

:





३) बेसका संस्थापकहरुको विवरण :

क्र.सं.	नाम	संस्थापक पद	तत्कालीन ठेगाना	हालको बसाई	कैफियत
१	शालिकराम पाण्डे	सल्लाहकार सदस्य	बाकामलाङ्ग–३,पाल्पा	काठमाण्डौ	कार्यकारी निर्देशक,बेस
२	चेमनप्रकाश पोखरेल	सल्लाहकार सदस्य	बाकामलाङ्ग–८,पाल्पा	रामपुर,पाल्पा	हाल सल्लाहकार सदस्य
३	सिता देवकोटा(पाण्डे)	सल्लाहकार सदस्य	बाकामलाङ्ग–३,पाल्पा	काठमाण्डौ	हाल आजीवन सदस्य
४	डांसुराज पोखरेल	अध्यक्ष	बाकामलाङ्ग–८,पाल्पा	कावासोनी, नवलपरासी	सदस्य छोडी बसेको
५	ध्रुबराज पाण्डे	उपाध्यक्ष	बाकामलाङ्ग–१,पाल्पा		देहान्त भएको
६	नेत्रनारायण श्रेष्ठ	सचिव	बाकामलाङ्ग–५,पाल्पा		देहान्त भएको
७	विष्णुदेवी पाण्डे	कोषाध्यक्ष	बाकामलाङ्ग–३,पाल्पा	त्रिवेणी, नवलपरासी	सदस्य छोडी बसेको
८	रितुराम सोती	उपसचिव	बाकामलाङ्ग–४,पाल्पा	देउराली, नवलपरासी	सल्लाहकार संयोजक
९	भिमबहादुर अधिकारी	सदस्य	बाकामलाङ्ग–६,पाल्पा	बाकामलाङ्ग–६,पाल्पा	सदस्य छोडी बसेको
१०	नारायणप्रसाद पोखरेल	सदस्य	बाकामलाङ्ग–७,पाल्पा	देउराली, नवलपरासी	सदस्य छोडी बसेको
११	खिपिराम राना	सदस्य	बाकामलाङ्ग–५,पाल्पा	बाकामलाङ्ग–५,पाल्पा	आजीवन सदस्य
१२	भिमबहादुर लामिछाने	सदस्य	बाकामलाङ्ग–१,पाल्पा	बाकामलाङ्ग–१,पाल्पा	आजिवन सदस्य
१३	रिखुलाल राना	सदस्य	बाकामलाङ्ग–२,पाल्पा	बाकामलाङ्ग–२,पाल्पा	सदस्य छोडी बसेको
१४	देवकुमारी राना	सदस्य	बाकामलाङ्ग–५,पाल्पा	काठमाण्डौ	सदस्य छोडी बसेको